जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ८ अंक ४, २०७६ साल वैशाख २७ गते शुक्रबार, नेपाल संवत् ११३९ (May 10, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## अस्तित्व रक्षामा कांग्रेस

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संगठन सुदृढीकरणका साथै सरकारविरुद्ध तीन चरणको अभियान सुरु गरेको छ । प्रतिनिधि र प्रदेशसभामा निर्वाचनमा पार्टीले शर्मनाक पराजय व्यहोरेपछि कांग्रेसले आन्तरिक विवाद थाँती राख्दै पहिलो पटक देशव्यापी राष्ट्रिय जागरण अभियान सुरु गरेको हो । केन्द्रदेखि वडा तहसम्मका संगठन एकैसाथ परिचालन गर्ने उद्देश्यले अभियान सुरु गरेको कांग्रेसले ओली नेतृत्वको कम्युनिस्ट सरकारविरुद्ध कार्यक्रम केन्द्रित गर्ने भएको छ ।

सरकारका बाँकी ८ पेजमा

## स्थानीय-प्रहरी झडप

काठमाडौं । चाबहिल-बौद्ध-जोरपाटी सडकखण्ड मर्मत नभएको भन्दै स्थानीय र व्यापारीले हिजो बिहानदेखि सडक अवरुद्ध गरे । शंख फुकेर विरोधमा उत्रिएका स्थानीय र व्यापारी सडकमा टायर बालेर अवरोध जनाएका थिए ।

प्रदर्शनका क्रममा स्थानीय र प्रहरीबीच झडप भएको छ। आन्दोलनमा उत्रिएका स्थानीयमाथि प्रहरीले अश्रुग्यास प्रहार गरेपछि तनाव उत्पन्न भएको छ । बिहानैदेखि सडक अवरुद्ध भएपछि साँखु, मेलम्ची र गोकर्णबाट रत्नपार्क, चक्रपथ र कोटेश्वर जाने सवारी साधनलाई जोरपाटी चोकबाट बाँकी ८ पेजमा

# श्रीपेचबिनाको "राजतन्त्रको भूत"

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले संसदमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा शाही शासनकालकै शैलीमा नेपाल सरकारलाई २१ पटक 'मेरो सरकार' भनिन् । यसले नेपालमा गणतान्त्रिक व्यवस्था होइन, सामन्यवादी अर्थराजनीतिक व्यवस्था कायम रहेको झल्को दिएको छ । नेपाल सरकारको निजीकरण 'मेरो सरकार' भएपछि आम नागरिक पनि स्वतः रैती र प्रजा भए नै । २००७ सालमा नेपाली कांग्रेसले गरेको सशस्त्र क्रान्तिले राणा शासन ढलायो । तर प्रजातन्त्रको घोषणामा राजा त्रिभुवनले 'हाम्रो इच्छा र निर्णयमा मन्त्रिमण्डल बनाएको भनेर गर्व गरे । 'आगे हाम्रा मुलुकका...प्यारा प्रजाहरु गैह्रके यथोचित' भन्दै श्री ५ महाराजाधिराजहरु रैतीमाथि निरंकुश शासन चलाउँथे । आफ्ना खुसीले श्री ५ को सरकार बनाउँथे । अनि चित्त नबुझे बिगार्थे । २०४७ अघिसम्म राजाहरु संविधानभन्दा माथि थिए । सार्वभौमसत्ता राजामै निहित थियो । जननिर्वाचित सरकारलाई पनि राजाहरु आफ्नो अर्थात् 'श्री ५ को सरकार' ठान्थे । राजा, प्रचण्ड प्रतापी भूपति' थिए । नेपाल देश उनीहरुको निजी जमिन थियो र नेपाल भूभागमा बस्ने जनता उनीहरुको प्रजा थिए । शाह राजाहरु देशलाई आफ्नो पुर्खाको आर्जनका रुपमा लिन्थे । नेपाल एकीकरणमा जनताको भूमिकाको कदर गर्न चाहँदैनथे । जनता अजेय शक्ति हुन् भन्ने हेक्का राजाहरुमा कहिल्यै रहेन ।

२०६२।६३ को १९ दिने वसन्त आन्दोलनले देशमा संविधानसभा निर्वाचनलाई सम्भव बनाइदियो । संविधानसभाको पहिलो बैठकले २३८ वर्ष पुरानो सामन्तवादको प्रतीक राजसंस्थाको विघटन गर्दै देशमा गणतन्त्रको घोषणा गर्‍यो । त्यसो त राजाद्वारा पुनःस्थापित प्रतिनिधिसभाले नौबुँदे घोषणा जारी गर्दै राजाका अधिकारहरु कटौती गरी संसद र मन्त्रिपरिषद्मा स्थान्तरण गरिसकेकोृ थियो । राजाको उपस्थिति जनाउने श्री ५ को सरकारको ठाउँमा 'नेपाल सरकार' भनियो । नेपाली सेनाका अगाडि प्रयुक्त 'शाही' शब्दावली हटाइयो । 'प्रज्ञाप्रतिष्ठान, वायुसेवा निगम, राजदूताबासलगायत सरकारी र अर्धसरकारी निकायबाट 'शाही' शब्दावलीलाई हटाइयो । देशलाई धर्मनिरपेक्ष राज्य घोषणा गरियो । राष्ट्रिय



गान परिवर्तन हुने भयो । अभूतपूर्व राजनीतिक महत्वको यो घोषणा गणतन्त्रको पूर्वाभ्यास थियो । वास्तवमा यसै घोषणाबाट नेपाली जनता 'डिफ्याक्टो रिपब्लिक' भएका थिए । वास्तवमा यो घोषणा राजाविरुद्ध क्रान्ति सफल भएको र अगाडिको गन्तव्यका लागि प्रारम्भिक उद्घोष थियो ।

सात संसदीय दल र माओवादीको सहभागितामा अन्तरिम संविधान बन्यो र माघ १ मा घोषणा भयो । अन्तरिम संविधानमा राजसंस्था भन्ने खण्ड नै राखिएन । राजासम्बन्धी कुरालाई संक्रमणकालीन व्यवस्थाभित्र राखियो र भनियो 'मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहेको छैन ...' राजसंस्था राख्ने कि नराख्ने सम्बन्धमा संविधानसभाको पहिलो बैठकमा साधारण बहुमतबाट निर्णय गरिनेछ । २०६४ पुसमा संविधानको तेस्रो संशोधन भयो जसले संक्रमणकालीन खण्डमा रहेको 'राजासम्बन्धी व्यवस्था' शीर्षक नै बदलेर 'राष्ट्र प्रमुख' सम्बन्धी व्यवस्था' राखियो र सोही अन्तर्गत 'नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ' भनेर लेखियो । अब राजा राख्ने नराख्ने कुरा होइन, संविधानसभाको पहिलो बैठकले गणतन्त्र कार्यान्वयन गर्नुपर्ने भनेर लेखियो । आखिर २०६४ जेठ १५ गतेको संविधानसभाको पहिलो बैठकले 'नारायणहिटी दरबारमा रहेको राजा र उनको निजी सचिवालय संरचना समेत १५ दिनभित्र खाली गर्नु भन्ने आदेश दियो । संविधानसभाको यो निर्णयको पालना गर्दै राजा ज्ञानेन्द्र चुपचाप नागार्जुनतिर लागे । शान्तिपूर्ण तवरले बिना रक्तपात नेपाल गणतन्त्रमा प्रवेश गर्‍यो ।

राजसंस्थाको खारेजीपछि संविधानले राष्ट्राध्यक्ष वा राष्ट्र प्रमुखका रुपमा 'सेरेमोनियल राष्ट्रपति' को व्यवस्था गर्‍यो । मधेसी समुदायका नेपाली कांग्रेसका नेता बाँकी ८ पेजमा

## रोकियो नागरिकता वितरण

काठमाडौं । सर्वोच्च अदालतले जन्मका आधारमा नागरिकता पाएका सन्तानलाई वंशजको नागरिकता दिने सरकारको निर्णय कार्यन्वयनमा पुनः रोक लगाएको छ । पूर्ण इजलासबाट सुनुवाई गरेपछि मात्र यस विषयमा आदेश दिन सकिने भन्दै त्यस बेलासम्म सो निर्णय कार्यन्वयन नगर्न आदेश दिएको हो । गृह मन्त्रालयले गत चैत १९ गते जन्मका आधारमा नागरिकता पाएकाको सन्तानलाई बाबुआमाको नेपाली नागरिकता लिएर बाँकी ८ पेजमा

## डुब्दै नेवानि

काठमाडौं । ब्याजको भारमात्र अरबौं रुपैयाँ बोकेको नेपाल एयरलाइन्समा दैनिक तलबभत्ता वितरण गर्न पैसा अभाव भएपछि सरकारले तत्काल ३ अर्ब रुपैयाँ दिने तयारी गरेको छ । एयरबस ए३३० जहाज किन्न लिएको ऋणको किस्ता तिर्न नै २ अर्ब बढी रुपैयाँ बाँकी रहेको सरकारी स्वामित्वको एयरलाइन्सलाई तत्कालका लागि समस्या समाधान गर्न चालु वर्षको बजेटमा खर्च हुन नसकेको शिर्षकबाट बाँकी ८ पेजमा

## औचित्यहीन भ्रमण



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली दक्षिणपूर्वी एसियाली मुलुक भियतनाम र कम्बोडियाको भ्रमणमा छन् । उनी भियतनामका प्रधानमन्त्री न्युगेन सुआन फुकको निमन्त्रणामा भियतनाम पुगेका हुन् । वैशाख ३० गतेसम्म हुने भ्रमणका बाँकी ८ पेजमा

## प्रशिक्षण सम्पन्न





काठमाडौं । आवाजका लागि युवा (YAV) नेपालले हालै वालक्लव गठन व्यवस्थापनसम्बन्धी दुई दिने प्रशिक्षण सम्पन्न गरेको छ । सुरेन्द्र ढकाल फाउण्डेसनको आर्थिक तथा कन्सोर्टियम नेपालको प्राविधिक सहयोगमा गत मंगलबार शुरु भई बुधबार समापन भएको उक्त कार्यक्रमको उद्घाटन फाउण्डेसनका अध्यक्ष सुरेन्द्र ढकालले प्रमुख अतिथिको रुपमा गर्नुभएको थियो ।

उक्त अवसरमा आफ्नो मन्तब्य राख्दै वालअधिकार प्रत्याभूति गर्न र गराउन वडास्तरमा सामुदायिक वालक्लव र हरेक सामुदायिक विद्यालयमा विद्यालयस्तरको वालक्लव हुनैपर्ने र स्थानीय स्तरमा



गठित वाल संरक्षण समितिमा यस्ता वालक्लवहरुलाई सक्रिय रुपमा सहभागी गराउनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

पूर्व वालक्लवमा रही कार्य गरी किशोर किशोरी अवस्थामा पुगेकाहरुलाई यस किसिमको बाँकी ८ पेजमा

## ९ महिनामा व्यापारघाटा १० खर्ब

काठमाडौं । यस आर्थिक वर्षको ९ महिना (साउनदेखि चैत) मा व्यापार घाटा ९ खर्ब ९१ अर्ब रुपैयाँ पुगेको छ। आयात उच्च दर वृद्धिको तुलनामा निर्यात सुस्त हुँदा व्यापार घाटा चुलिएको हो। अघिल्लो आर्थिक वर्षको ९ महिना अवधिसँग तुलना गर्दा २२ प्रतिशतले व्यापार घाटा बढेको भन्सार विभागले जनाएको छ। चैतको वैदेशिक व्यापार घाटा एक खर्ब ३ अर्ब रुपैयाँ छ।

अहिलेकै दरमा व्यापार घाटा वृद्धि भए यो आर्थिक वर्षको अन्त्यसम्म १४ खर्ब ३० अर्ब व्यापार घाटा हुने अनुमान छ। यो आकार चालु आर्थिक वर्षको बजेटभन्दा ठूलो हो। सरकारले १३ खर्ब १५ अर्ब रुपैयाँको बजेट ल्याएकोमा मध्यावधि समीक्षामा गरिएको संशोधित अनुमानअनुसार ११ खर्ब ९९ अर्ब रुपैयाँ खर्च हुनेछ।

सरकारले विलासी वस्तु तथा गुणस्तरहीन वस्तुको आयात निरुत्साहित गर्ने भने पनि आयातमा आधारित राजस्व नीतिका कारण कडाइ गर्न सकेको छैन। सवारीसाधनमा २२९ प्रतिशत हाराहारीमा कर र बैंकले दिने ऋणमा पनि मूल्यको ५० प्रतिशत मात्र ऋण दिन पाइने व्यवस्थाले पनि सवारीसाधन आयात निरुत्साहित गरेको छैन।

नेपाल राष्ट्र बैंकले दुई वर्षअघि गरेको अध्ययनमा सरकारले गर्ने खर्चको ७१ प्रतिशत आयातका लागि बाहिरिने गरेको थियो। विकास खर्चतर्फको रकम भने मूल्य अभिवृद्धिमा उपयोग हुन्छ। संघीय संरचनाअनुसार तीन तहको सरकार गठनसँगै तल्लो तहका सरकारमा सवारीसाधन खरिद फेसन बनेको छ।

नेपाल राष्ट्रबैंकका कार्यकारी निर्देशक नरबहादुर थापा पुँजी निर्माण गर्ने प्लान्ट, मेसिनरी प्रविधि, हवाईजहाजजस्ता आयातले अर्थतन्त्रको उत्पादनशील क्षमता वृद्धि गर्ने बताउँछन्। 'तर उपभोग्य वस्तु आयातबाट व्यापार घाटा चुलिँदा त्यसले विदेशी मुद्रा सञ्चितिमा चाप पर्नुका साथै शोधनान्तर थप ऋणात्मक भई बाह्य क्षेत्र स्थायित्वमा दबाब सिर्जना हुन्छ,' उनले भने, 'बैंक-वित्तीय संस्थामा तरलतामा दबाब हुन्छ।'

उनले आगामी बजेटले तत्काल उत्पादन वृद्धिमा जोड दिएर सम्भव हुने वस्तुको आयात प्रतिस्थापन गर्नेमा केन्द्रित गर्नुपर्ने बताए। 'माथिल्लो तामाकोसी जलविद्युत् आयोजना समयमा सम्पन्न गर्नसके भारतबाट बिजुली आयात गरिरहनुपर्ने बाध्यात्मक अवस्था रहँदैन,' उनले भने, 'विद्युत् उत्पादन बढाएर पेट्रोलियम प्रयोगलाई कम गर्ने उपाय हेर्नुपर्छ। 'आगामी बजेटले आयात प्रतिस्थापन गर्ने वस्तु उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, उत्पादनमा अनुदान दिएर पूर्वाधार विस्तार गरेर या प्राविधिक सहयोग दिएर उत्पादन बढाउनुपर्ने उनको सुझाव छ।

भन्सार विभागको तथ्यांकअनुसार साउनदेखि चैतसम्म कुल १० खर्ब ६१ अर्ब रुपैयाँ आयात भएको छ। निर्यात करिब ७० अर्ब रुपैयाँ हाराहारीमा छ। आयातनिर्यातको हिस्सा विश्लेषण गर्दा नेपालले १ रुपैयाँ मूल्यको वस्तु निकासी गर्दा १५ रुपैयाँ २० पैसा बराबरको वस्तु बाँकी ८ पेजमा

## आर्थिक सहयोग



काठमाडौं । गत बैशाख २१ गते शनिबारका दिन सुरेन्द्र ढकाल फाउण्डेसनले गंगालाल अस्पतालमा भर्ना भई मुटुको शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका बिरामी भुपेन्द्र विकलाई रु २०,००० को सहयोग गरेको छ । कैलाली जिल्ला घोडाघोडी नगरपालिका निवासी श्री विकलाई काठमाडौं ल्याई उपचार गराउने कार्यमा लाग्नुभएका सागर विकको अनुरोधमा फाउण्डेसनले उक्त सहयोग गरेको हो ।

बिरामी विकको आर्थिक अवस्था ज्यादै कमजोर भएको र उक्त शल्यक्रियाको लागि एक लाखभन्दा बढी रुपैयाँ लाग्ने भएको कारण फाउण्डेसनले आफूले सहयोग गर्नुको अतिरिक्त अन्य समाजसेवी व्यक्ति तथा संस्थाहरुलाई सहयोग गर्न अपिल गरेको छ । उक्त सहयोग रकमको चेक एक समारोहबीच फाउण्डेनका अध्यक्ष सुरेन्द्र ढकालले सागर विकलाई हस्तान्तरण गर्नुभएको थियो ।

**समय-सन्दर्भ**

## दलहरूको राष्ट्रियताप्रेम सक्कली कि नक्कली ?

- अमूल्य थारू

राष्ट्रियता जस्तो संवेदनशील र गम्भीर विषयलाई नेपालका अधिकांश नेताहरुले अत्यन्त सतही रुपमा लिएका छन् । वचन र व्यवहारमा तालमेल नदेखिँदा राजनीतिक दलका घोषणापत्र एवं प्रवचनमा 'राष्ट्रियता' ओठेभक्ति जस्तो मात्र देखिने गरेको छ । राष्ट्रियतासँग प्रत्यक्ष र परोक्ष सरोकार रहने सिमाना, भाषा, परम्परा, संस्कृति, जातीय विविधता, राष्ट्रिय एकता, अखण्डता, सार्वभौमसत्ता र मौलिकताका बारेमा समेत शीर्ष नेताहरु त्यति गम्भीर देखिएका छैनन् । उनीहरुले धरातलीय यथार्थलाई आत्मसात गरेर राष्ट्रियतालाई राजनीतिको केन्द्रबिन्दु र प्राथमिकताको विषय बनाउन सकेका छैनन् । यो हाम्रो ठूलो दुर्भाग्य हो ।

सन् १९३० को अन्त्यतिर जापान पुगेका भारतका राष्ट्रवादी नेता सुवासचन्द्र बोसले राष्ट्रवादका बारेमा दिएको प्रवचन सुनेपछि धेरै जापानी मन्त्रमुग्ध भएका थिए । प्रवचन सकिएपछि एकजना पूर्व जर्नेलले भनेछन् -"तपाई जस्तो राष्ट्रवादी, प्रखर वक्ता र कुशल नेता भारतको राष्ट्रपति हुनैपर्छ ।"

जापानी मित्रको कुरा सुनेपछि सुवासचन्द्रले हाँस्दै जवाफ दिएछन् -"सदाशयका लागि धन्यवाद छ । तर, भारतको भावी राष्ट्रपति को हुने भनेर विदेशी मित्रहरुले निर्क्योल गर्न मिल्दैन । यसबारेमा भारतका जनतालाई नै निर्णय गर्न दिनुपर्छ । त्यो प्रजातान्त्रिक पद्धति हो ।"

राष्ट्रियताका सवालमा असल नेताले कहिल्यै कसैसँग सम्झौता गर्दैन । राष्ट्र संकटमा परेका बेलामा विदेशीको नैतिक समर्थन लिन खोज्नु बेग्लै कुरा हो तर अहोरात्र विदेशी शक्तिकै बलमा शासन गर्न खोज्नु राष्ट्र र जनताका लागि लज्जाको कुरा हो । कूटनीतिक मर्यादा उल्लंघन गरेर नेपालमा नेताहरुको मार्गदर्शक बन्न खोज्ने विदेशी कूटनीतिक नियोगहरुले पनि नेपाल स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो भन्ने कुराको हेक्का राख्नैपर्छ । 'आन्तरिक मामिलामा हस्तक्षेप' तथा 'कूटनीतिक सहयोग' बीचमा ठूलो अन्तर हुन्छ । नेपालमा भने ती दुई शब्दावलीबीच भिन्नता देखिदैन । नेपालका जल्दाबल्दा राजनीतिक समस्याबारे राजनीतिक दलका कार्यालय, संसद र मन्त्रिपरिषद्मा छलफल हुनुपर्नेमा विदेशी राजदूतका निवासमा गएर नेताहरुले निर्लज्ज तरिकाले समस्याको पोको फुकाउने गरेको पाइयो । स-साना समस्यामा पनि नेताहरु विदेश धाउने प्रवृत्ति छ । यसले हाम्रो सार्वभौमसत्तामाथि गंभीर प्रश्नचिन्ह देखिन थालेको छ ।

नेपालको पछिल्लो राजनीतिक अवस्था जति जटिल देखिएको छ, त्यत्तिकै रहस्यमय, क्लिष्ट, अपारदर्शी तथा संकटग्रस्त बन्दै गएको छ । बढ्दो हिंसा, अराजकता र असुरक्षाले राजनीतिक भविष्यलाई धुमिल बनाएको छ । नेकपा माओवादी कार्यकर्ताहरुका उग्र, उच्छृंखल तथा अराजक व्यवहारले पचासौं ठाउँमा अप्रजातान्त्रिक शैली निर्वस्त्र देखिएको छ भने पार्टीका शीर्ष नेताहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थन बटुल्न राष्ट्रियताको भाषण मात्र गरिरहेका छन् । व्यवहारमा उनीहरु राष्ट्रवादी देखिएका छैनन् ।

यी सबै घटनाक्रम र विदेशी शक्तिकेन्द्रहरुसँग सत्ताशीन नेताहरुको समागमले नेपालमा राष्ट्रियताको नारा केवल जनतालाई झुक्याउने मोहनीमन्त्र जस्तो बन्न पुगेको छ । नेतृत्वपंक्ति नै राष्ट्रियताप्रति इमान्दार नभएको प्रमाण मिलेको छ ।

बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाई
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सहसम्पादक** घनश्याम ओली
**बजार व्यवस्थापन** रामशरण रिमाल
सम्पादन सहयोगी : गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल
**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# सरकारको नीति कार्यक्रम : बम्बैको लड्डु



**सुरेन्द्र ढकाल**

१९।२० सालतिरको कुरा हो । म ५।६ वर्षको थिएँ । त्यतिखेर रक्सौल, मोतिहारीतिरका भारतीयहरु घाँटीमा सिसाको बाकस झुण्ड्याएर त्यसभित्र हल्का रातोरंगको भुवादारी चिज राखेर बम्बैका लड्डु भन्दै घण्टी बजाउँदै कराउँदै ढोका ढोका चहार्थे । त्यतिखेर तामाको ५ पैसे ढ्याक चलनचल्तीमा थियो । त्यो ५ पैसाको २ वटा बम्बैका लड्डु आउँथ्यो । मुखमा नअटने लड्डु मुखमा हाल्न पाकोछैन फुस्स विलाइ हाल्थ्यो । हल्का गुलियो स्वाद भएको त्यो लड्डु मैले पनि २।३ पटक खाएँ तर मुखमा हाल्ने बित्तिकै बिलाउने कारण मैले खान छोडे ।

गणतन्त्र नेपालको सरकारले पोहोरसाल पनि संघीय संसदमा नीति तथा कार्यक्रम ल्याएकै हो । सो नीति तथा कार्यक्रम कार्यान्वयन गर्न भनेर सरकारले १३ खरबको बजेट पनि ल्याएकै हो । तर सरकार यति असक्षम रह्यो कि त्यसले अहिले वैशाख सकिएर जेठ लाग्ने बेला भइसक्दा विकासको बजेटको ३० प्रतिशत पनि खर्च गर्न सकेको छैन ।

बम्बैको लड्डुको रुपमा जसरी पोहर साल नीति तथा कार्यक्रम र ठूलानेआकारको वजेट आयो आर्थिक वर्ष सकिन लाग्दा नेपाली जनताको लागि त्यो जिब्रोमै विलाउने बम्बैका लड्डु सावित भएको छ । यही क्षणिक गुलियो खुवायर सरकार अति नै सफल रहेको देख्ने प्रधानमन्त्री ओली, उनको डवल नेकपाको भ्रष्ट, असक्षम र राष्ट्रघाती सरकार अनि त्यो गुलियो खान पाएर लोभिएका नेपाली जनताको स्वस्थ मानसिक अवस्था बुझेर नै होला यसपालिको नीति कार्यक्रमको आकार र बजेट दुवै बढ्न गई १५ खरव खर्च गर्ने सपना बाँड्न सरकार अघि सरेको बुझिएको छ ।

देश संघीयतामा गइसक्यो भनेर झ्याली पिटाइन्छ तर केन्द्रमा खानेपानी अनि पशुपंक्षी मन्त्रालय समेत रहनुले सरकार आफैं संघीयता चाहँदैन भन्ने कुरा स्पष्ट हुँदैन र ? साँच्चैको संघीयता लागू गर्ने हो भने केन्द्रमा गृह, रक्षा, अर्थ, परराष्ट्र, यातायात संचार र आयात निर्यात (वाणिज्य तथा आपूर्ति) मन्त्रालय मात्रै रहनुपर्ने हो । बाँकी सबै मन्त्रालयहरु प्रदेशको जिम्मामा दिनुपर्ने हो । तर सरकार त्यसो गर्न सक्तैन भने प्रदेश खारेज गरी केन्द्रबाट सोझै स्थानीय सरकार रहने आधारभूत संघीयतामा जान किन चाहँदैन ? प्रदेशलाई कामै नदिई पेण्डुलम बनाउनुको अर्थ के हो ? यदि विकास बजेट शत प्रतिशत खर्च गर्ने हो भने प्रदेशलाई नै आफ्नो विकास नीति, कार्यक्रम र बजेट बनाउन दिनुपर्दछ र सोअनुरुप समयमा नै बजेट विनियोजन गर्नुपर्ने बाध्यकारी नियम कानुन बनाई लागू गर्नुपर्दछ ।

हुनत जुन तहमा स्थानीय सरकार शशक्तिकरण हुन पुगेको छ त्यसलाई देखेर जनताले सिंहदरबार स्थानीय तहमा आएको नभै सिंहदरबारमा बस्नेहरुको शान, शौकत र विलासिता अनि भ्रष्टाचार जस्ता कुराहरु चाहिँ स्थानीय स्तरमा पुगेको र त्यसैको कारण जनताले कहाली लाग्दो कर तिर्नु परेको गुनासो पोख्न थालेको अवस्थामा भोलि शुरु हुने जनयुद्धको पहिलो निशाना गाउँ र नगरपालिकाका कार्यालय र तिनका पदाधिकारी र कर्मचारीहरु पर्न गएमा अचम्म नमान्दा हुन्छ । यसो भएमा त्यस्तो परिवर्तनले ल्याउने प्रणाली चाहिँ कस्तो रुपको हुन्छ होला भन्ने कुरा सायद नया जनयुद्ध शुरु गर्न चाहनेहरुको खोपडीमा पनि छैन होला । जब अग्रगमनले बाटो पहिल्याउन सक्तैन तब प्रतिगमान बाध्यकारी हुन्छ भन्ने प्राकृतिक सत्य हो । बम्बैको लड्डुको आकारको सरकारको नीति कार्यक्रम र बजेट ठूलो हुने तर त्यसको प्रभाव जिब्रोमा नै सिमित भई पेटसम्म नपुग्ने गणतान्त्रिक व्यवहारलाई नेपाली जनताले कहिलेसम्म आफनो कांध थाप्ने हो त्यो त समयले नै बताउला ।

बजेटले घोषणा गरेको रकम सरकारले पूर्णरुपमा खर्च गर्न नसक्नु र गरेको रकमको पनि ५० प्रतिशतभन्दा बढीलाई संबैधानिक अंग महालेखा परीक्षकले बेरुज देखाउनु अनि ३५ अरबभन्दा बढी भ्रष्टाचार भएको ठहर गर्नुले सरकार कति असक्षम र भ्रष्ट छ भन्ने कुरा सोझै प्रमाणित भइरहेको अवस्थामा गणतान्त्रिक सरकारको यसवर्षको नीति कार्यक्रम र बजेटले पनि बम्बैका लड्डुकै आभाश दिन लागेको छ भन्ने कुरा राष्ट्पति विद्याको 'मेरो सरकार' ले राम्रै छनक दिएको छ ।

## सम्पादकीय

# कार्यक्रम, नारा र सपनाको पुलिन्दा


राष्ट्रपति विद्यादेवी भण्डारीले संसदमा प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रम महत्वाकांक्षी देखिएको छ । सरकारको यस कार्यक्रमलाई विपक्षी दल नेपाली कांग्रेसले आश्वासन मात्रै भएको बताएको छ । चार वर्षे कार्यकाल पाएको सरकारले आफैंले उल्लेख गरेका कार्यक्रमहरू पूरा गर्नेमा त्यसै पनि सन्देह हुनु स्वाभाविक छ । सपना र नाराहरू रहरलाग्दा भए पनि पुँजीगत खर्चमा अपेक्षाकृत प्रगति नभइरहेको अवस्थामा स्रोत जुटाउने र जोगाड गर्ने योजनाबिनाको नीति तथा कार्यक्रम भरलाग्दो छैन । नीति तथा कार्यक्रममै स्वीकार गरिएको छ– पुँजीगत खर्च वृद्धिमा अपेक्षाकृत सफलता हासिल भएको छैन, आयोजनाहरू समयमै सम्पन्न गर्न सकिएको छैन । यसो हुनुमा परम्परागत कार्य संस्कृति, कानुनी जटिलता र कमजोर जवाफदेहितालाई जिम्मेवार ठहऱ्याइएको छ । यदि यस्तो हो भने अबका वर्षमा यी गैरजिम्मेवारी अन्त्य कसरी गरिन्छ ? त्यो उपायबारे नीति तथा कार्यक्रम मौन छ ।

एक वर्षमा जम्मा ३५ हजार मात्र रोजगारी सिर्जना भएको मुलुकमा रोजगार कार्यक्रमसहित अन्य रोजगारदाता निकायहरूमा आगामी वर्ष थप पाँच लाखलाई रोजगारीको व्यवस्था गरिने भनिएको छ, यसलाई कसरी पत्याउने ? दिनहुँ हजारदेखि पन्ध्र सय युवाहरू रोजगारीका लागि खाडी मुलुक लगायत अन्य देशहरूमा श्रम बेच्न गइरहेका छन् । देशभित्र रोजगारीको अवस्था सिर्जना हुनेमा युवाशक्ति विश्वस्त छैन । रेलमार्ग, पानीजहाजका योजना मात्रै छैनन् राजमार्गमा आपतकालीन हवाई अवतरणका विषय समेत छन् । एउटा मात्र अन्तर्राष्ट्रिय विमानस्थललाई राम्ररी सञ्चालन गर्न नसकेको सरकारले ठूला सडकमा आपतकालीन हवाई अवतरणको व्यवस्था मिलाउला भनेर पत्याउन सकिन्छ ? युरेनियम उत्खननका लागि मापदण्डको हेक्का राखिएको छैन तर युरेनियम उत्खननको सपना छ । वार्षिक कार्यक्रममा ३ वर्ष ४ वर्ष ५ वर्ष यस्तो गर्छौं उस्तो गर्छौं भनिएको छ । जबकि सरकारको कार्यकाल अब चार वर्ष मात्र बाँकी छ ।

नीति तथा कार्यक्रम कम्युनिस्ट सरकार आगामी वर्षहरूमा नेपाललाई कता लैजान चाहन्छ भन्ने जान्न एउटा आँखीझ्याल हो । र, नेपाल कम्युनिस्ट पार्टीले कस्तो नेपाल बनाउन चाहेको हो भन्ने धारणा बुझ्न सहयोग गर्ने दस्तावेज पनि हो । नीति तथा कार्यक्रममा सन् २०३० सम्म मध्यस्तर र २०४३ सम्मका उच्च मध्यस्तरको आय भएको मुलुकमा रूपान्तरण गर्ने लक्ष्य छ । गरिबीको अन्त्यदेखि मुलुकलाई अन्तर्राष्ट्रिय निकायमाझ विभिन्न तहमा पुऱ्याउनेसम्मका प्रतिबद्धता छन् । समुद्रमा नेपाली झन्डावाहक पानीजहाज सञ्चालनमा ल्याउने जस्ता केही हावादारी बुँदाहरू पनि कार्यक्रममा राखिएका छन् । यद्यपि पूर्व पश्चिम विद्युतीय रेल वे निर्माणको थालनी बुढीगण्डकी जलविद्युत्, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, सुनकोसी–मरिन डाइभर्सन लगायत आयोजनाको काम बढाउने, तीनवटै पूर्वपश्चिम जोड्ने राजमार्ग चार वर्षभित्र निर्माण सम्पन्न गर्ने जस्ता केही प्रस्तावहरू सकारात्मक छन् । तर नीति निर्माण तहदेखि तल्लो तहसम्म संस्थागत भएको भ्रष्टाचारलाई शून्य सहनशीलतामा नझारेसम्म विकास निर्माणका कामहरू समयमा पूरा हुन सक्दैनन् भन्ने दृष्टान्त मेलम्ची पानीले दिएको छ ।

स्नातक अध्ययन गरेका युवालाई आफ्नो माटो चिन्न एक वर्ष सामाजिक सेवामा परिचालन गर्ने र विद्यालय खाजा कार्यक्रममार्फत सीमान्तकृत समुदायका सबै बालबालिकालाई विद्यालयतिर आकर्षित गर्ने, हरेक स्थानीय तहमा एक चिकित्सक पठाउने योजना दीर्घकालीन रूपमा महत्वपूर्ण मान्न सकिन्छ । सामाजिक सुरक्षा भत्ता र कर्मचारीको तलबवृद्धिले राष्ट्रिय ढिकुटीमा भार त बढ्छ नै त्यसले उत्पन्न गर्ने महँगीले सर्वसाधारण जनताको ढाड सेक्ने भने निश्चित छ । नीति तथा कार्यक्रमको कमजोर पक्ष भनेको संघीयतालाई बलियो बनाउन अत्यन्त जरूरी मानिएको प्रदेश र स्थानीय सरकारलाई संस्थागत रूपमै सक्षम बनाएर उनीहरूमार्फत समाजको आर्थिक तथा सामाजिक रूपान्तरणमा आम नागरिकलाई सहभागी बनाउने विषयमा उपेक्षा हो । यसले वर्तमान सरकार संघीयताप्रति त्यति प्रतिबद्ध छैन भन्ने आरोपलाई बल पुऱ्याउँछ । नीति तथा कार्यक्रमले परिणाम दिने र कार्यान्वयन हुने माध्यम जेठ १५ गते प्रस्तुत हुने बजेट हो । नीति तथा कार्यक्रमलाई आधार मानेर बजेट ल्याइए राजस्व संकलन कम भइरहेको अवस्थामा वितरणमुखी कार्यक्रमले प्राथमिकता पाउने देखिन्छ । देशको पहिचान र क्षमता बढाउने कार्यक्रम सरकारले ल्याउन सकेको छैन । बढ्दो आयातलाई प्रतिस्थापन गर्न स्रोत साधन प्रयोग गरी उत्पादन बढाउने कार्यक्रम सरकारले ल्याउन नसक्नुले नीति तथा कार्यक्रम खासै उत्साहप्रद छैन कर्मकाण्डी जस्तै छ ।

# श्रीमद् भगवद्गीताको सर्वव्यापकता (५)



**जगदीश लामिछाने**
रौतहट, पौराई

भगवान् भन्नुहुन्छ- अब ज्ञान र विज्ञानले परिपूर्ण कुरा गरौं । यो जान्नैपर्ने सजिलो र प्रत्यक्ष पनि छ । तिमी गुणलाई बैगुन भनेर आरोप लगाउँदैनौ भने यो ज्ञान लुकेर बस्यो नभनौं सजिलैसँग प्राप्त गर्न सकिन्छ । केवल श्रद्धासहित खोज्नु मात्र पर्छ । श्रद्धा नहुँदा नभेटिएको हो । यो जगतभरि व्याप्त छ । जगत र्जीवत र निर्जीव सबैलाई भनिन्छ । आकाशमा वायु जस्तै भएर यो बसेको छ । आकाश नै ईश्वर भन्ने गरौं । यो युग सकिएपछि ईश्वरमै जगत मिल्न जान्छ र फेरि सृष्टि हुँदा पनि ईश्वर निर्लिप्त भएजस्तो हुने हो । हामी यस्तो प्रकृतिको आउने जाने धन्दाको बन्धनमा बस्नु हुँदैन । सदैव ईश्वरकै कीर्तन गरौं । कोही ज्ञान यज्ञले कसैले अर्कै र धेरै ईश्वर मानेरै पनि अघि बढेका हुन्छन् । अरु देवता पितृ औषधि मन्त्र आदितिरै लागेका पनि ईश्वरतिरै लागेका हुन् । कोही ज्ञानले कसैले कर्म कसैले अर्कै रुपले पनि धाउने नै हुन् । आमा बाबु बराजु ॐकार आदि ईश्वरमय नै मान्दै जाँदा राम्रो हुन्छ । निवास र शरण साथीसम्म र बिजको कारण सर्वहितैषी मात्र मानौं अमृत र मृत्युमा भेद छुट्याई नहेरौं सत र असतमा पनि गुण नखोजौं ।

श्रद्धा गरेर यस्ता धेरै बाटातिर हिँडेकाहरुले आफ्नो उद्देश्य पूरा गरेपछि फर्केर आउनुपर्छ । फेरि आफ्नै मनको ईश्वरले योगक्षम (जाने बाटो) देख्नेछन् र आफ्नै ईश्वरतर्फ लागेर यो भवसागरमा नफर्कने ठाउँमा जान पाउँछन् ।

मुख्य कुरो पात फूल, फूल जल जे छ मलाई नै भक्तिसाथ समर्पण गरियो र काममा पनि यसैगरी स्वार्थ राखिएन भने राम्रो हुन्छ । जे खाँदा जे यज्ञ गर्दा दिँदा र तपस्या गर्दा पनि मलाई अर्पण गर्नुपर्छ । यत्ति गरेपछि शुभै भए पनि अशुभै परिणाम भए पनि आफू कर्मको बन्धनमा पर्नु पर्दैन । यसैलाई संन्यास भनिन्छ । यो जगतमा ईश्वरले सबैलाई समान देख्छ । यसैले एकै ईश्वर मानी भजन गर्नेहरुलाई म आफैं हुँ भनेको हुँ । त्यति मात्र हैन ती भजन गर्नेहरुमै म आफैं बसेको हुन्छु । कत्तिसम्म भने ज्यादै दुराचारी पनि मेरो भक्तिमा लाग्यो र अविचल रह्यो भने साधु ने मानिन्छ । त्यो चाँडै नै धर्मात्मा हुन्छ र शान्ति समेत पाउँछ । मेरो भक्तको नाश नै हुँदैन । कस्तै पापी स्त्री हउन्, व्यापारी नाफा घूसखोर र त्यसैका सेवाकारीहरु पनि मेरो शरणमा आएकै छन् । ईश्वरमा लीन ब्रह्मविधायुक्त अथवा शासक राजा आदिले पनि यो लोक नै अनित्य छ असुखकारी छ भनी मेरो चिन्तन गरी काम गर्ने गर्छन् भने मुक्त नहुने कुरै छैन । यसैले सदैव मनमा मेरै भजन गरी काम गर्दा सबै मलाई नै समर्पण गर्ने गरौं । मनलाई मेरैतर्फ लगाउनेले मलाई प्राप्त नगर्ने कुरै छैन । ममाथि विश्वास मात्र हुनु पऱ्यो यत्ति मात्र शर्त रहन्छ ।

*(३४ श्लोक)*

*नवम अध्याय समाप्त*

जहाँतहीं जे कुरामा पनि ईश्वरैले गरेको हो भन्ने कुरा देवता र महर्षिहरुले नजानेरै दुःख पाएका हुन् । मलाई सदैव सर्मात्म नजान्नु नै ठूलो कुरा हो, बुद्धि, ज्ञान, कतै मोहित नहुनु, सबैमा क्षमा गर्न सक्नु, सत्य निष्ठ, इन्द्रिय, दमन, समताभाव, सुखदुःख प्राप्ति अप्राप्ति डर तथा त्यसको अभाव, अहिंसा समता तुष्टि समस्या, दान, कीर्ति र अकिर्ती यति कुरा ईश्वरबाटै प्राप्त हुने हुन् । यसैले पुराना सप्तऋषि पुरानै चार मनुहरु पनि मैले मनैले सृष्टि गरेको हुँ । यसैपछि यो लोकमा सृष्टिको साजसज्जा बढेको हो । यही विभूति र योगलाई जानेपछि योगमा प्रवेश हुन्छ । यही हिसाब राखेर बुद्धिमानले विचार गर्नुपर्छ अनि आफू ईश्वरमा दृढ भई प्रयास गरिन्छ र अरुलाई पनि बताउन सकिन्छ । यस्तो कुरो ईश्वरबाटै प्राप्त हुन्छ । (११)

अर्जुनले सोध्नुहुन्छ- तपाईंले हामीले पुग्नैपर्ने ठाउँ पनि हो पवित्र साश्वत आदि नै हो भनी भन्नुहुन्छ ऋषिहरु नारदादि पनि भन्दैछन् तर पनि देवदानव सबै सचेत भएका देखिँदैनन् । यसैले आफ्ना विभूतिहरु सबै तपाईंले भन्नुपऱ्यो । भगवान् भन्नुहुन्छ- सम्पूर्ण जगतकै भित्री रुपमा रहेको आत्मा नै म हुँ । यी सबैको सुरु, मध्य र अन्त समेत म नै हुँ । बाह्र आदित्यमा विष्णु उज्यालाहरुमा सूर्य आयुहरुमा मरिची नक्षत्रहरुमा चन्द्रमा वेदहरुमा सामवेद देवताहरुमा इन्द्र इन्द्रियहरुमा मन प्राणीहरुमा चेतना एकादश रुद्रहरुमा शंकर शिव यक्ष र राक्षसहरुमा कुवेर तेज प्रधान र शक्ति प्रधानमा आगो पहाडहरुमा सुमेरु पर्वत पुरोहितहरुमा बृहस्पति सेनापतिहरुमा स्कन्दकुमार र बग्ने नदीहरुमा सागर महर्षिहरुमा भृगु बोलीहरुमा ॐकार मै हुँ । यज्ञहरुमा जप यज्ञ मै हुँ । पर्वतहरुमा हिमालय हुँ । दैत्यहरुमा प्रल्हाद हुँ । हिसाब गरिने बेलाहरुमा समय सबै वृक्षहरुमा पिपल देवर्षिमा नारद गन्धर्वहरुमा चित्ररथ सिद्धहरुमा कपिलमुनी घोडाहरुमा उच्चैश्रवा हात्तीहरुमा ऐरावत र मान्छेहरुमा राजा हतियारहरुमा बज्र पनि मै हुँ । गाईहरुमा कामधेनु गाई हुँ । कामवासनामा प्रजनन सर्पहरुमा वासुकी नागहरुमा अनन्त जलादेवतामा वरुण पितमा अर्यमा शासकहरुमा यमराज मै हुँ । जंगली जन्तुहरुमा सिंह चराहरुमा गरुड पनि मै हुँ । सक्रिय काम मै हुँ । शस्त्रधारीहरुमा रामचन्द्र हुँ । जलचरमा गोही नदीहरुमा गंगा कुनै सर्गात्मक वर्णनमा आदि मध्य र अन्त मै हुँ । विद्याहरुमा अध्यात्म विद्या हुँ र विचारहरुमा वाद पनि मै हुँ अक्षरहरुमा ॐकार द्वन्द्वमा सम्मिश्रण हुँ । कुनै नापो नभएको समय पनि मै हुँ । जगत रक्षक मै हुँ । मृत्यु सबैको अन्त्य मै हुँ र जन्मद्वारा भविष्य सुरक्षित गर्ने पनि मै हुँ । नारीको कीर्ति, शोभा बोली सम्झना मेधा धैर्य र क्षमा पनि मै हुँ । वृहतसाम ठूलो गीत छन्दहरुमा गायत्री छन्द महिनाहरुमा मार्गशीर्ष (मंसिर) ऋतुहरुमा वसन्त छलहरुमा जुवा तेजस्वीहरुको तेज व्यवसायीको सर्वहितैषी उद्योग बहादुरहरुको बहादुरी वृष्णिवशका वासुदेव पाण्डवहरुमा अर्जुन मुनिहरुमा व्यास कविहरुमा उसना नियन्त्रकहरुमा दण्डात्मक नियन्त्रण जित्तलहरुका नीति गोप्य कुराका मौनता र ज्ञानीको ज्ञान पनि मै हुँ । सम्पूर्णको बीज मै हुँ । यसरी मेरा विभूतिहरुको अन्त्य कहीं छैन जुन जुन तेज र सत्य तथा शक्ति छन् मेरै तेजबाट हुने हुन् । धेरै कुरा के गरौं म एउटै व्याप्त भएर बसेको नै यो जगत हो ।

*(श्लोक ४२)*

*दशौं अध्याय समाप्त*

**विभूतिको अर्थ**

अणिमा महिमा गरिमा लछिमा प्राप्ति प्राकाम्य मिसित्व र वसित्व यी आठ हुन् । सिद्धिहरु यी सिद्धिमध्ये एउटै पनि मान्छेमा भयो भने विभूति भूति हुने नै भयो नत्र भएन ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

- मनसुन

# जोसेफ स्टालिन–३८

माओका तिनै गल्ती विश्वका अन्य माओवादी कम्युनिस्ट पार्टीहरूले पनि दोहोऱ्याइरहे ।तिनै कारणले उनीहरू अगाडि बढ्नुको साटो भएको शक्ति पनि गुमाउँदै गए ।त्यसैले तहिंस्रक दाह्रा र विषालु नङ्ग्रा भएका, फलामे काँडाका जुत्ता लाएका साम्राज्यवादी, पुँजीवादी, सामन्तवादी संयुक्त शक्तिले विश्वकाकम्युनिस्टहरूलाई किच्तै भनिर हेछन्– "तिमीहरूजति नै उठ, हामी भुस्कुट पार्छौं ।" तर पनि जनताका खुनी वैरीहरूसँग सच्चा क्रान्तिकारीहरू डराएका छैनन् । जनताको मुक्ति र राष्ट्रको स्वाधीनतका लागि मृत्युलाई चुनौती दिएर उनीहरू बलिवेदीमा चढिरहेछन् । यो कम्युनिस्टहरूको उच्च विशेषता हो, जससँगतुलना गर्नलायक विशेषता संसारमा अरूकेहीछैन ।तथापि मानव जातिमा शान्ति र सुव्यवस्थाका लागि साहस हुनु नै सर्वोपरि कुरा भने होइन । साहसलाई विशिष्ट मान्ने हो भने नेपालका कम्युनिस्टभन्दा भारतका सिख,श्रीलङ्काका तमिलहरू माथि पर्छन् । समाजमा निर्णायक प्रभाव पार्ने कुरा त सैद्धान्तिक सवाल हुन्छ । सिद्धान्त सही र युगसापेक्ष, समय सापेक्ष हुनुपर्छ अनि मात्र उक्त सिद्धान्तमा विश्वास राख्नेहरू त्यसलाई व्यावहारिक रूप दिन दृढतापूर्वक क्रियाशील हुनुपर्छ । त्यसलेमात्र साहस सिद्ध हुन्छ ।

मानव समाजमा कम्युनिस्ट भएर बाँच्नु भनेको गौरवको कुरा हो । किनकि सेवा, शान्ति, सुन्दरता र इमानदारीले भरिपूर्ण हुन्छन् कम्युनिस्टहरू । यस्ता मानव विश्वमा बढ्दै जानुपर्ने एवंसङ्ख्यात्मक र गुणात्मक शक्ति पनि उच्च हुँदै जानुपर्ने युगको माग हो । तर साम्राज्यवादीहरूले विश्वव्यापी रूपमा चलाएको 'खतम अभियान' मा कम्युनिस्टहरू दिन प्रतिदिन मारिँदै छन् । बर्माको कम्युनिस्ट पार्टीले विगत ३९ वर्षयता त्यहाँको सशस्त्र युद्धमा आफ्ना ८ लाख क्रान्तिकारी जनता र कम्युनिस्टयोद्धाहरू गुमायो, फिलिपिन्सले विगत ३० वर्षयता ६ लाख क्रान्तिकारी जनता र कम्युनिस्टहरू गुमाको छ । त्यसै गरी कम्पुचिया कम्युनिस्ट पार्टीले विगत १२ वर्षमा मात्र आफ्ना २० लाख क्रान्तिकारी जनता र कम्युनिस्टहरू गुमायो,चिलीमा कम्युनिस्ट नेता एलेन्डे र उनका झन्डै३ लाखसमर्थकको कत्लेआम गरियो ।सोभियतसङ्घमा खुस्चोव र ब्रेजनेभको पालामा मात्र २२,६७,३५५ भन्दा बढी स्टालिन पक्षीय कम्युनिस्ट र क्रान्तिकारी जनता मारिए भने मिखाइल गोर्वाचोभको कार्यकालमाथप १३,९८७ जना मारिए । हुन त कम्युनिस्टहरू पनि गुणात्मक उन्नतिको मार्गमा जानुको साटो अवन्नतिको मार्गमा बढिरहे । नेपालजस्तो सानो मुलुकमा समेत निहित स्वार्थ, जुँगाको लडाइँ एवं अनावश्यक दम्भका कारण १५ भन्दा बढी कम्युनिस्ट समूहहरू अस्तित्वमा रहनु र तिनीहरूले आपसमा शत्रुतापूर्ण बोली, व्यवहार गर्नु यसको ज्वलन्त प्रमाण हो ।'एकतामा बल' भन्ने कुरा बिर्सिएपछि नेपालमा मात्र होइन,कम्युनिस्ट आन्दोलनको अवस्था विश्वका करिब सबै मुलुकहरूका उस्तै छ ।

*(क्रमशः)*

# मैले देखेको पन्चानब्बेऔं विश्व सम्पदा:

# कार्ल्सरूहको दरबार

सुरेन्द्र ढकाल



दरबारको वनस्पति उद्यानमा रहेको प्राकृतिक पौडी पोखरी

हामबाखको दरबार अवलोकन गरिसकी दिउँसोको खाना दरबार नजिकैको रेष्टुराँमा खाएर हामी बाँकी समय नजिकैको सानो शहर सेन्ट मार्टिन र एडेनकोवेन अवलोकन गरेपश्चात हामी बेलुकी स्पायर फर्कियौं। हाम्रो अध्ययनले निरन्तरता पाइ नै रह्यो। जर्मनी संघीय राज्य भएको कारण जर्मन संविधान अनुरुप खडा भएका संबैधानिक अंगहरु तत्कालिन राजधानी वोनमा मात्रै केन्द्रित नभै विभिन्न राज्यहरुमा खडा गरिएका थिए । सो अनुरुप जर्मनीको संबैधानिक अदालत भने फाल्ज्ज समतल भूमिको ऐतिहासिक शहर कार्ल्सरुहमा थियो। त्यतिखेरको नेपालको संविधानमा सर्बोच्च अदालतको ब्यवस्था भएको तर संबैधानिक अदालतको ब्यवस्था नभएको कारण त्यहाँको संवैधानिक अदालतको कार्य के होला भन्ने मलाई कौतहल भइरहेको र जर्मन सार्वजनिक प्रशासन आफनो पढाइको विषय रहेको कारण नागरिकको मौलिक हक उलंघन भएको अवस्था, सरकार र नागरिकबीच झगडा परेको अवस्था, स्थानीय निकाय, प्रदेश र संघीय सरकारबीच अधिकारको बाँडफाँडको कारण परेको झगडा सबै संबैधानिक अदालतको क्षेत्राधिकारभित्र पर्दो रहेछ भन्ने थाहा लागेपछि मलाई कार्ल्सरुह जाने इच्छा भइरहेको थियो। त्यसै बीच मेरो अर्को गेस्ट फेमेली मोनिका क्लेमस्टाइनको बुबाआमाको घर पनि त्यही शहरमा भएको कारण मैले उनलाई आफ्नो इच्छा ब्यक्त गरिरहेको थिएँ । त्यसै बीच जनवरी महिनाको पछिल्लो शनिबार उनले मलाई आफ्नै कारमा काल्सरुह लिएर गइन् । त्यो शनिबार दिनभर हामीले कार्ल्सरुहमा बितायौं । त्यहाँ हामी पुग्दा बिहानको ११ बजेको थियो । कारमा स्पायरबाट जाँदा ४५ मिनेट्मै हामी त्यहाँ पुगेका थियौं । मोनिकाको बाबुआमालाई भेटेर त्यहाँ नै १२ बजेतिर दिउँसोको खाना खाई जर्मनीको संबैधानिक अदालतलाई बाहिरबाटै सरसर्ती हेर्ने गरी हामी तत्पश्चात दरबार अवलोकन गर्न गयौं।

कार्ल्सरुहको दरवार

यो दरबार सन १७१५ मा निर्माण गरिएको रहेछ । जर्मनीको बाडेन डुरलाखका सम्राट मारग्रेभ चार्ल्स विलियम तेस्रो यस दरबार निर्माण गराउन लगाएका रहेछन् ।

मनोरञ्जनको शहर (Fan City) ले चिनिने यस शहरको डिजाइन पांग्राको आकारमा गरिएको र दरबारबाट ३२ वटा सडकहरु ३२ दिशातर्फ फर्काइ निर्माण गरिएको रहेछ र यी ३२ वटै सडकको केन्द्रविन्दुमा दरबार ठडिएको रहेछ । पहिले सन १७१५मा काठ प्रयोग गरी निर्माण गरिएको यो दरबारलाई १७४६ मा चुनढुंगा प्रयोग गरी पुनरनिर्माण गरिएको रहेछ ।


पछि १७७० मा सम्राट फ्रेडरिख फोन केसलाउले यस दरबारमा ठूलठूला ढोका, झ्यालहरु र दरबारमा अग्लो टावर बनाउन लगाएका रहेछन । पछि फेरि १७८५ मा टावरको अग्लाईलाई घटाइ राजा विलहेल्म म्युलर दरबार भित्र स्तुपा आकारको गोलो छाना (कुपोला) बनाउन लगाएका रहेछन् । सन १८४८ मा भएको क्रान्तिको कारण त्यहाँका सम्राट लिओपोल्ड गाण्ड ड्यूक भागेपछि सन १९१८ बाट त्यस दरबारभित्र बाडेनको प्रदेश स्तरीय म्युजियम राखिएको रहेछ । जसलाई जर्मनीकै एक सांस्कृतिक इतिहासको म्युजियम मानिदो रहेछ। प्रागऐतिहासिक, मध्यकालिन बारोक कालका वस्तुहरु यस म्युजियमभित्र सजाइएको रहेछ । दोस्रो विश्वयुद्धताका भएको बम आक्रमण ध्वस्त भए तापनि यस दरबारको जिर्णोद्धार र पुनरनिर्माणको कार्य युद्धलगत्तै सम्पन्न गरिएको रहेछ। दरबारको अगाडि विभिन्न सम्राटहरुको विभिन्न बेलाका मूर्तिहरु ठड्याइएका रहेछन् । वनस्पति उद्यानसहितको दरबारको बगैंचामा प्राकृतिक रुपमा नै संरक्षण गरी आधुनिक ढाँचामा सजाइएको पौडी खेल्ने पोखरी पनि रहेछ । दरबार परिसर, वनस्पती उद्यान र म्युजियम सबै हेरिसक्दा तीन घण्टा बितेको पत्तै भएन र तत्पश्चात हामी कार्ल्सरुहको पुरानो बजार क्षेत्र अवलोकन गर्नतर्फ लाग्यौं ।



दरबारभित्रको चौरमा पर्यटकहरूको घुइँचो



दरबारभित्रको म्युजियममा राखिएका विभिन्न समयका सांस्कृतिक वस्तुहरू



पांग्रा आकारको कार्ल्सरूह सहरको केन्द्रमा रहेको दरबारको दृश्य माथिबाट हेर्दा



दरबार अगाडि ठडिएको सम्राट फ्रेडरिखको मूर्ति



दरबारभित्रको वनस्पति उद्यान




दरबारको भित्री चोकमा सुरेन्द्र सन् १९९० को जनवरीमा



कुपोलासहित दरबार अगाडिबाट हेर्दा

# १३. सिंहदरबार फुटबल काण्ड र त्यसले नेपालको राजनीतिमा पारेको दूरगामी असर




■ शम्भुराम श्रेष्ठ

टंकप्रसादको कुरा सुनेर मलाई एकदमै रिस उठ्न थाल्यो र अनि मैले भनें- तपाईं पार्टीको सभापति हुनुहुन्छ । तर त्यसको मतलब यो कदापि होइन कि पार्टीको केन्द्रीय कार्यकारिणी समितिलाई थाहा नै नदिइकन, त्यसको बैठक समेत नगरीकन यति ठूलो राजनीतिक महत्वको विषयमा तपाईं एक्लैले निर्णय गर्न सक्नुहुन्छ । त्यसमा पनि अहिले तपाईं थुनामा हुनुहुन्छ र त्यस्तो अवस्थामा रहेको व्यक्तिले विल्कुलै यस्तो काम गर्नुहुँदैन । तपाईंले किन यसरी पार्टीको काम गर्ने तौरतरिकालाई मिच्नुभयो ?' टंकप्रसादले बोल्नै सक्नुभएन र विल्कुलै चुप लागेर बस्नुभयो । अनि उहाँले विस्तारै भन्नुभयो- ऋषिकेश शाह मोहनशमशेरको कप्तानलाई हाम्रो सहमतिपत्र दिन बंगलाको गेटमा गएका छन् । उनी भर्खर मात्रै गएकाले सायद अहिलेसम्म उनले सो पत्र मोहनशमशेरको कप्तानलाई बुझाइसकेका छैनन् होला । तपाईं कसैलाई त्यो पत्र लिन पठाउनोस् । अनि मैले त्यहीँ बसिरहनुभएका बालमुकुन्दलाई गेटमा पठाएँ । ऋषिकेश शाहसँग त्यो पत्र लिएर आउनोस् भनी भनें । बालमुकुन्द गेटमा कुदेर जानुभयो र ऋषिकेश शाहसँग त्यो पत्र दिनोस् भनी भन्नुभयो । तर ऋषिकेशले पत्र दिएर पठाउन मान्नुभएन । बालमुकुन्द खाली हात फर्कनुभयो । अनि मैले पाटनको जुजुभाइ जोशीलाई भनें- 'दाइ, तपाईं गएर पत्र फर्काएर ल्याउनोस् । ऋषिकेश शाहले मान्नुभएन भने बल प्रयोग गरेर भए पनि ल्याउनोस् ।' जुजुभाइ जोशी जुरुक्क उठेर हिँडिहाल्नुभयो । अनि डा.डिल्लीरमण रेग्मीले मलाई सम्बोधन गर्दै 'तपाईंले किन हस्तक्षेप गर्नुभएको ? त्यसो नगर्नोस् ।' भनी रिसाएर भन्न थाले । मैले जवाफ दिँदै भनें- 'यो हाम्रो आफ्नो मामला हो । तपाईं बीचमा किन बोल्नुहुन्छ ? नबोल्नोस् ।' अनि रेग्मी चुप लाग्नुभयो । जुजुभाइ जोशीलाई देख्नासाथ डरले ऋषिकेश शाहले उक्त सहमतिपत्र अलिकति पनि विरोध नगरी उनलाई दिएर पठाए । यो सबै घटना मोहनशमशेरको कप्तान अगाडि भएको थियो । जुजुभाइ जोशीले उक्त सहमतिपत्र मलाई दिए र अनि मैले च्यातेर मिल्काइदिएँ । मोहनशमशेरको राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद् भंग गरी त्यसको ठाउँमा प्रजापरिषद् राष्ट्रिय कांग्रेस र अग्निप्रसाद खरेलको पार्टीलाई समावेश गरेर अर्को अन्तरिम मन्त्रिपरिषद् गठन गर्ने योजना असफल हुन गयो । संयुक्त अन्तरिम मन्त्रिपरिषद्मा बीपी कांग्रेससँग मिलेर काम गर्न नसक्ने र नेपाल प्रजापरिषद् लगायत अरु पार्टीहरुसँग संयुक्त भएर राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद्को ठाउँमा अर्को अन्तरिम मन्त्रिपरिषद् गठन गर्न पनि नसकिने भएपछि एक किसिमले बाध्य भएर मोहनशमशेरले राजा त्रिभुवनसमक्ष प्रधानमन्त्रीको पदबाट राजीनामा पेस गरे । राजा त्रिभुवनले उनको त्यो राजीनामालाई स्वीकार गर्ने अधिकार आफूसँग नभएको बताउँदै भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरुसमक्ष पेस गर्नोस् भनी भन्नुभयो रे । तर मोहनशमशेरले राजासमक्ष आफूले पेस गरेको राजीनामा फिर्ता लिन विल्कुलै मानेनन् न त उनी भारतीय प्रधानमन्त्री समक्ष राजीनामा पेस गर्न जान नै तयार भए । त्यसको परिणामस्वरुप अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर र भारतीय प्रधानमन्त्री पं.जवाहरलाल नेहरुको बीचमा सन् १९५० (२००७ साल) मा भएको 'दिल्ली सम्झौता' र त्यसकै अन्तर्गत फागुन ७ गते २००७ सालमा राजा त्रिभुवनद्वारा शाही घोषणा भएको '२००७ सालको नेपाल अन्तरिम शासन विधान' बमोजिम नेपालमा संविधान सभाको निर्वाचन भई त्यसले बनाएको संविधानको आधारमा नयाँ, स्थायी मन्त्रिपरिषद् बनेपछि मात्र विघटन हुनुपर्ने राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद् बीचमै विल्कुलै असहज रुपले तुहिन गयो । 'दिल्ली सम्झौता त्यसरी तुहिएपछि नेपालमा आफूखुसी सरकार बनाउने र त्यसलाई विघटन गर्ने अधिकार (जुन अधिकार 'दिल्ली सम्झौता मुताविक राजामा विल्कुलै निहित थिएन) राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद्बाट राजामा हस्तान्तरित हुन पुग्यो । त्यस उप्रान्त राजाले ६-६ महिनामा सरकारहरु गठन गर्ने र विघटन गर्ने काम हुन थाल्यो र त्यसको साथासाथै भित्रभित्रै संविधानसभाको निर्वाचन गराउने सवाल विरुद्ध षड्यन्त्रहरु पनि हुन थाले । यो स्थिति पैदा हुनुमा खास जिम्मेवार को ? मोहनशमशेर कि बीपी कोइराला ? यो स्थिति पैदा हुन जानुमा मुख्य जिम्मेवार बीपी कोइराला हुन्, मोहनशमशेर होइनन् ।

त्यो स्थिति पैदा हुनुमा मोहनशमशेर किन मुख्य जिम्मेवार थिएनन् भने एक त राणा जहानियाँ शासनको अन्त्य भइसकेको थियो र त्यसको बापसीको कुनै सम्भावना थिएन । यसैलाई अर्को शब्दमा भन्ने हो भने मोहनशमशेरको राजनीतिक जीवनको आयु भनेकै वास्तवमा दुई वर्षे अल्पायु मात्रै थियो, अर्थात् 'दिल्ली सम्झौता र सोही सम्झौता अन्तर्गत शाही घोषणामार्फत २००७ साल फागुन ७ गते ल्याइएको 'नेपालको अन्तरिम शासन विधान' मुताविक सम्भव भएसम्म चाँडो संविधानसभाको निर्वाचन सम्पन्न नभएसम्मको मात्रै हो । अनि नेपाली कांग्रेस र त्यसको नेता बीपी कोइराला को ? नेपाली कांग्रेस र बीपी कोइरालाको राजनीतिक जीवन अतुलनीय रुपले दीर्घायुको छ। त्यसकारण 'दिल्ली सम्झौता' बमोजिम गठन भएको संविधानसभाको निर्वाचन गराउने विशेष जिम्मेवारी र सर्वाधिकार सम्पन्न राणा कांग्रेस अन्तरिम मन्त्री परिषद्लाई संविधानसभाको निर्वाचन सम्पन्न नभएसम्म कायम राख्नु नेपाली कांग्रेस र त्यसको नेता बीपी कोइरालाको दायित्वको कुरा मात्र नभई आफ्नो राजनीतिक स्वार्थको कुरा पनि थियो । तर राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद्लाई त्यसको कार्यभार पूरा हुन नपाउँदै बीचमै तुहिन दिनुको राजनीतिक अर्थ अथवा इम्प्लिकेसन के हुन्छ भन्ने कुरा बीपी कोइरालाले विल्कुलै बुझेनन्, बुझ्न सकेनन् वा चाहेनन् । बीपी कोइरालामा यदि अलिकति पनि राजनेतामा हुनुपर्ने गुण भइदिएको भए उनले कदापि मोहनशमशेरलाई भए-नभएका आरोपहरु लगाएर चिढाउने काम गर्ने थिएनन् र उनलाई मैत्रीपूर्ण व्यवहारद्वारा खुसी तुल्याई संविधान सभाको निर्वाचन सम्पन्न गर्नेतर्फ लाग्ने थिए । तर राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद् गठन भएको केही दिनपछि देखि नै उनले मोहनशमशेरले काम गर्न दिएनन् भन्दै उनीमाथि निराधार आरोपहरु लगाउन थाले । बीपी कोइरालाको बेलगामको जिब्रो र गैरजिम्मेवारीपूर्ण व्यवहारकै कारणले नै मोहनशमशेरलाई प्रधानमन्त्रीको पदबाट राजीनामा दिने हदसम्म पुऱ्याएका थिए ।

मोहनशमशेरको प्रधानमन्त्री पदको राजीनामा स्वीकृत हुने बित्तिकै बीपी कोइरालाको नेपाली कांग्रेस राजा त्रिभुवनसमक्ष कांग्रेस पार्टीको एकलौटी सरकार गठन गरियोस् भनी बिन्ती चढायो । राजाको निम्ति नेपाली कांग्रेसको उक्त बिन्ती चढाइ 'के खोज्छस् कानो, आँखो' भनेजस्तै भयो । राजा त्रिभुवनले अविलम्ब त्यस समय मातृकाप्रसाद कोइराला नेपाली कांग्रेसको एकलौटी मन्त्रिपरिषद् गठन गरिदिए । कांग्रेसीहरु मख्ख परे । हुन त माथिबाट हेरेर भन्ने हो भने यो मन्त्रिपरिषद्को गठन एक विल्कुलै सामान्य र नेपाली कांग्रेसकै पक्षमा भएको देखिन्छ तर सारमा त्यस्तो थिएन । नेपाली कांग्रेसको एकलौटी मन्त्रिपरिषद्को गठन र त्यसअघि 'दिल्ली सम्झौता' को आधारमा भएको अन्तरिम राणा कांग्रेस मन्त्रिपरिषद्को गठन प्रक्रियागत रुपले आकाश र जमिनको फरक थियो । कारण स्पष्ट छ । नेपाली कांग्रेसको एकलौटी सरकारको गठन राजाको स्वविवेकीय थियो तर राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद्को गठन चाहिँ राजाको स्वविवेक र चाहना अनुसार भएको नभई सशस्त्र संघर्षको परिणामस्वरुप राणा शासनको पराजय वा अन्त्य भई राज्य सत्ताको हस्तान्तरणको रुपमा 'दिल्ली सम्झौता' मुताविक भएको थियो, जसमा राजाको स्वविवेकको निम्ति कुनै स्थान थिएन र जो औपचारिकता पूरा गर्ने हेतुले मात्र राजाबाट गराइएको घोषणा थियो । यसरी बीपी कोइरालाको राजनीतिक मूर्खताले गर्दा नेपालमा १०४ वर्षको राणा जहानियाँ शासन कालपछि एकपटक फेरि राजतन्त्रले सक्रिय हुने अवसर पाएको थियो ।

नेपाली कांग्रेसको त्यही एकलौटी सरकारलाई पनि अर्थात् मातृका सरकारलाई पनि बीपी कोइरालालो टिक्न दिएनन् । एउटै व्यक्ति देशको प्रधानमन्त्री र पार्टीको सभापति हुनुहुँदैन, हुन पाइँदैन भन्ने अत्तो थापी मातृकाप्रसादलाई प्रधानमन्त्रीको पद र पार्टीको सभापतिको पदमध्ये एउटा पद त्याग्न दबाब दिन थाले । त्यसको परिणाम स्वरुप नेपाली कांग्रेसको एकलौटी सरकार भंग हुन गयो र त्यसको साथसाथै नेपाली कांग्रेस पनि फुटेर दुई टुक्रा हुन गयो ।

मातृकाप्रसाद कोइरालाले आफ्ना समर्थक र सहयोगीहरुलाई लिएर आफ्नै सभापतित्वमा नेपाल प्रजापार्टी गठन गरे र त्यसको लगत्तै राजा त्रिभुवनले मातृकाप्रसाद कोइरालाकै प्रधानमन्त्रित्वमा नयाँ मन्त्रिपरिषद् गठन गरिदिए । बीपी कोइराला र गणेशमान सिंह लगायत उनका हनुमानहरु सबैले चित्त खाए । यो सब बीपी कोइरालाकै उद्दण्ड स्वभाव र राजनीतिक लहडपनको परिणाम थियो । यिनै माथि उल्लेखित घटनाक्रमले राजेन्द्रविक्रम शाहको पालादेखि अर्थात् जंगबहादुर राणाले कोतपर्व मच्चाएदेखि राज्यसत्ताबाट वञ्चित भएको राजाहरुमा एक किसिमले तिनीहरुले बिर्सिसकेको सत्ता स्वाद अथवा सत्ता मोह जगाइदिने काम गऱ्यो । फलतः राजा त्रिभुवन र राजा महेन्द्रबाट हरेक ६-६ महिना पालैपालो पार्टी सरकारहरु गठन गर्ने र भंग गर्ने कामहरुको सुरुवात हुन थाल्यो र साथै संविधानसभाको निर्वाचन गराउने सवालविरुद्ध षड्यन्त्रहरु पनि हुन थाले ।

कविता

## भन्नुस् कति चाहिन्छ ?



● प्रेम ओली
(ढकलपुरे)

यहाँ
आलु, भन्टाभन्दा सस्तोमा नागरिता पाइन्छ
भन्नोस हजुर
पाउ, किलो धार्नी तपाईंलाई कति चाहिन्छ ?

तपाईं पारिबाट आलु, गोबी, टमाटर ल्याउनुस्
नभए भिन्डी सिमी काउलीसित, नगरिता साटेर लानुस्
पासपोर्ट बनाएर बिदेश पनि यतैबाटै जानुस्
एउटा कुरा भन्नोस् हजुर
तेत्ती ठूलो देशको नागरिक भएर
यो सानो फुच्छे देशको नागरिता किन चाहिन्छ
तर फेरि पिर नगरी हाल्नोस, जति भन्यो तेत्ती पाइन्छ
पानी पनि दिएकै हो
माटो पनि दिएकै हो
तपाईंलाई अफ्ठेरो भएको बेला
सिमाना मिचेर बाटो पनि दिएकै हो
अरु पार्टीको त विश्वास छैन
अहिले हाम्रो पर्टीको सरकारमा छ ,ढुक्क हुनुस
तपाईं चामल पठाइदिनुस्
प्याज, खुर्सानी पठाइदिनुस्
हामी यताबाट नागरिता पठाइदिन्छौ
लाइन पनि बस्नु पर्दैन
हामी हाम्रो नागरिता बाट्ने टोली उतै खटाइ दिन्छौ
अर्को पार्टिको नोट खाए पनि भोट हाम्रो पार्टिलाई दिनु पर्छ
अर्को पटक सरकारमा आए पछि भनी लिनु होला नि
यहाँबाट के के लिनु पर्छ ।

आइहाल्नुस हजुर आइहाल्नुस
तपाईं पनि नगरिता अब
फर्सी आलु काउली भन्दा
बडा सस्तो भाउँमा पाइहाल्नुस ।

# एक दिनमा कति पानी पिउने ?

सन् १९४५ मा अमेरिकाको फुड एन्ड न्यूट्रिशन बोर्ड अफ नेशनल रिसर्च काउन्सिलले वयस्क उमेर समूहका मानिसहरूलाई हरेक क्यालोरियुक्त खानालाई पचाउनका लागि एक मिलिलिटर पानी पिउन सल्लाह दिएको थियो । यसको अर्थ यदि २ हजार क्यालोरी लिने महिला छिन् भने उनले दुई लिटर र २५०० क्यालोरी लिने पुरुष छन् भने उनले दुई लिटरभन्दा पनि धेरै पानी पिउन आवश्यक छ। यसअन्तर्गत सादा पानी मात्र नभई फलफूल, तरकारी र अन्य पेय पदार्थबाट प्राप्त हुने पानीलाई पनि संलग्न गराइएको छ।

फल र तरकारीमा ९८ प्रतिशतसम्म पानी प्राप्त हुन्छ । यस्तैगरी, सन् १९७४ मा मार्गरेट म्याक्लियम्स र फ्रेडरिक स्टेयरको पुस्तक 'न्यूट्रिशन फर गुड हेल्थ'मा हरेक वयस्क व्यक्तिले प्रत्येक दिन ८ गिलास पानी पिउनुपर्छ भनेर सिफारिस गरिएको थियो। दुवै लेखकले फल, तरकारीबाट प्राप्त हुनेसँगै सफ्ट ड्रिंक र बिएरबाट प्राप्त हुने पानीसमेत गरी ८ गिलास पानी पिउन सिफारिस गरेका थिए। पानी निक्कै महत्त्वपूर्ण छ भन्नेमा दुई मत छैन। हाम्रो शरीरको कुल तौलको दुई तिहाई भाग पानीले ओगटेको छ । यसमार्फत हामीलाई पोषक तत्व प्राप्त हुन्छ । शरीरबाट खराब तत्वलाई बाहिर निकाल्ने कार्यमा पनि पानीले उत्तिकै भूमिका निर्वाह गरेको हुन्छ । हाम्रो शरीरको तापमानलाई नियमित गर्नेदेखि लिएर जोर्नीलाई बलियो बनाउनेसम्मका कार्यमा पानीको भूमिका रहेको हुन्छ । शरीरभित्र हुने धेरै केमिकल रियाक्सन पानीबिना सम्भव छैन । यसका अलावा पसिना, पिसाव, र श्वासमार्फत हाम्रो शरीरबाट पानी निस्किरहन्छ । यस्तो अवस्थामा शरीरमा पानीको आवश्यकता सधैं रहीरहन्छ। हाम्रो शरीरमा जहिले पनि एकदेखि दुई प्रतिशत पानी कम हुने र डिहाइड्रेशन अर्थात् पानीको कमीको शिकार हुने गर्दछौँ। जबसम्म हामी पानीको आवश्यकता पूरा गर्दैनौँ तबसम्म स्वास्थ्य खराब हुँदै जान्छ र कयौँ पटक त पानीको कमी घातक सावित हुनसक्छ। भ्रम हरेक दिन ८ गिलास पानी पिउनुपर्छ भन्ने भ्रम सबैतिर छ। केही दशकदेखि चलिरहेको सोच यतिसम्म हाबी भयो की हामी पानीको चरम अभाव खेपिरहेका छौँ। यद्यपि जानकारहरू शरीरले जति माग गर्दछ पानी उति नै आवश्यक रहेको बताउँछन् ।

कुनै पनि स्वस्थ शरीरमा पानीको आवश्यकता हुने वित्तिकै दिमागले थाहा पाउँछ। र, उसले मासिनलाई प्यास लागेको संकेत दिन्छ। दिमागबाट एक हर्मोनले पनि पिसाबलाई गाढा गरेर शरीरबाट पानी निकाल्ने काम कम गर्न र पानी बचाउन मिर्गौलालाई निर्देश गर्छ। बेलायतका डाक्टर र खेलाडीका सल्लाहाकार कोर्टनी किप्स भन्छन् 'यदि तपाईं आफ्नो शरीरको कुरा सुन्नुहुन्छ भने, उसले तपाईंलाई कतिबेला प्यास लाग्छ बताइदिन्छ। मानिसहरूले प्यास लाग्नु पानीको कमी भएको सोच्छन् जुन गलत हो। हजारौँ वर्षदेखि मानिसले यस्तै संकेतलाई प्यास बुझ्दै आएका छन्। पानीको कमीको शरीरले गलत संकेत दिन्छ भन्ने सोच्नु गलत हो।' प्यास लाग्दा पानी पिउनु नै सबैभन्दा राम्रो विकल्प हो। किनकि यसमा क्यालोरी हुँदैन। तर, हामीलाई प्यास लागेपछि चिया, कफी, कोल्ड ड्रिंक्स या अन्य पेय पदार्थले पनि पानीको कमीलाई पूरा गर्न सक्छ।

केही साइडइफेक्ट भए पनि कैयौँ अनुसन्धानहरूले चिया कफीबाट हाम्रो शरीलाई पानी प्राप्त हुने निष्कर्ष निकालिसकेका छन्। यसैगरी, रक्सी र बिएरबाट पनि शरीरले पानी प्राप्त गर्दछ। प्यास नलागे पनि पानी पिइराख्नुपर्छ भन्ने कुरालाई प्रमाणित गर्न अहिलेसम्म वैज्ञानिकहरूले कुनै प्रमाण भेटेका छैनन्। यद्यपि धेरैपटक तर थोरैथोरै पानी पिउँदा भने कुनै हानी हुन्न। यसले हामीलाई डिहाइड्रेशन अर्थात् पानीको कमी हुनबाट बचाउँछ। यसले दिमागलाई काम गर्न पनि सजिलो बनाउँछ। हामीले पर्याप्त मात्रामा पानीलाई शरीरमा कायम राख्दा कैयौँ चुनौतीहरूको हल सजिलै पाउन सक्छौँ। नियमित रूपमा पानी पिएर हामी शरीरको तौल बढ्नबाट रोक्न सक्छौँ। अमेरिकाको भर्जिनिया पोलिटेक्निक्स इन्स्टिट्यूटका ब्रेन्डा डेवी भन्छिन् - 'कम पानी पिउने मानिसको तुलनामा धेरै पानी पिउनेहरूको तौल तीव्र रूपमा घट्छ।' यस्तैगरी, युनिभर्सिजनी कलेज लण्डनका बारबरा रोयल्सको मत यस्तो छ(' यदि हामी मिठा पेय पदार्थको सट्टा, सादा पानी पिउँछौं भने हाम्रो तौल घट्छ, यसैगरी सुप या सर्वतको ठाउँमा पानी पिउँदा शरीरमा कम क्यालोरी जान्छ।'

धेरै पानी पिउँदा त्वचामा चमक आउँछ भन्ने मान्यता पनि छ तर वैज्ञानिकहरूले अहिलेसम्म यसलाई पुष्टि गर्ने प्रमाण फेला पारेका छैनन्। जो मानिस दिनभरमा ८ गिलास पानी पिउने प्रयास गर्छन् तिनलाई कुनै हानी हुन्न तर हरेक पटक पानी मात्र पिइरहँदा भने केही हानी अवश्य हुन्छ। यसबाट शरीरमा सोडियमको कमी हुन्छ, सोडियमको कमी हुँदा दिमाग र फोक्सो सुन्निन्छ। डक्टर कोर्टनी किप्स भन्छिन् - 'हामीले शरीरको संकेतहरूलाई वेवास्ता गरी मनले पानी पिउँदा हानी गर्न सक्छ।' जोहाना प्याकनह्या बेलायतकी एथलेटी हुन्। उनले सन् २०१८ को लण्डन म्याराथनमा भाग लिएकी थिइन र धेरै गर्मी भएका कारण त्यसक्रममा उनले धेरै पानी पिएकी थिइन्। दौड सकिएपछि पनि साथीहरूले उनलाई धेरै पानी खुवाइदिए। तर, पानी धेरै भएका कारण जोहाना बेहोस भइन् र एम्बुलेन्समा राखेर अस्पताल पुर्याउनुपर्यो।


पसिनैपसिनाले निथ्रुक्क हुने अवस्था भए पनि आधा घण्टाको यात्राका लागि पानीको बोतल साथ लिएर हिड्न आवश्यक छैन ।' बेलायतको नेश्नल हेल्थ सर्भिसको एडभाईजरी हरेक दिन ६ देखि ८ गिलास पानी पिउन सल्लाह दिन्छन् र यसमा सादा पानीमात्र नभई दूध, सफ्ट ड्रिंक्स, चिया कफी पनि पर्छन्। हाम्रा लागि यो पनि जान्न आवश्यक छ की, ६० वर्षको उमेरपछि प्यास महसुस गर्ने हाम्रो शक्ति समाप्त हुन्छ। यस क्रममा डिहाइड्रेशन हुने सम्भावना धेरै हुन्छ। अर्थात् बुढ्यौलीमा पानी पिउने विषयमा धेरै ध्यान दिनुपर्छ। हामीले पनि हाम्रा अग्रजहरूले नियमित रूपमा पानी खाइरहेका छन् या छैनन् भन्ने विषयमा ध्यान दिनुपर्छ। हरेक व्यक्तिलाई पानीको आवश्यकता फरक(फरक हुन्छ। यसकारण दैनिक ८ गिलास पानी पिउने सूत्र सबैका लागि लागू हुन्न। जब आवश्यकता महसुस हुन्छ तब पानी पिउनुपर्छ। धेरै पानी पिउनुको एउटैमात्र फाइदा हुनसक्छ त्यो हो, 'पटक पटक शौचालय जाने आउने गर्दा केही क्यालोरीको खर्च ।'

*बिबिसी हिन्दीबाट*

# जर्मनी : चम्किलो देशमा रन्किलो स्वभाव

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**





नेपाली वातावरणमा हुर्केको म एक नेपाली ठिटो एक्कासि जर्मनी पुग्दा केही दिन हुनसम्म अप्ठ्यारो महसुस भयो । सात समुद्रपारिको ठाउँमा मेरो पहिलो पदार्पण र प्रवास थियो । त्यस समाजसँग अनभिज्ञ मैले तुरुन्त हेलमेल गर्न सकिनँ । अतः बेलाबखतमा मेरा केही क्रियाकलापहरू हास्यास्पद बन्न जानुमा केही आश्चर्य थिएन ।

**चिया-पुरियाको पहिलो अनुभव**

सर्वप्रथम फ्याङ्कफर्ट विमानस्थलको भव्य भवनभित्र तीन घण्टा कुर्नुपर्दा त्यता यताउता घुमफिर गर्दै त्यतैतिर रहेको एउटा रेस्टुराँभित्र गई चियाका निमित्त अनुरोध गरेको हुन्छु । बेराले चिया ल्याइदिन्छ- चिटिक्क परेको भाँडोमा उम्लिएको तातो पानी, अलग्गै भाँडामा चिनीका साना चारपाटे ढिक्काहरू र चियापत्तीको साटो कागजको सानो पुरियाभित्र धूलो चिया । जिन्दगीमा पहिलोपल्ट यस्तो चिया-पुरिया (टी-ब्याग) देखेको हुन्छु । आजकल त यस्तो 'टी-ब्याग' काठमाडौंतिर पनि पाइन्छन् । फ्याङ्कफर्ट विमानस्थलको त्यस रेस्टुराँमा मेरो सामुन्ने तीन जना केटीहरू र दुई जना केटाहरू गफसफ गर्दै चिया-कफी के हो पिइरहेका थिए । मैले यसो आफ्ना चियाका सरसामान सबै हेरेँ, चिया छान्ने भने रहेनछ । मैले ठानेँ यस देशमा सायद चिया छान्नु जरुरत छैन, अनि त्यो चियाको पुरियालाई यसो खोलेर कपमा खन्याएँ अनि मन परेजति तातो पानी, दूध र चिनी राखी घोलेर पिउन लागेँ । ती नजिकका केटीहरू दङ्ग पर्दै मेरा सारा क्रियाकलाप एकएक हेरिरहेका थिए । तिनीहरूको चालामाला हाम्रा यहाँका एक थरी गिज्याउने केटीहरूको जस्तो थियो । धूलोसमेतको चियापानी घुटुघुटु पिएर, केही खिन्नता केही हीनताको अनुभव गर्दै त्यहाँबाट उठेर गएँ । पछि पो थाहा पाएँ त्यस्ता चियाका पुरियालाई कपको तातो पानीमा एकछिन चुर्लुम्म डुबाएर राख्नुपर्ने रहेछ, अनि यसो हल्लाएर झिक्दा पिउने चिया बन्न पुग्ने रहेछ ।

**दोस्रो अनुभव मासुको**

त्यस्तै जर्मनी पुगेको दुई-तीन दिनपछिको कुरा हो- एक दिन म एक्लै खाना खान रेस्टुराँमा पसेँ । जर्मन रेस्टुराँमा पाइने मासुका परिकारमा अधिकांश सुँगुर र गाईगोरुको हुने भए पनि कुखुराको मासु पनि सर्वत्र पाइन्छ । अतः मैले चोखो हुन र आफ्नो मनलाई सान्त्वना दिन त्यस रेस्टुराँका बेरालाई अङ्ग्रेजी शब्द प्रयोग गरी 'चिकन' (कुखुराको मासु) छ-छैन सोधेँ तर बुझेन, मेनु हेर्छु सबै जर्मन भाषा, कस्तो फसाद ! फेरि मैले बेरालाई दुई हातले यसो सानो आकार बनाई देखाएँ, तर पनि उसले बुझेन । त्यसपछि यसो यताउता हेरेँ, अरू मानिसहरू मदेखि टाढै रहेको देखेपछि दुई हात कुमसम्म लगी, औँलाहरूलाई हल्लाई मुखबाट 'क्व, क्व, क्व' भनी बिस्तारै आवाज निकाली देखाएपछि मात्र कुखुराले पखेटा हल्लाई कराएको जस्तो उसले बुझेछ र 'याया' भनी कुखुराको दुई चोक्टा मासु ल्याइदियो । पछि थाहा पाएँ, कुखुराको मासुलाई जर्मनहरू 'हेनचेन' भन्दा रहेछन् ।

त्यस्तै एक दिन मासुको सानो बट्टा किनेर ल्याएँ, त्यसलाई तारेर चियासँग खाने बिचार थियो । तर बाटैमा एक जना आफ्ना परिचित जर्मन भद्रपुरुषसँग भेट भयो- त्यो मासुको बट्टा घरपालुवा जनावर- कुकुर, बिरालो आदिका निमित्त विशेष तरिकाले बनाइएको भन्ने थाहा पाउँदा मलाई हिस्स बूढी खिस्स दाँत भनेझैँ भयो ।

**तेस्रो अनुभव– ट्वाइलेट होइन टुइलेटे**

जर्मनीमा पदार्पण गरेको १०-१२ दिन मात्र भएको थियो । जाडोले जीउ लगलगी कामिरहे तापनि मनमा एउटा उत्साह थियो, एउटा जाँगर थियो । त्यो थियो जर्मनी हेर्ने कौतूहलको करामत ! तर एउटा कुराले भने मलाई आच्छुआच्छु नै पाऱ्यो । मेरा एक जना परिचितलाई भेट्न पैदल गइरहेको हुन्छु । ठाउँठाउँमा उसको ठेगाना सोध्दै अगाडि बढेँ । *(क्रमशः)*

# लोकसभा निर्वाचन : मोदी कति बलिया ?



विष्णु भट्टराई

प्रजातन्त्रका लागि सबभन्दा ठूलो निर्वाचन भारतमा अप्रिल ११ मा सुरु भएर मे १९ मा समाप्त हुँदै छ। निर्वाचनको नतिजा मे २३ मा घोषणा गरिनेछ। यो निर्वाचनले पाँच वर्षका लागि सरकार निर्वाचित गर्नेछ। लगभग एक करोड जनशक्ति निर्वाचनमा संलग्न छ। लगभग ९० करोड नागरिकले आफ्नो मताधिकार प्रयोग गरी जनप्रतिनिधिको छनोट गर्नेछन्। निर्वाचनमा धेरै राजनीतिक दलको सहभागिता भए पनि मूलतः दुई पक्षमा विभाजित भएको पाइन्छ। भाजपा नेतृत्वको राष्ट्रिय प्रजातान्त्रिक गठबन्धन र कंग्रेस नेतृत्वको गठबन्धनबीच प्रतिस्पर्धा भइरहेको छ।

सन् २०१८ को अन्त्यसम्म भाजपामा आन्तरिक र बाह्य रूपमा उत्साहको कमी आएको महसुस गर्न थालिएको थियो तर भारतको पुलवामामा इस्लामिक आतंककारी समूह जैस-ए-मोहम्मदको आक्रमणबाट ४० भारतीय सुरक्षाकर्मीको मृत्यु र त्यसपछि भारतले पाकिस्तानको बालाकोटमा प्रतिसुरक्षात्मक हवाई आक्रमण गरेपछि परिस्थिति भाजपाका पक्षमा बलियो भयो। नरेन्द्र मोदीको लोकप्रियता चुलिन पुग्यो। भाजपाको दिन(प्रतिदिन बढ्दै गएको लोकप्रियताले सबैलाई चकित तुल्याइदिएको छ। १९८० को दशकमा राजनीतिक यात्रा सुरु गरेको संगठनले २०१४ मा सवा सय वर्षको राजनीतिक विरासत बोकेको कंग्रेसलाई अस्तित्वविहीन हुने गरी निर्वाचनमा पछारिदियो। त्यसपछि कंग्रेस र यसमा आबद्ध बुद्धिजीवी तथा नागरिक समाजलाई मात्र प्रजातन्त्रको हिमायती ठान्नेका लागि त्यो चुनाव प्रजातन्त्रको पराजयको प्रतीक जस्तै बन्यो।

यहीबीच अमेरिका, युरोप र अरू राष्ट्रमा पनि प्रजातन्त्रका पर्यायवाची ठानिएका राजनीतिक दलहरू जनताको अदालतबाट नराम्रोसँग दण्डित हुन पुगे। संसारका नाम चलेका विश्वविद्यालयका राजतीतिशास्त्रका गुरुहरूले किन जनताले परिवर्तन खोजेका छन् भन्ने भन्दा पनि कसरी प्रजातन्त्र कमजोर हुँदै छ भन्ने विषयमा एक सयभन्दा बढी पुस्तक प्रकाशित गरे होलान्।

यहाँनिर बुझ्नुपर्ने पक्ष के हो भने भारतलगायत सबै देशमा यस्तो राजनीतिक परिवर्तन विधिवत् निर्वाचन प्रक्रियाबाटै भएका हुन्। यो निर्वाचन प्रणाली पश्चिमेली उदारवादी प्रजातन्त्रका प्रवर्तकहरूले नै प्रचलनमा ल्याएका हुन्। बरु धेरैजसो राष्ट्रले उनीहरूभन्दा एक खुट्किलो अगाडि आएर निर्वाचन प्रक्रियामा सबैको प्रतिनिधित्व हुने परिपाटीको विकास गरेका छन्।

तर दुःखसाथ भन्नुपर्छ, विधिवत् प्रक्रिया पूरा गरी सरकारमा आएर जनचाहनाअनुसारै काम गरे पनि त्यसलाई प्रजातन्त्रसँग तुलना गरिँदैन। भाजपाको सरकारलाई पनि पश्चिमा र तिनीहरूद्वारा निर्देशित दक्षिण एसियाका अधिकांश संचारकर्मी र (अ-नागरिक समाजका प्रतिनिधिहरूले भिन्न हिसाबले बुझे। आमजनताको बुझाइ भने जहिले पनि तथाकथित सचेत वर्गको भन्दा फरक पाइन्छ। अनुदारवादी भनेर पहिचान गरिएका राजनीतिक दलहरूको अनपेक्षित राजनीतिक उदय र विजय यसको प्रत्यक्ष उदाहरण हो।

भारतमा राजनीतिक दलहरू समग्र रूपमा दुइटा धारमा विभाजित छन्। प्रजातन्त्र, विकास, राष्ट्रिय सुरक्षा, विदेश सम्बन्ध, धर्म, संस्कृति र पारम्परिक मूल्यमान्यताबारे दुवै पक्षको आआफ्नै बुझाइ छ। प्रजातन्त्र र संवैधानिक मूल्यमान्यताका लागि जसरी भए पनि भाजपालाई सरकारमा आउनबाट रोक्नुपर्छ भन्ने कंग्रेसको धारणा छ भने भाजपा र यसका राजनीतिक सहयात्री दलहरूको बुझाइ फरक छ।

यो पक्ष भारतीय मौलिकतामा विश्वास गर्छ र यही मौलिकतामा टेकेर आधुनिक भारतको निर्माण गर्नु जरुरी ठान्छ। यो पक्षका समर्थकहरू विगतको गौरवशाली र सम्पन्न भारतको पुनःस्थापना गर्न चाहन्छन् र भारतलाई 'विश्वगुरु' का रूपमा अघि बढाउन चाहन्छन्, त्यहीअनुसारको अन्तर्राष्ट्रिय र क्षेत्रीय सम्बन्ध विकास गर्न चाहन्छन्। जहाँसम्म पहिलो धार (कंग्रेसले नेतृत्व गरेको) मा सहभागी दलहरू छन्, उनीहरू विश्वव्यापी मूल्यमान्यताअनुसार भारतीय मूल्यमान्यतालाई परिभाषित गरिनुपर्छ भन्दै त्यसैबाट आर्थिक समृद्धि, प्रजातन्त्र र राष्ट्रिय सुरक्षाको प्रत्याभूति हुने विश्वास दिन खोज्दै छन्।

हुन त यदाकदा जनै लगाउने र मन्दिर( मस्जिद दगुर्ने परिपाटीको विकास भएको देखिन्छ तर परिस्थिति बदलिएको छ। भारतीय चुनाव प्रियंका गान्धी वाड्राले भने जस्तै विचारधाराको लडाइँ हो। कंग्रेसको र यसका सहयात्री दलहरूको लोकप्रियतामा ह्रास र चुनावमा नकारात्मक परिणाम आउनुपछाडिको मूल कारण नै यही हुनेछ। यी राजनीतिक दलहरूको मूल समस्या भनेको आफ्नै समाजको सबल पक्षलाई चिन्न नसक्नु हो। भारतले संसारका जीवित पुरातन सभ्यताहरूमध्ये सनातन सभ्यताको प्रतिनिधित्व गर्छ र आमनागरिकको बुझाइ



यो पुरातन सभ्यताको संरक्षण र संवर्द्धनमा भाजपा संवेदनशील छ भन्ने रहिआएको छ। भारतीयहरूले जति जति आफूलाई चिन्नेछन्, त्यति त्यति अरू राजनीतिक शक्ति कमजोर हुनेछन्। यसको प्रत्यक्ष उदाहरण हो- छोटो समयमा मोदीको राजनीतिक उदय।

आमनागरिकको बुझाइ राजनीतिक फाइदाका लागि कंग्रेसले अल्पसंख्यक र बहुसंख्यकविरुद्ध प्रयोग गरेको र बहुसंख्यकको धार्मिक(सांस्कृतिक आस्था र परम्पराको खिल्ली उडाएको, धर्म र आस्थालाई विज्ञान र प्रमाणसँग जोडेर झूटा साबित गर्न खोजेको भन्ने छ। यसको प्रमुख उदाहरण केही वर्षअघिको 'रामसेतु' विवाद हो।

केही वर्षदेखि 'विश्वव्यापीकरण' प्रक्रियाको स्थानीयकरण गर्नुभन्दा 'स्थानीयता' लाई नै विश्वव्यापीकरण प्रक्रियामा समाहित गरिनुपर्छ भन्ने विचारको वर्चस्व बढ्दै गएको छ। यसको प्रत्यक्ष असर राजनीति र नागरिकमा पर्न गएको छ। यो विचारधाराले संसारभरि लोकप्रियता पाउँदै छ, जसको प्रत्यक्ष असर अहिले भारतको निर्वाचनमा पर्दै छ।

भाजपाले पछिल्ला पाँच वर्षमा रोजगारी र आर्थिक क्षेत्रमा चाहेजस्तो सफलता प्राप्त गर्न नसके पनि नागरिकको उसप्रति विश्वास बढ्दै जानुपछाडिको पहिलो कारण यही हो। दोस्रो प्रमुख कारण भारतको सन्दर्भमा यो भन्दा अहम् छ। त्यो हो( भाजपाले दिन सक्ने सुरक्षा प्रत्याभूति। यो प्रत्याभूति कंग्रेसले बहुमतको सरकार बनाउने सम्भावना भए पनि र बनाए पनि दिन सक्दैन।

भारत आर्थिक क्षेत्रमा तुलनात्मक रूपमा अघि बढे पनि सुरक्षाका दृष्टिकोणबाट अति कमजोर हुन गएको छ। यसको प्रमुख श्रेय कंग्रेसले अंगीकार गरेको नीतिलाई जान्छ। भारत अहिले चारैतिरबाट असुरक्षाको घेरामा छ। बाहिरबाट 'गजनवे हिन्द' को सिद्धान्तले प्रेरित इस्लामिक विचारधारा तथा आईएसआईको सम्भावित हमलाको सम्भावना त्यत्तिकै देखिन्छ। उत्तर(पूर्वी राज्यमा देखिएका विखण्डनकारी आन्दोलन कुनै पनि बेला उग्र रूपमा परिणत हुन सक्छन्। काश्मीरको समस्या सत्तरी वर्षदेखि कायमै छ र दिनप्रतिदिन संवेदनशील हुँदै गएको छ। आउने दिनमा काश्मीर भूराजनीतिको झन् ठूलो केन्द्रविन्दु हुनेछ। विडम्बना नै भन्नुपर्छ, भारत पाकिस्तान टुक्रयाउन सफल भयो तर शैव सभ्यताको केन्द्रविन्दु मानिने काश्मीरको समस्या समाधान गर्न त्यति सजिलो देखिँदैन। यस्ता संवेदनशील राष्ट्रमा कमजोर सरकार अभिशाप सिद्ध हुनेछ।

भारत सुरक्षाका हिसाबले जतिजति कमजोर हुन जान्छ, त्यसको प्रत्यक्ष असर छिमेकी राष्ट्र र चीनमा पनि पर्न जानेछ। चीन शक्तिशाली हुनका लागि भारत पनि नीतिगत रूपमा प्रस्ट र राजनीतिक रूपमा सबल हुन जरुरी छ भन्ने चीनले राम्ररी बुझेको छ। सायद त्यही भएर, चीन मात्र एउटा यस्तो देश हो जो भारतमा मोदीको सरकार फेरि देख्न चाहन्छ।

भाजपाको विदेशनीतिप्रति चीन विगतका सरकारहरूले लागू गरेको नीतिभन्दा बढी सकारात्मक देखिन्छ। समस्याका बाबजुद भारत(चीन सम्बन्ध केही वर्षदेखि स्थिर छ। चीन कंग्रेसलाई पश्चिमापरस्थ र राजनीतिक दूरदर्शिता नभएको दलका रूपमा बुझ्छ। अर्को पक्ष भनेको दक्षिण एसियामा भोलिका दिनमा आतंककारी क्रियाकलाप बढ्नेछन् र यस्ता घटनासँग चीन र भारत सँगै मुकाबिला गर्न चाहन्छन्। गत वर्ष नरेन्द्र मोदी र सी चिनफिङबीच यस विषयमा युवानमा एक किसिमको समझदारी पनि भएको छ।

त्यसै गरी केही दिनअगाडि श्रीलंकामा भएको आतंककारी हमलाबाट भारतीय आमनागरिक त्रस्त देखिन्छन् र प्रदेशमा जे भए पनि केन्द्रमा बलियो सरकार देख्न चाहन्छन्। परिस्थिति पनि नाटकीय ढंगले भाजपाका पक्षमा गएको छ र कंग्रेस एकपछि अर्को विवादमा मुछिँदै गएको छ। क्षेत्रीय पार्टीहरूमा भारतजस्तो देश सञ्चालन गर्ने क्षमता देखिँदैन।

बाहिर भन्न नसके पनि भित्री रूपमा विपक्षीहरूले पनि मोदी सरकारले दिएको सुरक्षा र सुशासनको राम्रै प्रशंसा गरेको पाइन्छ। यद्यपि उनले लागू गरेको आर्थिक नीतिले भने मध्यमवर्ग ठूलो चपेटामा पर्न गएको छ। सायद उनीहरूकै पीडालाई नै मध्यनजर गरेर, उसले आफ्नो संकल्पपत्रमा आर्थिक र मौद्रिक नीतिमा पुनर्विचार गर्ने प्रतिबद्धता जनाएको छ।

एउटा वर्गलाई भने सन् २०१४ पछि भारतमा प्रजातन्त्रको चीरहरण भएको भन्ने लागेको छ र उसले ज्यादै अप्ठ्यारो महसुस गरेको छ। यद्यपि भाजपा प्रक्रिया पूरा गरेरै सरकारमा आएको हो। यो सोचाइ राख्नेहरूको मूल समस्या भनेको आफूअनुसारको भएपछि प्रजातन्त्र हुने, कथंकदाचित त्योभन्दा बाहिर गयो भने अप्रजातान्त्रिक हुने हो। त्यसलाई जसरी पनि रोक्नुपर्छ भन्ने निषेधको राजनीतिक संस्कृतिले उदारवादी प्रजातन्त्रलाई नै संकटमा उभ्याएको छ।

बढ्दो भूमण्डलीकरणको राप र तापले गर्दा एक देशको राजनीतिक रसायनले अर्को देशको समीकरण र सन्तुलनलाई प्रभावित पार्दछ। खास सन्दर्भमा भने हो भन्ने उदार अर्थ व्यवस्थाको बिगबिगीले गर्दा पश्चिमा मुलुकहरूले चीन र भारतको आन्तरिक मामिलामा बढी चासो देखाइरहेका छन्। चीन र भारतमा बलियो नेतृत्व हुनु पश्चिमा सर्वोच्चतालाई चुनौती हो। यस अर्थमा सन् २०१९ को भारतीय लोकसभाको चुनावको चासो पश्चिमा जगतमा अपेक्षाकृत बढी देखिएको छ।

भारतमा बलियो सरकार हुनु, नेतृत्व अब्बल हुनु र अर्थतन्त्र सुदृढ हुनु पश्चिमाका लागि त्यतिको शुभसंकेत होइन। अमेरिकी नीतिअनुसार भारतमा कमजोर सरकार हुने बित्तिकै भारतलाई चीनविरुद्ध उक्साउन र भारत भूमिमा चीनविरोधी चलखेल गर्न उपयुक्त वातावरण निर्माण हुन्छ। इतिहासबाट के प्रमाणित हुन्छ भने सन् २००४ सम्म बाजपेयी नेतृत्व अमेरिकी पदचापमा हिँड्न चाहेन। बाजपेयीको परमाणु परीक्षणपछि अमेरिकी दबाब उत्कर्षमा नै पुग्यो। आर्थिक नाकाबन्दी, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको दबाबमा बाजपेयीले अमेरिकी दबाबलाई स्वीकार गरेन। यसै परिवेशमा सन् २००४ पछि पश्चिमा चलखेल र योजनाअनुरूप प्रणव मुखर्जी र अर्जुन सिंहजस्ता दिग्गज नेतालाई उछिन्दै डा. मनमोहन सिंहलाई प्रधानमन्त्री बनाइयो।

सन् २००४ देखि सन् २०१४ सम्म मनमोहन सिंहको नेतृत्व विश्व मुद्राकोष, विश्व बैंक र अरू दातृ संस्थाको दबाबको कारणले भारतको आकार र क्षमताअनुसार सशस्त्रीकरण गर्न सकेन। पाकिस्तानसँग एफ १६ हुनु र भारतसँग नहुनुले यसको यथार्थतालाई जाहेर गर्दछ। सन् २०१४ पछि मोदी नेतृत्वले भारतको छुट्टै पहिचान र भारतको सुरक्षा संवेदनशीलतालाई मध्यनजर राख्दै रुससँग आफ्नो निकट सम्बन्ध बनाउन अग्रसरता देखाए। एसियाका तीन महाशक्ति रणनीतिक ढंगले बडो त्रिकोणात्मक सम्बन्ध विकसित गरिरहेका छन्।

चीन र भारतको हरेक विवादमा रुसको भूमिका मध्यस्थकर्ताका रूपमा देखिएको छ। सारा संसारको उक्साहटका बाबजुद पनि डोकलम विवाद ब्रिक्स सम्मेलनको प्रछायाले नेपथ्यमा पुग्यो। खास अर्थमा भन्ने हो भने चीनले भारतको राजनीतिमा स्थायित्व खोजेको छ। भारतको तीव्र आर्थिक विकास, लगानीमैत्री वातावरण, जनसांख्यिक लाभ, प्रचुर मात्रामा व्यापारको वातावरणको निर्माण स्थिर सरकार भए मात्र सम्भव छ भन्ने चीनको बुझाइ छ।

अर्थात् समृद्ध भारतको मौद्रिक फाइदा सबैभन्दा बढी चिनियाँ खातामा जान्छ। इतिहासले प्रमाणित गरेको छ कि भारतका विरुद्ध चीन कहिले पनि अमेरिकी वा पश्चिमाका लागि प्रयोग भएको छैन। सन् १९७१ तिर हेनरी किसिन्जरले चीनलाई हिमाली भागबाट भारतविरुद्ध आक्रमण गर्न उक्साएका थिए र साथै हिन्द महासागरबाट अमेरिकाले भारतलाई पेल्न तयार थियो। त्यसको प्रमुख कारण के थियो भने इन्दिरा पाकिस्तानको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै बंगलादेशको धाईआमा बन्न खोजेकी थिइन्। पाकिस्तानसँग अमेरिका र चीनको सामरिक मधुरता थियो। तर, हेनरी किसिन्जरको प्रभाव चीनमा परेन। अर्को शब्दमा भन्ने हो भने चीनले आफ्नो भारतसम्बन्धी नीतिमा अन्तर्राष्ट्रिय राजनीति र दबाबबाट प्रभावित हुँदैन।

यो परिवेश सन् २०१९ को परिणाम मोदी पक्षमा हुनुपर्दछ भन्ने चीनको शुभेक्षा र आकांक्षा रहेको कुरा चिनियाँ पत्रिका ग्लोबल टाइम्सका विभिन्न आलेखको मनशाय रहेको छ। अर्कोतर्फ पश्चिमा मिडिया, आईएनजीओ र विभिन्न इशाइ संघ/संगठनले मोदीविरुद्ध व्यापक रणनीति बनाएको देखिन्छ। यसको प्रभाव भारतको उत्तरी पूर्वीय राज्य, झारखण्ड र केही दक्षिणी प्रान्तमा देखिन्छ।

*(एजेन्सीहरुको सहयोगमा)*


# विश्वकै ठूलो शिला पवित्र शालिग्राम नेपालमै

शिला शालिग्राम, एक प्रसिद्ध नाम। नामले नै यसको महत्व र पहिचान झल्काउने सामर्थ्य राख्न सक्दछ। भौतिक रूपमा हेर्दा यो एक ढुंगा मात्र हो, त्यो पनि विश्वकै ठूलो। तर, यो ढुंगो हेर्न प्रत्येक दिन सयौं मान्छे जान्छन्। यो ढुंगोलाई हिन्दू धर्मावलम्बीले भगवान् विष्णुको अवतारको रूपमा पुज्ने गर्दछन्। स्वस्थानी कथामा जालन्धरकी श्रीमती वृन्दाको पतिव्रता छद्म भेषमा भगवान् विष्णुले नष्ट गरेपछि वृन्दाले उनलाई चार श्राप दिएकी थिइन्।

ती चार श्रापमध्येको एक पत्थर बन्नुपरोस् भन्ने श्रापका कारण भगवान् विष्णुले शिला शालिग्रामको रूप लिएको किंवदन्ती सुन्न पाइन्छ। यो, त शिला शालिग्रामको एक धार्मिक पहिचान मात्र हो। मानवीय संवेदनाका कुनै पनि क्षणमा मानिसहरूले सम्झने आस्थाको केन्द्रको रूपमा पनि शिला शालिग्रामलाई लिने गरिन्छ।

मुक्तिनाथ र गलेश्वरपछि कालीगण्डकीले छुने अर्को प्रसिद्ध धार्मिक पर्यटकीय स्थल पनि शालिग्राम नै हो। शिलालाई दाहिने पारेर बग्ने कालीगण्डकी नदीले पनि शिला शालिग्रामको महत्व अझै बढाएको छ। हिन्दू धर्मावलम्वीहरूको प्राय सबै संस्कारहरूको शिला शालिग्राममा नै पूजाआजा गरी गर्ने गरिएको छ। यो चलनको सुरुवात कहिलेदेखि भयो भन्ने यकिन तथ्य भने छैन। धार्मिक कुराले मात्र होइन, शिला शालिग्राम भौगोलिक कारणले पनि उत्तिकै चर्चित छ। संघीयता आउनुपूर्व साविकको नेपालको राजनीतिक विभाजनअनुसार यो पश्चिामाञ्चल विकास क्षेत्रमा पर्दछ र हाल प्रदेश नं. ४ मा रहेको छ। जिल्ला र प्रदेशकै पर्यटकीय गन्तव्यमा दरिएको शालिग्रामलाई पर्वतले मात्र पर्यकटीय सूचीमा राखेर प्रचारप्रसार गर्दै आइरहेको छ।

शिला शालिग्रामले साबिकका तीन अञ्चल



धौलागिरी, गण्डकी र लुम्बिनी तथा पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सिमानाको रूपमा पनि काम गरेको छ। हाल दुई प्रदेशका तीन जिल्लाको सीमाक्षेत्रमा शिला शालिग्राम रहेको छ। प्रदेश ५ को गुल्मी तथा प्रदेश ४ का पर्वत र स्याङ्जाले पनि जिल्लाको पर्यटकीय क्षेत्रको रूपमा शिला शालिग्रामलाई उदाहरणको रूपमा लिने गर्दछन्। यो त भयो जिल्लागत, धार्मिक तथा भौगोलिक वस्तुस्थिति। तीन जिल्ला, दुई प्रदेशले आफ्नो गौरवको रूपमा शिला शालिग्रामलाई देखाएतापनि यी सबै प्रदेश र जिल्लाकै तानातानको कारण शिला शालिग्राम अहिले बेवास्तामा परेको छ।

आज प्रत्यक्ष सीमानामा जोडिने स्याङ्जाको गल्याङ नगरपालिका र पर्वतको विहादी गाउँपालिका यी दुवैले शिला शालिग्रामलाई आफ्नो भूभागमा पर्ने दाबी गरिरहँदा शिलाको भौतिक अवस्था भने कुरूप बन्दै गइरहेको छ। वास्तवमा शिलाको बायाँतर्फबाट बग्ने सेतीखोलाले दशकअघि शिला शालिग्रामलाई बीचमा पारेर बग्ने गर्दथ्यो र त्यतिबेला पनि पर्वत तथा स्याङ्जा दुवैले सीमाक्षेत्रमा परेको हुँदा आफ्नो जिल्लामा परेको दाबी गर्दथे।सेतीखोलाले नै पर्वत र स्याङ्जाको सिमाना पनि छुट्याएको छ।शिला शालिग्राममा साबिकको पर्वत जिविसले नै मर्मत तथा संरक्षण गर्दै आइरहेको थियो।

हालसम्म पर्वतको जिविस होस् वा तत्कालीन गाविस, शालिग्रामको संरक्षणका लागि पर्वतले नै लगानी गर्दै आइरहेको छ। शिला संरक्षण तथा व्यवस्थापनका लागि पर्वतले नै केही वर्षअघि बृहत् ज्ञानमहायज्ञसमेत आयोजना गरेको थियो।शिला शालिग्राम, एक प्रसिद्ध नाम। नामले नै यसको महत्व र पहिचान झल्काउने सामर्थ्य राख्न सक्दछ।

भौतिक रूपमा हेर्दा यो एक ढुंगा मात्र हो, त्यो पनि विश्वकै ठूलो।शालिग्राममा दर्शनार्थी परिक्रमा गर्ने स्थल भत्किएको एकवर्ष बितिसक्दा पनि त्यसको पुनर्निर्माण भने हुन सकेको छैन।

स्थानीय तह कार्यान्वयनमा आइसकेपछि भने बिहादी गाउँपालिकाले अघिल्लो बजेटमा पनि यसलाई समावेश गर्न सकेन, स्याङ्जाको गल्याङ नगरपालिकाको नजरमा यो पर्न सकेन। तर, स्थानीय तहको बजेटले यसको संरक्षण गर्न सम्भव भने छैन।

विहादी गाउँपालिकाले शालिग्रामको संरक्षणका लागि तटबन्ध तथा संस्कृति जोगाउन पौवाहरू बनाउने योजना बनाएको छ।तर, ठूलै योजना बनाएर यसको संरक्षण गर्ने उपाय भने स्थानीय तहको वशमा छैन। दुई वर्षअघि साउन १२ गते कालीगण्डकी नदीमा पानीको सतह बढ्दा शिलालाई नै कैयौं दिनसम्म डुबाएको थियो। त्यतिबेला नै शिलाको परिक्रमास्थल भत्किएको हो। त्यो अहिलेसम्म पनि बन्न सकेको छैन्। वर्षैपिच्छे आउने बाढीका कारण त्यहाँका स्थानीयहरू वर्षातको समयमा सधैं त्रासमा रहने गर्दछन्। यसकोदिगो समाधानका लागि पनि स्थानीय तहहरूले योजना बनाउन सकेका छैनन्।

गतवर्षको स्थानीय तहको चुनावमा लोकप्रिय नारा बनेको शिला शालिग्राम चुनावपछि हराएको छ। त्यहाँ केवल हिन्दू धर्मप्रति आस्थावान् व्यक्तिहरू दर्शन गर्न जाने हुँदा मात्र चहलपहल देखिन्छ।

शिला शालिग्राममा ठूलीएकादशी र वैशाखे संक्रान्तिका कारण वर्षमा दुईपटक दर्शनार्थीको भेला हुने गरेको छ। हरेक वर्षका दुई धार्मिक तिथिमा शालिग्राममा लाग्ने बृहत् मेला तथा दर्शनार्थीहरूले अहिलेसम्म यसको सांस्कृतिक महत्व भने कमजोर हुन दिएका छैनन्। एक आस्था र धर्मकै कारण हालसम्म समयसमयमा चर्चामा आउने शालिग्रामको भौतिक स्वरूप परिवर्तन हुँदै गर्दा यो सम्बन्धित निकायको बेवास्तामा पर्दै गइरहेको छ।

पछिल्लो समय कालीगण्डकी लोकमार्गको निर्माणकार्यले पनि यसको अस्तित्व संकटमा पर्दै गइरहेको छ। लोकमार्गका लागि सेतीखोलामाथि मोटरेबल पुल निर्माण गर्दै शिला परिसरबाट नै अवैध रूपमा बालुवा र कंक्रिटहरू झिकिएका छन्। शिलालाई घुम्ने सेतीखोलाको बीचमा नै ट्र्याक्टर र डोजरहरू चलाइँदा यसको भित्री सतहमा असर पुग्ने देखिन्छ। अर्कोतर्फ खोलालाई गहिर्‍याउँदै जाँदा वर्षात्मा यसले बाढी-पहिरोका कारण मानवीय घटना पनि घटाउन सक्ने जोखिम बढिरहेको छ।

धर्मको आस्थाको केन्द्र, भूगोलको सिमाना, अनि पर्यटकीय र ऐतिहासिक केन्द्र शिला शालिग्रामको अस्तित्वको संरक्षणको विषयमा अहिले नै दीर्घकालीन समाधानबारे नसोचे भविष्यमा यसको अस्तित्व नै नरहन पनि सक्छ।

प्रदेशसभामा नै शालिग्रामलाई विश्वसम्पदा सूचीमा राख्नुपर्ने माग उठिरहँदा यसतर्फ सबैले गम्भीर भएर सोच्न जरुरी छ। जाउँ एकपटक घुमौं सेतीवेणी, शिलाको दर्शन गरौं, अनि दिगो मर्मतका लागि अभियान सुरु गरौं।

प्रेरक

## गाली र प्रशंसा



एकपटक एकजना समाजसेवी कतै जाँदै थिए । लामो यात्रा गर्दा बाटामा पानी पिउन नपाएकाले उनलाई तिर्खाले निकै सतायो । उनले त्यस बाटामा एउटा इनार खाँचो भएको महसुस गरे । उनले आफ्नै लगानीमा बाटाछेउको चौतारो सँगैको खाली जमिनमा एउटा इनार खनाए । इनारसँगै पानी तान्ने बाल्टिन र पिउने अम्खोराको पनि व्यवस्था गरिदिए ।

सो बाटो हुँदै दैनिक हजारौं मानिस ओहोरदोहोर गर्थे । चर्को घाममा तिर्खाले आकुलव्याकुल परेका यात्रु चौतारामा विश्राम गर्थे र इनारको चिसो पानी पिएर तिर्खा मेटाउँथे । तिर्खा मेटाएर हिँड्दै गर्दा उनीहरू इनार खनाउने मान्छेको प्रशंसा गर्थे । कस्तो धर्मात्मा मान्छे रहेछन्, यस्तो उपयुक्त ठाउँमा इनार खनेर सबैको तिर्खा मेटाउने काम गरे । तिनको जयजय होस् ।

मानिसहरू रातदिन सोही बाटो हुँदै यात्रा गरिरहेकै थिए । तिर्खा मेट्ने यात्रुले इनार खनाउने समाजसेवीको प्रशंसा पनि गरिरहेकै थिए । त्यस्तैमा एक औंसीको रातमा एकजना यात्रु सोही बाटो हुँदै आफ्नो गन्तव्यतिर लम्किरहेका थिए । जब इनारनजिकै पुगे, बटुवाले पिउँदा पोखिएको पानीले लेउ लागेको ढुंगामा चिप्लिएर उनी इनारमा खसे ।

रातको समयमा उनको उद्धार गर्ने कोही भएन । उनको इनारमै मृत्यु भयो । त्यस दिनदेखि सो इनारको नाम 'भुताहा इनार' रह्यो । मानिसहरू त्यहाँबाट हिँड्दा इनार खनाउने मान्छेलाई गाली गर्न थाले । कस्तो बेवकुफ होला, यति धेरै मानिसले आवतजावत गर्ने ठाउँमा इनार खनेर पासो थाप्ने ! त्यस्ताको त सात जन्म भलो नहोस् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला। सहयोगीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। अप्ठ्यारो पर्दा साथ दिने थोरै हुनेछन्। बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ। मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला। बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ।

### बृष

पहिलेको संकल्प पूरा गर्ने समय छ। काममा राम्रो सुरुवात हुनाले सोचेको नतिजा हातलागी हुनेछ। प्रशंसकहरू बढ्नेछन् र शुभचिन्तकहरूको साथ पाइनेछ। बुद्धिको उपयोगले विद्या र धन आर्जन हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। चिताएको काम बोलीको भरमा सम्पादन हुनेछ। विचारले धेरैलाई आकर्षण गर्न सकिनेछ।

### मिथुन

आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि नयाँ काम गर्न हौसला प्रदान गर्नेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

### कर्कट

खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपरे पनि उपलब्धि हातपार्न सकिनेछ। शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ। तर सानो कामलाई अत्यधिक खर्च हुनेछ। बेसुरको निर्णयले पछिलाई समस्या पर्न सक्छ। छर-छिमेकमा असमझदारी बढ्नेछ। आफन्त पनि टाढा हुनेछन्।

### सिंह

पहिलेका कर्मयोगबाट विशेष फल प्राप्त हुने समय छ। व्यापार बढ्नेछ भने साझेदारीबाट लाभ मिल्नेछ। तर, परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न निकै श्रम गर्नुपर्नेछ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम बन्नेछ।

### कन्या

ठूलो उपलब्धि प्राप्त गर्न केही कुरा त्याग्नुपर्ला। काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ने देखिन्छ। मिहिनेतले आंशिक सफलता प्राप्त हुनेछ। फाइदा कमै भए पनि आँटेको काम सम्पादन हुनेछ। आफ्नो कमजोरी बाहिरिनाले आलोचकहरू बढ्न सक्छन्। अरूको उपकार गर्न सकिनेछ। तर धेरै समर्पणले पनि स्वाभिमानमा दाग लाग्न सक्छ। बुद्धिको उपयोगले मात्र लक्ष्य प्राप्त हुनेछ।

### तुला

मिहिनेत गर्दा भाग्यले पनि अवसर दिलाउनेछ। टाढिएका शुभचिन्तकहरू नजिकिनाले प्रसन्नता मिल्नेछ। परोपकारी काममा सहभागी भइनेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम सुरु हुनेछ। तर आफ्ना कमजोरीको फाइदा उठाउनेहरू निकै सक्रिय हुनेछन्। धेरै समय अड्का लागि जुट्नुपर्नेछ। लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला।

### बृश्चिक

व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ। बेसुरमा काम गर्ने बानीले समस्या निम्त्याउन सक्छ। समयमा गम्भीर नबन्दा व्यर्थैमा दुस्ख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला। कामको चाप बढ्नेछ भने बाध्यात्मक परिस्थितिले पनि अलमल्याउन सक्छ।

### धनु

मानसम्मान प्राप्त हुनुका साथै प्रियजनसँग रमाइलो भेटघाट, घुमफिर तथा मनोरञ्जनको समय छ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ। आँटेका काममा साथीभाइबाट सहयोग मिल्नेछ।

### मकर

विवादास्पद काममा अलमलिनुपर्दा चिताएको काम रोकिन सक्छ। अवसरवादीहरूबाट सजग रहनुहोला। आफ्नै कमजोरीले चिन्ता बढाउन सक्छ। परिस्थिति अलि संघर्षपूर्ण रहला। बलजफ्तीले समस्या निम्त्याउन सक्छ। अप्ठ्यारो पर्दा मान्यजन तथा शुभचिन्तकहरूले साथ दिनेछन्। ईर्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा आस मारेको नतिजा सकारात्मक हुनेछ।

### कुम्भ

एकसाथ चुनौती र लाभको अवसर प्राप्त हुन सक्छ। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। चिताएको काममा मेसो नमिल्दा योजना पूरा नहुन सक्छ। हल्लाको पछि लाग्दा आफ्ना कामबाट अरूले फाइदा उठाउलान्। तापनि सेवामूलक कामबाट धनलाभ हुनेछ। प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। दिगो लाभ हुने काम प्रारम्भ हुनेछ।

### मीन

आवेशमा गरिएको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला। ईर्ष्या गर्नेहरूले नै काममा अवरोध पुऱ्याउन सक्छन्। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला। मिहिनेत गर्दा जटिल ठानिएको काम समेत सम्पादन हुनेछ। रोकिएका काममा भने दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। आफन्तजनले उत्साह जगाउनेछन् र दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Treatise = विश्लेषणयुक्त लेख For earning a graduate degree one has to preparing a treatise on the given subject (स्नातक तह उत्तीर्ण गर्नको लागि हरेकले दिइएको विषयमा एक विश्लेषणयुक्त लेख तयार गर्नुपर्छ ।

Uninhibited = उत्ताउलो Her inhibited laughter shocked those participating in the funeral ceremony (उनको उत्ताउलो हाँसोले मलामी जानेहरूलाई ठूलो चोट पुऱ्यायो)

Virtuoso = अति दक्ष His handling of the meeting was quite a virtuoso performance (उसको बैठक संचालन गर्ने तरिका अति नै दक्षपूर्ण थियो ।

Wither = पहेंलो हुँदै गएको In winter one see the trees with withered leaves (हिउँद महिनामा सबै रुखका पातहरू पहेंला देखिन्छन्)

Axiom = स्वतः प्रमाणित The definition of Geometry depends upon certain principle of axiom (ज्यामितिको व्याख्या स्वतः प्रमाणित सिद्धान्तको आधारमा गरिन्छ)

Bogus = नक्कली वा अनधिकृत Sometime bogus banknotes are found in circulation (कहिलेकाही नक्कली नोटहरू बजारमा भेटिन्छन्)

Curator = सुपरिवेक्षक The plan proposed by the curator of the museum could not satisfy the Board members (म्युजियमको सुपरिवेक्षकद्वारा प्रस्तुत योजनाले संचालक समितिका सदस्यहरूलाई चित्त बुझाउन सकेन)

Distend = विस्तार हुनु, फुल्नु Whenever he is under stress, the veins distend on his forehead (जब ऊ चिन्तामा हुन्छ उसको निधारका नशाहरू फुल्छन्)

Extenuate = कमजोर पार्नु वा कम गर्दै लग्नु Everyone should try to extenuate one's shortcomings rather than criticizing other's (हरेकले अरुको कमजोरीको खिल्ली उडाउनुभन्दा आफ्नै कमजोरीलाई कम गर्दै लग्ने कोसिस गर्नुपर्दछ )

Frenzied = अति नै उत्तेजित Even the armed police could not control the frenzied crowds (सशस्त्र प्रहरीले समेत अति नै उत्तेजित भीडलाई नियन्त्रणमा लिन सकेन)

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get somebody by = अठ्याउनु, च्याप्प समात्नु They got him by the wrist as soon as he came out of the door तिनीहरुले उसलाई ढोका बाहिर निस्कने बित्तिकै उसको नाडी च्याप्पै समाते ।

Get for = दण्ड दिनु If you do'not stop such thing I get you for that. तिमी यस्तो हर्कत रोक्दैनौ भने म तिमीलाई दण्ड दिन्छु ।

Get in = लाग्नु The stone got him in the forehead ? ढुंगा उसको निधारमा लाग्यो ?

Get something = बुझ्नु I did not get what you said तिमीले भनेको कुरा मैले बुझिनँ ।

Get somebody = क्रोधित बनाउन It really gets me when you commits mistake again and again तिम्रो बारम्बारको गल्तीले मलाई साँच्चै नै क्रोधित बनाउँछ ।

Be getting on = बुढा हुनु As his grand father is getting on, he does not go outside बुढा हुँदै गएको कारण उसको हजुरबुवा बाहिर निस्कन हुन्न ।

Be getting on for = हुन लाग्नु As midnight is gettting on for should stop playing card and go to bed मध्यरात हुन लागेको कारण तास खेल्न छोडी हामी सुत्न जानुपर्छ ।

Get over something = अचम्मित हुनु, विस्मयमा पर्नु I got over how rude she was तिनी कस्ती पाखे रहेछिन भन्ने कुराले मलाई अचम्मित बनायो ।

Get along with = उस्तै उस्तै हुनु I do not know your age however I believe we get along मलाई तिम्रो उमेर थाहा छैन तर हामी उस्तै उस्तै हुने कुरामा म विश्वस्त छु ।

Get away with = छोटो विदा लिनु While getting dinner, she watches TV बेलुकीको खाना खाँदै गर्दा तिनी टेलिभिजन हेर्छिन ।

## सुडोकु-अंक १५०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | | ९ | | | ७ | | |
| | | | | २ | ५ | ४ | | |
| | | | | | | | ३ | ५ |
| | | | | ७ | | ८ | | |
| | | ७ | १ | ६ | ८ | ९ | | |
| | | ९ | | ३ | | | | |
| ८ | ३ | | | | | | | |
| | | २ | ३ | १ | | | | |
| | | ४ | | | ७ | | | ६ |

## अंक १४९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ९ | २ | ४ | ५ | ३ | ७ | १ | ६ |
| ७ | ३ | ४ | १ | ८ | ६ | ५ | ९ | २ |
| ६ | १ | ५ | २ | ७ | ९ | ३ | ८ | ४ |
| ५ | ७ | ९ | ३ | १ | ४ | २ | ६ | ८ |
| ४ | ८ | ६ | ७ | २ | ५ | १ | ३ | ९ |
| ३ | २ | १ | ६ | ९ | ८ | ४ | ५ | ७ |
| २ | ४ | ८ | ९ | ३ | १ | ६ | ७ | ५ |
| ९ | ६ | ३ | ५ | ४ | ७ | ८ | २ | १ |
| १ | ५ | ७ | ८ | ६ | २ | ९ | ४ | ३ |

मनोरञ्जन

## 'ए मेरो हजुर ३' को व्यापार फस्टायो



गत वर्षको अन्तिम फिल्म मध्येको एक 'ए मेरो हजुर ३' अहिले चौथो हप्तामा प्रदर्शनरत छ । गत वर्षको दशैंमा रिलिज भएको फिल्म 'छक्का पञ्जा ३' पछि खडेरी लागेको नेपाली फिल्मको व्यापारलाई चलायमान बनाएको यस फिल्मले पहिलो र दोस्रो हप्ता बक्सअफिसमा लोभलाग्दो व्यापार गऱ्यो । फिल्मले पहिलो हप्तामै ४ करोडमाथि व्यापार गरेको थियो । अहिलेसम्म फिल्मले ९ करोडको आँकडा छोएको हुनसक्ने फिल्म विश्लेषकको अनुमान छ ।

यस फिल्मको दुई हप्ता लामो दबदबा हलिउडको ठूलो फिल्म 'एभेन्जर्स ः इन्ड गेम' ले तोडेको थियो । तेस्रो सातामा यस हलिउड फिल्मको कारण 'ए मेरो हजुर ३' मल्टीप्लेक्समा न्यूज सोजमा खुम्चिएको थियो । मुलुकको ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले फिल्मलाई तेस्रो साताको शुक्रबार १४ सोजबाट हटाएर तीन सोजमा झारेको थियो । चौथो हप्ताको शुक्रबार फ्रेस नेपाली फिल्म 'दाल भात तरकारी' का कारण थप दुई सोज घट्यो ।

तर, दोस्रो साताबाट हलिउड फिल्म 'एभेन्जर्स' मा दर्शकको घडेरी लागेको छ । 'दाल भात तरकारी' को माउथ पब्लिसिटी पनि कमजोर हुँदा 'ए मेरो हजुर ३' लाई लोट्टी लागेको छ । चौथो हप्ताको शुक्रबार क्यूएफएक्समा एक सोजमा खुम्चिएको फिल्मले आइतवारबाट फ्रेस फिल्म बराबरकै सोज हात पारेको छ । आइतवार फिल्मले पाँच सोज र सोमवार ६ सोज पाएको छ । अन्य मल्टीप्लेक्सहरुमा पनि फिल्मलाई अझै राम्रो सोज छ ।

क्यूएफएक्सले ठूलो संख्यामा सोज घटाएर फेरि बढाउनुले 'ए मेरो हजुर ३' हेर्ने दर्शक अझै राम्रो रहेको प्रस्ट्याउँछ । निर्माण टिम फिल्मले केही हलमा ५१ औं दिन मनाउनेमा विश्वस्त छ । समीक्षकबाट खासै राम्रो प्रतिक्रिया पाउन नसकेको फिल्मलाई दर्शकले भने रुचाएका छन् । झरना थापा निर्देशित फिल्ममा अभिनेता अनमोल केसी र अभिनेत्री सुहाना थापा केन्द्रिय भूमिकामा छन् । यो फिल्मले अनमोलको फिल्म करिअरको पर्खालमा एउटा इट्टा थपेको छ ।

आजसम्म उनका कुनै फिल्मले बक्सअफिसमा ८ करोडमाथि व्यापार गरेको रेकर्ड छैन । 'क्याप्टेन' र 'क्' को कमजोर व्यापारले उनको स्टारडममाथि धेरैले प्रश्न उठाएका छन् । 'ए मेरो हजुर ३' ले उनको स्टारडमलाई फेरि उत्कर्षमा पुर्‍याएको छ । झरना पुत्री सुहानालाई पनि यस फिल्मबाट सम्भावना बोकेको अभिनेत्रीको रुपमा हेरिएको छ । उनले 'डि सिने अवार्ड' मा नव(अभिनेत्रीको अवार्ड समेत उचालिसकेकी छन् ।

## 'केबीसी' मा जितेको रकम माफी बस्तीलाई

जेठ ३ गतेबाट देशभर प्रदर्शनमा आउन लागेको प्रदीप भट्टराई निर्देशित कमेडी फिल्म 'जात्रै जात्रा' को जम्बो टिम केही दिनयता प्रचार प्रचारमा दौडिरहेको छ । गीतसंगीत र ट्रेलरले फिल्मको राम्रो हाइप निर्माण गरिरहेको अवस्थामा अभिनेता दय दयाहाङ राई र विपिन कार्कीले एपी वानमा प्रशारण हुने चर्चित टेलिभिजन शो 'को बन्छ करोडपति' मा पुगेर हाजिरजवाफ खेलेका छन् ।

'केबीसी' को हट सिटमा बसेका दयाहाङ र विपिनले कार्यक्रमका प्रस्तोता तथा नेपाली फिल्मका अभिनेता राजेश हमालले सोधेको प्रश्नको उत्तर दिएका थिए । उनीहरुले जितेको रकम भने खुलाइएको छैन । यो एपिसोड आउँदो हप्ता प्रशारण हुनेछ । दया र विपिनले 'केबीसी' मा जितेको रकम स्वेता खड्काको स्वेता श्री फाउन्डेशनलाई हस्तान्तरण गर्ने टिमले घोषणा गरेको छ ।

निर्देशक भट्टराईले भने-'हामीले 'केबीसी' बाट जति रकम जितेका छौं, त्यसमा हाम्रो टिमबाट केही थप गरेर नायिका स्वेता खड्काको स्वेता श्री फाउन्डेशनले सिन्धुपाल्चोकमा निर्माण गरिरहेको माझी बस्तीका लागि हस्तान्तरण गर्नेछौं ।' हट सिटमा बसेर नायक हमालले सोधेको प्रश्नको उत्तर दिन सहज नभए पनि रमाइलो भएको अभिनेता द्वय दयाहाङ र विपिनले बताए ।

फिल्ममा रविन्द्र झा, रविन्द्र सिंह बानियाँ, बर्षा राउत, राजाराम पौडेललगायतका कलाकारको मुख्य भूमिका छ । रविन्द्र सिंह बनियाँ कार्यकारी निर्माता रहेको यसमा शंकर महर्जन द्वन्द्व निर्देशन छ । निर्देशक भट्टराई आफैंको कथा रहेको फिल्ममा कालीप्रसाद बाँस्कोटा र कृष्ण भारद्वाजको संगीत छ । सुपरहिट फिल्मको सिक्वेल भएका कारण 'जात्रै जात्रा' माथि दर्शकको धेरै ठूलो अपेक्षा छ ।

## फेरि 'आमा' फिल्म बन्दै

नेपालमै बनेको पहिलो चलचित्र 'आमा' हो । यसैले, पनि यो चलचित्रले नेपाली चलचित्रको शब्दकोषमा एउटा छुट्टै महत्व र अर्थ बोकेको छ । वि.सं २०२० सालमा बनेको यही चलचित्रको नाम सापटी लिएर वि.सं २०५१ सालमा पनि चलचित्र बनेको थियो ।

दोश्रो पटक यो नाममा चलचित्र बनेको करिब २५ बर्षपछि निर्देशक दिपेन्द्र के खनालले यही नाममा चलचित्र निर्देशन गर्न तम्सिएका छन् । यो चलचित्रको मंगलबार काठमाण्डौमा आयोजना गरिएको कार्यक्रममा घोषणा गरियो । चलचित्रको छायांकन पनि निर्देशक खनालकै रहनेछ । असारमा छायांकन सुरु हुने चलचित्रलाई फागुणको ९ गते रिलिज गर्ने निर्माणपक्षले बताएको छ । यो चलचित्रले 'आमा र छोरी'बिचको सम्बन्धलाई देखाउनेछ ।

चलचित्रको शिर्ष भूमिकामा कलाकार सूर्यमाला खनालले काम गर्दैछिन् । खनालले चलचित्रको कथावस्तुले मन छोएपछि यो चलचित्र गर्न कस्सिएको बताइन् । चलचित्रमा सूर्यमालाको छोरीको रुपमा नायिका सुरक्षा पन्त देखिदैछिन् । चलचित्रमा भूपेन्द्र खड्काको गीत रहनेछ ।

चलचित्रमा देशभक्त खनाल, आशान्त शर्मा, मनिष निरौला, पदम बुढाको पनि अभिनय रहनेछ । चलचित्रको विषयमा निर्देशक खनालले भने-'पशुपति प्रसादपछि मनमा बस्ने यस्तो चलचित्र आएन भनेर दर्शकको गुनासो सुनिरहेको छु । यसैले, अब बर्षमा एउटा दर्शकको मनमा बस्ने, समिक्षले पनि रुचाउने चलचित्र बनाउने सोच आएको छ र म यो चलचित्र बनाउन कस्सिएको हुँ ।'

दिपेन्द्रले एउटा इतिहास बोकेको टाइटललाई आफूले हरेक कोणबाट न्याय गर्ने दावी गरे । यो चलचित्रलाई शर्मिला पाण्डेले निर्माण गर्दैछिन् । काठमाण्डौ र रामेछापको लोकेशनमा खिचिने चलचित्रका सह-निर्माता सन्तोष अधिकारी हुन् ।

## 'दाल भात तरकारी' मा के पुगेन ?

दिनहुँ १५ सय नेपाली युवा श्रम भिषा च्यापेर त्रिभुवन विमानस्थलबाट विदेशिन्छन् । यही लस्करमा हुन्छन्, स्टुडेन्ट भिषा र भिजिट भिषा बोक्नेहरु पनि । विदेशीएका नेपालीबाट वार्षिक अर्बौं रुपैयाँ रेमिट्यान्स प्राप्त हुन्छ । यसले मुलुकको अर्थतन्त्रमा ठोस योगदान पुऱ्याइरहेको छ ।

यी दुई तथ्यांकको गठजोड के हो भने, विदेशको श्रम बजारले हाम्रो रहर, बाध्यता दुवै समाहित गरेको छ । कोही रहरले तानिएर त, कोही बाध्यताले धकेलिएर समुन्द्रपारका मुलुक पुगेका छन् । यसरी विदेशिनेमध्ये एकथरी छन्, भिजिट भिषाधारी । निश्चित अवधीका लागि 'भ्रमण'मा गएका कति युवा फर्कदैनन् । त्यसैले त 'भिजिट भिषा' काखीमा च्यापेर विदेश जानेहरु सधैं शंसयको घेरामा हुन्छन् ।

युरोप-अमेरिकाको वैभवले लोभ्याएर पनि थुप्रै युवाले घरको संघारसँग दुरी बढाउँछन् । पढ्ने मेलोमेसोमा होस् वा घुम्ने बहानामा, उनीहरु घर(आँगन त्याग्छन् । विदेशप्रतिको यो आशक्ति र आकर्षणको एउटा पाटो भयानक कुरुप छ । यसले पारिवारिक विखण्डनदेखि घरेलु श्रमशक्तिमा ह्रास पुर्‍याइरहेको छ । गाउँघरमा लास बोक्ने मलामी छैनन् । बाँझो फुटाउने पाखुरा छैनन् । सिपालु र दक्ष जनशक्ति छैनन् । रेमिट्यान्सको घनचक्करले राज्यलाई रुखो बनाउदैछ । विदेशप्रतिको आकर्षण र त्यसले पुर्‍याइरहेको सामाजिकरमानविय क्षयिकरणको यही मियोमा मह संचारले निर्माण गरेको चलचित्र हो, दाल भात तरकारी ।

नेपालको हास्य कलाकारितामा अग्रपक्तिका धावक मानिन्छन्, महलाई । यसर्थ उनीहरुले निर्माण गरेको चलचित्रप्रति अपेक्षा हुनु स्वभाविक हो ।

# कार्ल मार्क्सको अत्यन्त दुर्लभ अन्तर्वार्ता

**सन् १८७९ मा अमेरिकी रिपब्लिकनहरूको अखबार 'शिकागो ट्रिब्युन' का एक संवाददाताले कार्लमार्क्ससँग उनको लण्डनस्थित आफ्नै घरमा अन्तर्वार्ता लिएका थिए । धेरै वर्षसम्म 'ट्रिब्युन' समाजवाद र उदीयमान ट्रेड युनियनहरू दुबैको भावनात्मक भड्काको बिस्फोटन बनेको थियो (तिनीहरू समान ठानिएका र हरेक रचनाले मार्क्सलाई विश्व षडयन्त्रको मास्टरमाइन्डको रूपमा स्थिर रूपले चरितार्थ गर्यो ।) 'षडयन्त्र' तत्कालीन बुर्जुवाहरूले प्रयोग गरेको शब्द हो । (मूल्यांकन) एउटा रूढीवादी अखबारमा मार्क्सको यही नै एउटा लामो अन्तर्वार्ता हो, जुन उनले यस्तो कहिल्यै दिएका थिएनन् ।**

**संवाददाता–** समाजवादीहरुको आन्दोलनको अन्तिम उद्देश्य श्रमका साधनहरुलाई समाजको सार्वजनिक सम्पत्तिको रुपमा फेर्नु नै त हो नि ?

**डा. मार्क्स :** हो, पक्कै हो, हामी के भन्छौं भने आन्दोलनको परिणाम यस्तै हुनेछ । तर त्यसको लागि समय, शिक्षा र उच्चस्तर भएका सामाजिक संस्थाहरुको जरुरत हुनेछ ।

**संवाददाता :** तपाईंहरुको यो घोषणापत्र र मोर्चा केवल जर्मनी वा केही त्यस्तै एक-दुईटा देशहरुको लागि मात्र उपयोगी हुनेछन् ।

**डा. मार्क्स :** वाह ! यदि तपाईं यही घोषणापत्र मात्रै पढेर हाम्रो बारेमा नतिजा निकाल्ने प्रयास गर्नुहुन्छ भने म भन्छु- तपाईं हाम्रो संगठनका गतिविधिहरुको बारेमा केही पनि जान्न सक्नुहुन्न । स्पष्ट छ- यस घोषणापत्रका कैयौं कुराहरुको जर्मनीभन्दा बाहिर कुनै महत्व छैन । स्पेन, रुस, बेलायत र अमेरिकामा ती देशका आ-आफ्ना विशेष कठिनाइ अनुरुप मोर्चा र संगठनहरु बनेका छन् । ती सबै संगठनहरुबीच समानता भनेको केवल उद्देश्य मात्रै हो, जुन हामी सबै प्राप्त गर्न चाहन्छौं ।

**संवाददाता :** त्यो उद्देश्य भनेको के मजदुरवर्गको प्रभुत्व कायम गर्नु हो ?

**डा. मार्क्स :** होइन हजूर । त्यो उद्देश्य हो - मजदुरवर्गको मुक्ति ।

**संवाददाता :** के यूरोपका समाजवादीहरु अमेरिकी मजदुर आन्दोलनलाई महत्वपूर्ण मान्दछन् ?

**डा. मार्क्स :** हो हजूर । अमेरिकी मजदूर आन्दोलन त्यो देशको विकासको स्वाभाविक परिणाम हो । के पनि भनिन्छ भने त्यहाँ विदेशीहरुद्वारा बाहिरबाट आन्दोलन ल्याइएको हो । आजभन्दा ५० वर्षअगाडि जब बेलायतमा मजदुर आन्दोलनको रुप जुझारु हुन थालेको थियो, तब यहाँ पनि त्यस्तै भनिएको थियो र यो कुरा समाजवादको चर्चा हुन थाल्नुभन्दा अगावैको कुरा हो । अमेरिकामा सन् १८५७ देखि नै मजदुर आन्दोलन प्रभावशाली हुन लागेको हो । त्यसपछि मजदुर यूनियनहरु फल्न-फूल्न थाले । त्यसपछि त्यस्ता मजदुरसभाहरुको निर्माण हुनथाल्यो, जसबाट विभिन्न उद्योगहरुमा काम गर्ने मजदुर हरुबीच एकता कायम भयो । र, अन्त्यमा राष्ट्रिय मजदुर संघको स्थापना भयो । यदि तपाईंले यो क्रमिक विकासमाथि ध्यान दिनुभयो भने तपाईंलाई थाहा हुनेछ- विदेशीहरुको मद्दतविना नै अमेरिकामा समाजवाद पैदा भयो र त्यो पुंजीको केन्द्रीकरण तथा मजदुर एवं मालिकको बदलिंदो सम्बन्धका कारण संभव भयो ।

**संवाददाता :** अब तपाईं के बताउनुस् भने तपाईंको समाजवादले अहिलेसम्म के(के गर्यो ?

**डा. मार्क्स :** दुईवटै कुरा भएका छन् । समाजवादीहरुले पुँजी र श्रमको व्यापक संघर्षको बाटो देखाएका छन् । अर्थात् त्यसलाई विश्वव्यापी बनाएका छन् । यसैको फलस्वरुप संसारभरका मजदुरहरुबीच एकताको विचार जन्मिएको छ । र, विचार अहिले अरु बेसी आवश्यक भएको छ, किनकि पुँजीपतिहरुले मजदुरको बहालीका लागि संसारभरका मजदुरहरुमाथि आँखा लाउन थालेका छन् । अमेरिकामा मात्रै होइन, बेलायत, फ्रान्स, र जर्मनीका पुँजीपतिहरुले समेत स्वदेशी मजदुरहरुविरुद्ध विदेशी मजदुरहरुलाई उपयोग गर्न थालेका छन् । यसबाट के सावित भयो भने समाजवाद कुनै स्थानीय समस्या होइन रहेछ । र, यसको समाधान त संसारभरका मजदुरहरु एक भएर गर्नुपर्ने रहेछ । मजदुरवर्ग आफ्नो आन्दोलनका उद्देश्यहरुको बारेमा ज्ञान नहुँदा नहुँदै पनि आफसे आफ लगातार अगाडि बढिरहेको छ । समाजवादीहरुले त आन्दोलनको चरित्र र उद्देश्य बताउने काम गरेका हुन् ।

**संवाददाता :** मेरो विचारमा यसको मतलब हो- वर्तमान समाज व्यवस्थालाई उखेलेर फ्याँक्नु ।

**डा. मार्क्स :** हाम्रो विचार के छ भने वर्तमान व्यवस्थामा एकातिर पुँजीपतिहरुको हातमा पुँजी र भूमि छ अनि अर्कोतिर मजदुरहरुसँग एउटा बजारको बस्तुको रुपमा बेच्नका लागि श्रमशक्ति मात्रै छ । यो व्यवस्था पनि एउटा त्यस्तो ऐतिहासिक अवस्था हो, जुन समाप्त हुनैपर्छ र त्यसको ठाउँमा योभन्दा बेसी उन्नत सामाजिक व्यवस्था कायम हुनैपर्छ । हामीलाई थाहा छ- सबै ठाउँमा समाज वर्गहरुमा विभाजित छ । आधुनिक औद्योगिक देशहरुमा औद्योगिक साधनहरुको विकास सँगसँगै पुँजीपति र मजदुरवर्ग बीचको आपसी वैमनस्य पनि बढिरहेको छ । समाजवादीहरुको दृष्टिकोणमा वर्तमान ऐतिहासिक अवस्थामा क्रान्तिको तत्व विद्यमान छ । कैयौं देशहरुमा मजदुर यूनियनहरुको आधारमा राजनीतिक संगठनहरु पनि निर्माण भएका छन् । अमेरिकामा पनि मजदुरवर्गको आफ्नै एउटा पार्टी बनाउनु जरुरी छ । मजदुरहरुले अब पेशेवर राजनीतिज्ञहरुमाथि अरु बेसी भरोसा गर्न सक्दैनन् । सांसदहरु गुटबाजीको शिकार भएका छन् र संसद त्यस्तैको अखडा भएको छ । राजनीति व्यबसाय भएको छ । यो दशा अमेरिकामा मात्र होइन, बरु यूरोपको पनि यस्तै हाल छ । फरक के मात्रै हो भने यूरोपबासीहरुको तुलनामा अमेरिकी जनता केही बेसी सावधान र दृढ निश्चय भएका मानिसहरु हुन् । अमेरिकामा सबैको रहस्य तुरुन्तै खुल्छ । महासागरको वारि जति शब्द-आडम्वर र मारकाट छ, त्यति उता पारितिर छैन ।

**संवाददाता :** जर्मनीमा समाजवादी पार्टीको तीब्रतापूर्वक भएको विकासको कारण के हो ?

**डा. मार्क्स :** जर्मनीको वर्तमान समाजवादी पार्टी धेरै नै नयाँ पार्टी हो । बेलायत र फ्रान्समा झैं जर्मनीमा काल्पनिक समाजवादीहरुको विचारधाराको कुनै प्रभाव पहिलेदेखि विद्यमान थिएन । जर्मनीवालाहरु सिद्धान्त रचना गर्ने कार्यमा अरुभन्दा अलि बेसी नै कुशल छन् । विगतका अनुभवहरुबाट सिकेर जर्मनीवालाहरुले केही निर्णय गरे । तपाईंलाई थाहा छ होला- यूरोपका अरु देशहरुको तुलनामा यो पूँजीवादी व्यवस्था जर्मनीको लागि धेरै नै नयाँ व्यवस्था हो । जब जर्मनीका मजदूरहरुले समाजवादी विचारलाई अंगीकार गरे, तब बेलायत र फ्रान्समा पुराना भइसकेका प्रश्नहरु जर्मनीमा नयाँनयाँ रुपमा उठ्न थाले । अनि ती देशहरुमा उत्पन्न भएका राजनीतिक प्रभावहरुको असर जर्मनीका मजदुर हरुको जीवनमाथि पनि पर्यो । त्यसैले आधुनिक औद्योगिक विकासको शुरुवातसँगसँगै त्यहाँका मजदुरहरुले आफ्नै स्वतन्त्र राजनीतिक पार्टी बनाए । जर्मनीको संसदमा उनीहरुका आफ्नै प्रतिनिधि थिए । सरकारका नीतिहरुको विरोध गर्ने अर्को कुनै दल थिएन, त्यसैले त्यो जिम्मेवारी पनि मजदुरहरुकै प्रतिनिधिहरुको काँधमाथि आइपरेको थियो । यस पार्टीको रुपरेखाबारे बताउन धेरै समय लाग्नेछ, तर म यति चाहिं भन्नसक्छु- यदि जर्मनीको मध्यमवर्गमा घनघोर कायरता नभएको भए उनीहरु बेलायत र अमेरिकाको मध्यमवर्गको समान भएका भए सरकारविरुद्ध गर्नुपर्ने सबै राजनैतिक काम उनीहरुले नै गर्नुपर्दथ्यो ।

**संवाददाता :** इन्टरनेशनलवादीहरुबीच लासालवादीहरुको संख्या कति होला ?

**डा. मार्क्स :** लासालको कुनै पार्टी छैन । हाम्रो संगठनमा लासालको सिद्धान्तमाथि विश्वास गर्ने केही मानिसहरु छन्, तर उनीहरुको संख्या धेरै नै कम छ । लासाललाई हाम्रा सामान्य सिद्धान्तहरुको अनुमान थियो । त्यसैले जब उनले सन् १८४८ का घटनाहरु पछि जगैदेखि आफ्ना गतिविधिहरु शुरुगर्दा कल्पना गरेका थिए- औद्योगिक प्रतिष्ठानहरुमा मजदुरहरुको सहयोगको वकालत गरेर आफ्नो आन्दोलनलाई फेरि एकपटक धेरै सफलतापूर्वक चलाउन सकिनेछ । यो चाहिँ मजदुरहरुलाई फेरि सक्रिय पार्ने उनको कोशिश थियो । यसलाई उनी आन्दोलनको वास्तविक उद्देश्य पूरा गर्ने साधन नै संझन्थे । उनको यस्तो आशयको चिठ्ठी मसँग छ ।


**संवाददाता :** के तपाईं यसलाई उनको रामवाण भन्न चाहनुहुन्छ ?

**डा. मार्क्स :** निश्चित रुपले । उनले बिस्मार्कसँग भेटे, आफ्नो योजनाको बारेमा उनीसँग चर्चा गरे । अनि बिस्मार्कले त्यसबेला हरतरहले लासालका गतिविधिहरुलाई बढावा दिए ।

**संवाददाता :** यस्तो गर्नुको पछाडि बिस्मार्कको उद्देश्य के थियो ?

**डा. मार्क्स :** उनी १८४८ को बिद्रोह भड्काउने मध्यमवर्गविरुद्ध मजदुरवर्गलाई प्रयोग गर्न चाहन्थे ।

**संवाददाता :** के भनिन्छ भने तपाईं समाजवादका अध्यक्ष र नेता हुनुहुन्छ र तपाईं यहाँबाट, आफ्नो घरबाट, आजभोलिका सबै प्रकारका संगठनहरु र क्रान्तिहरुको संचालन गर्नुहुन्छ । यस सम्वन्धमा तपाईं केही भन्न चाहनुहुन्छ कि ?



**डा. मार्क्स :** (हलुका मुस्कानसहित)- मलाई यस सम्बन्धमा जानकारी छ । मलाई लाग्छ- यो एकदम अर्थहीन कुरा हो, तर यसमा एउटा मनोरञ्जक पक्ष पनि छ । होदेतको प्रयासभन्दा दुई महिनाअगाडि बिस्मार्कले आफ्नो पत्रिका ' नर्थ जर्मन गजेट' मा मेरो विरुद्ध गुनासो गरेका थिए- मैले जेसुइट आन्दोलनका नेता फादर बैंकसँग मिलिभगत गरेरहेको छु । अनि हामी दुवैले मिलेर समाजवादी आन्दोलनलाई यस्तो रुप दिइरहेका हौं, ताकि बिस्मार्कले यो आन्दोलनसँग कुनै सम्बन्ध राख्न नसकून् ।

**संवाददाता :** तर लण्डनबाट तपाईंको अन्तर्राष्ट्रिय समाजले आन्दोलन त संचालन गरिरहेकै छ नि ?

**डा. मार्क्स :** अन्तर्राष्ट्रिय समाजको उपयोगिता अब समाप्त भइसकेको छ र अब त्यसको कुनै अस्तित्व छैन । पहिले त्यसको अस्तित्व थियो र त्यसको माध्यमबाट आन्दोलनको संचालन पनि हुन्थ्यो । तर, हालका केही वर्षहरुमा समाजवादको विकास यति धेरै भइसकेको छ कि अब इन्टरनेशनलको कुनै जरुरत नै रहेन । अहिले विभिन्न देशहरुमा अखवारहरु प्रकाशित भइरहेका छन् । तिनीहरुबीच आपसमा आदान-प्रदान पनि भइरहेका छन् । विभिन्न देशहरुमा काम गरिरहेका पार्टीहरुबीच आपसी सम्बन्धको यही नै एकमात्र माध्यम हो । अन्तर्राष्ट्रिय समाजको स्थापना केको लागि गरिएको थियो भने मजदुर हरुलाई संगठित गर्न सकियोस् र विभिन्न राष्ट्रका मजदुरका संगठनहरुमा आपसी एकता कायम गर्न सकियोस् । हरेक देशका मजदुर संगठनहरुको आ-आफ्नै खाले हितहरु छन्, जुन अरुसँग भिन्न छन् । त्यसैले लण्डनमा बसिरहेका इन्टरनेशनलका नेताहरुको कालो छायाँ हरेक ठाउँमा घुम्नथालेको कुरा मनगढन्त छ । के कुरा सत्य हो भने- जब इन्टरनेशनलको स्थापना भएको थियो, तब हामी विदेशी संगठनहरुलाई सल्लाह दिन्थ्यौं । हामी न्यूयोर्कका केही समूहहरुलाई इन्टरनेशनलबाट अलग्याउनका लागि पनि विवश भएका थियौं । तीमध्ये म्याडम वुडहलको प्रभाव भएको एउटा गूट पनि थियो । यो सन् १८७१ को कुरा हो । त्यस्ता अमेरिकी राजनीतिज्ञहरु धेरै छन्, जो त्यस आन्दोलनबाट लाभ उठाउन चाहन्छन् । म उनीहरुको नाम लिन चाहन्न । तर, अमेरिकी समाजवादीहरु उनीहरुलाई राम्ररी नै चिन्दछन् ।

**संवाददाता :** डा. मार्क्स ! के पनि भनिन्छ भने तपाईंका अनुयायीहरुका साथै तपाईंले धर्मको विरुद्ध आगो ओकल्ने खालको भाषण दिनुभएको छ । निश्चय नै तपाईं चाहनुहुन्छ- वर्तमान व्यवस्था सम्पूर्ण रुपमा समूल बर्बाद होस् !

**डा. मार्क्स :** (एकै क्षण रोकिएर) हामीलाई थाहा छ- धर्मको विरुद्ध हिंसात्मक कारवाही गर्नु निरर्थक छ । समाजवादको विकास सँगसँगै धर्म गायब हुँदै जानेछ । र, धर्मको लोप सामाजिक विकासको कारणले हुनुपर्दछ । र यसमा शिक्षाको महत्वपूर्ण भूमिका हुनुपर्दछ ।

**संवाददाता :** तपाईं बोस्टनका पादरी कुकलाई चिन्नुहुन्छ ?

**डा. मार्क्स :** मैले उनको बारेमा केही सुनेको छु । समाजवादको सम्बन्धमा उनको जानकारी धेरै नै गलत किसिमको छ । हालैको आफ्नो भाषणमा उनले भनेका थिए- "डा मार्क्स भन्छन्, अमेरिका, ग्रेट ब्रिटेन र शायद फ्रान्समा विना रक्तरंजित क्रान्ति नै मजदुरहरुको दशामा सुधार हुनेछ । तर, जर्मनी, इटली, रुस र अष्ट्रियामा अवश्य रक्तपात हुनेछ ।" (डा. मार्क्सले मुस्कुराउँदै भन्नुभयो) कुनै पनि समाजले के कुरा घोषणा गर्नु जरुरी छैन भने रुस, जर्मनी, अष्ट्रिया विशेषगरी इटलीमा यदि वर्तमान सरकारी नीतिहरु चलिरहे भने रक्तरंजित क्रान्ति अनिवार्य हुनेछ, फ्रान्सिसी क्रान्तिका घटनाहरु ती देशहरुमा दोहोर्याइनेछन् । यो त राजनीतिका कुनै पनि विद्यार्थीले बुझ्न सक्छ । तर, क्रान्तिहरु बहुमतद्वारा हुनेछन् । क्रान्ति एउटा पार्टीले मात्र गर्न सक्दैन, बरु सिंगो राष्ट्रले क्रान्ति गर्दछ ।

**संवाददाता :** त्यस आदरणीय व्यक्तिले १८७१ मा पेरिसका कम्युनिष्टलाई लेखिएको एउटा पत्रको एक अंश उल्लेख गरेका छन्, जसमा तपाईंले लेख्नुभएको छ- "अहिले हामी केवल ३० लाख छौं, आउँदो २० वर्षमा ५ करोड वा १० करोड हुनेछौं, तब संसार हाम्रो हुनेछ, किनकि तब पेरिस, लियोंस, मारसेलिजमा मात्रै घृणित पुँजीको विरुद्ध विद्रोह हुने होइन, बरु बर्लिन, म्यूनिख, ड्रेसडेन, लण्डन, लिभरपूल, म्यान्चेस्टर, ब्रसेल्स, सेन्ट पीटर्सवर्ग, न्यूयोर्क अर्थात् सम्पूर्ण संसारमा त्यस्ता बिद्रोहहरु हुनेछन् । अहिलेसम्मको इतिहासको यस अभूतपूर्व विद्रोहको सामुन्ने अतीत भयानक नराम्रो सपना जस्तै गायब हुनेछ, किनकि अनेक ठाउँमा एक्कैचोटि लगाइएको यो आगोले अतीतको आगोलाई भस्म गर्नेछ ।" डा. मार्क्स ! के यहाँले यस्तो पत्र लेख्नुभएको साँचो हो ?

**डा. मार्क्स :** यसको एउटा शब्द पनि मैले लेखेको होइन । म यस्तो अति नाटकीयताले भरिएका अनर्गल प्रलापहरु कहिले पनि लेख्दिन । म जे जति लेख्दछु, अति नै धेरै सोचविचार गरेर लेख्दछु । त्यसबेला यो पत्र 'ल फिगरो' (फ्रान्सको एउटा अखवार)मा मेरो जाली हस्ताक्षरका साथ छापिएको थियो । त्यसबेला यस्ता सयौं पत्रहरु हावामा उडाइएका थिए । मैले त्यसबेला ' लण्डन टाइम्स'मा लेखेको थिएँ- "यी पत्रहरु जाली हुन् ।" तर मेरो बारेमा जति धेरै झूठो प्रचार गरियो र असत्य लेखियो, यदि मैले ती सबै झूठहरुको खण्डन गरिरहें भने त्यसको लागि मलाई बीस जना सहायकहरुको जरुरत हुनेछ ।

**संवाददाता :** तर, तपाईंले पेरिसका कम्युनिष्टहरुको समर्थनमा लेख्नु त भएको थियो नै, होइन र ?

**डा. मार्क्स :** हो हजुर, हो । मैले पत्र लेखेको थिएँ । (बिस्तृत जानकारीको लागि मार्क्सको प्रसिद्ध किताब 'फ्रान्समा गृहयुद्ध' पढ्नुहोला) खासगरी उनीहरुको बारेमा प्रमुख अखवारहरुका मुख्य लेखहरुमा जुन झूठ लेखिएको थियो, त्यसको तुलनामा मैले उनीहरुप्रति सहानुभूतिसहित केही लेखेको थिएँ । ती अखवारहरुका सम्पादकीय लेखहरुमा पेरिस कम्युनको बारेमा जून झूठ प्रचार गरिएको थियो, त्यसको खण्डनका लागि अंग्रेजी अखवारहरुमा छापिएका पेरिसबासीहरुका पत्रहरु नै काफी सक्षम छन् । कम्यूनको कारणले करिब ६० जनाको मृत्यु भएको थियो, जबकि मार्शल मेकमोहन र त्यसको हत्यारा सेनाले ६० हजारभन्दा बेसी मानिसहरुको हत्या गर्यो । कम्युनमाथि जति हिलो छ्यापियो, त्यति त आजसम्म कुनै पनि अरु आन्दोलनमाथि छ्यापिएको छैन ।

**संवाददाता :** जेहोस्, के समाजवाद ल्याउनका लागि समाजवादीहरु हत्या र रक्तपातको वकालत गर्छन् ?

**डा. मार्क्स :** आजसम्म कुनै पनि महान आन्दोलन विनारक्तपात शुरु भएको छैन । अमेरिकाको स्वतन्त्रताका लागि रगत बग्यो । नेपोलियनले रक्तपातकै माध्यमबाट फ्रान्समाथि कब्जा गरे र त्यसरी नै उनको अन्त्य भयो । इटली, बेलायत, जर्मनी र यहाँसम्म कि हरेक देशमा यस कुराको सबूत-प्रमाण फेला पर्नेछन् । यदि हत्याकै बारेमा विचार गर्ने हो भने पनि यो कुनै नयाँ चीज होइन । ओर्सिनीले नेपोलियनको हत्या गर्ने प्रयास गरे, इसाईहरुले हत्या गरे, क्रामबेलको जमानामा प्यूरिटनहरुले हत्या गरे । र वास्तविकता के हो भने राजाहरुले जति हत्या गरे, त्यति त अरु कसैले पनि गरेका छैनन् । यी सबै हत्याहरु वा हत्याका प्रयासहरु समाजवाद आउनुभन्दा अगावै भएका हुन् । आज यदि कसैले पनि राजकीय वा सरकारी व्यक्तिको हत्याको प्रयास गरेमा त्यसको जिम्मेवारी समाजवादको टाउकोमा थोपरीदिने चलन बढेको छ । वर्तमान स्थितिमा जर्मन सम्राटको मृत्युबाट समाजवादीहरु धेरै नै दुःखित हुनेछन् । आफ्नो ठाउँमा उनी निकै उपायोगी व्यक्ति हुन् र अन्य राजनीतिज्ञहरुको तुलनामा बिस्मार्क आफ्ना अतिवादी कारवाहीहरुका कारणले हाम्रा उद्देश्यहरुका लागि धेरै नै उपयोगी सावित भएका छन् ।

**संवाददाता :** बिस्मार्कको बारेमा तपाईंको आफ्नो मूल्यांकन के छ ?

**डा. मार्क्स :** जबसम्म नेपोलियनको पतन भएको थिएन, तबसम्म उनी एउटा प्रतिक्रियावादी व्यक्ति मानिन्थे । तर, जब नेपोलियनको पतन भयो, मानिसहरु उनलाई मूर्ख भन्न थाले । बिस्मार्कको पनि त्यही दशा हुनेछ । उनले एकीकरणको निहुँमा तानाशाहीको स्थापना गरे, तर अहिले उनका काला करतूतहरुको रहस्य मानिसहरुलाई थाहा भइसकेको छ । उनको पछिल्लो चाल राज्य-विप्लव गर्ने एउटा प्रयास थियो । तर, त्यो पनि असफल हुनेछ । फ्रान्सका समाजवादीहरुले जस्तै जर्मनीका समाजवादीहरुले पनि १८७० को युद्धलाई दुई राजवंशहरुको कोरा युद्ध संझेर त्यसको विरोध गरे । उनीहरुले जर्मनीलाई सावधान गर्दै आफ्नो घोषणा-पत्रमा भने- यदि जनताले यस तथाकथित सुरक्षात्मक लडाइँलाई विजय-अभियानको रुपलिन दिएमा उनीहरु सैनिक तानाशाहीको दमनको शिकार हुनेछन् । र किसान-मजदुरहरुमाथि निर्मम अत्याचार हुनेछ । फ्रान्ससँग सम्मानजनक शान्तिको समर्थनमा सभाहरु गर्ने र घोषणापत्र निकाल्ने काम गरेवापत जर्मनीका सोशल डेमोक्रेटिक पार्टीमाथि जर्मन सरकारले दमन गर्यो र पार्टीका अनेक नेताहरुलाई कैद गर्यो । फेरि पनि त्यही पार्टीका प्रतिनिधिहरुले नै जर्मन संसदमा फ्रान्सका प्रान्तहरु जबर्जस्ती हड्पेर जर्मनीमा मिलाएकोमा जोड्दार विरोध गरिरहेका छन् । बिस्मार्कले शक्ति प्रयोग गरेर आफ्ना नीतिहरु लागु गरे । अनि मानिसहरुले उनको बुद्धिको तारीफ गरे । लडाइँ भयो, अनि जब बिर्स्माकको विजयका संभावनाहरु समाप्त भए, तब मात्र मानिसहरुले उनीबाट नयाँ विचारहरुको आशा गरे । तर, यस काममा उनी नराम्ररी असफल भए । उनीमाथि मानिसहरुको विश्वास कम हुनथाल्यो । उनको लोकप्रियता घट्नथाल्यो । उनलाई धन चाहिएको छ र राज्यलाई पनि धनको जरुरत छ । त्यसैले एउटा बनावटी संविधानको निहुँमा उनले एकीकरण र सेनासम्बन्धी आफ्ना योजनाहरुका लागि जनतामाथि कम्मरै भाँच्ने खालको कर लगाए । अनि अहिले उनी संविधानलाई नै रद्दीको टोकरीमा फ्याँकेर जनतामाथि अरु बेसी कर लगाउन चाहन्छन् । जनतामाथि मनपरी ढंगले कर लगाउनका लागि अब उनले समाजवादको हौवा खडा गरिरहेका छन् र दंगा-फसादको स्थिति सिर्जना गर्न सकभर प्रयास गरिरहेका छन् ।

**संवाददाता :** के तपाईंलाई बर्लिनबाट लगातार सूचना प्राप्त भइरहेको छ ?

**डा. मार्क्स :** हो हजूर, मेरा साथीहरुले मलाई बराबर सूचना पठाइरहेका छन् । जर्मनी आजभोलि पूरै शान्त छ र यसले गर्दा बिस्मार्क पूरै दुःखित भएका छन् । उनले हेसेलमन, राकोब र वाँमन आदि ४८ जना युवा नेताहरुलाई जर्मनीबाट निष्काशित गरेका छन् । (बाबेलको आत्मकथाअनुसार ६१ जना नेताहरुलाई देश-निकालाको सजायँ दिइएको थियो । उनीहरुमध्ये अधिकांशले ४८ घण्टाभित्र जर्मनी छोड्नु पर्यो । यस्तो लाग्छ- संवाददाताले ४८ घण्टाको समयलाई निष्काशितहरुको संख्या ठान्न पुगे ।- अनु) ती नेताहरुले त्यसबेला जर्मनीका मजदुर हरुलाई शान्त पारिराखेका थिए । बिस्मार्कलाई यो कुरा थाहा थियो । उनलाई के पनि थाहा थियो भने त्यसबेला शहरमा करिब ७५ हजार मजदुरहरु भोकमरीको शिकार भइरहेका थिए । उनको अनुमान थियो- ती नेताहरु जर्मनीबाट बाहिर जानासाथ जनता बेचैन भएर विद्रोह गर्न थाल्नेछन् र आफूलाई रगतको होली खेल्ने सुवर्ण अवसर प्राप्त हुनेछ । सिंगो जर्मन साम्राज्यमा दमन-चक्र तीब्रतापूर्वक चल्नेछ र उनलाई आफ्नो 'रक्तपात तथा दमन-चक्र'को प्रिय सिद्धान्तलाई सम्पूर्ण रुपमा व्यवहारमा लागु गर्ने मौका प्राप्त हुनेछ । त्यसपछि त जनतामाथि मनपरी ढंगले कर लगाउन पनि सजिलो हुनेछ । तर, अहिलेसम्म त्यहाँ कुनै दंगा-फसाद भएको छैन । बिस्मार्क यस्तो स्थिति देखेर हैरान भइरहेका छन् । र सबै राजनीतिज्ञहरु उनलाई हास्यपात्र बनाएर उडाइरहेका छन् ।

*(९ जून, १८७९ को सिकागो ट्रिवुनमा प्रकाशित )*

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# बुद्धमाई समाजसेवामा

आजभन्दा दश बर्ष अगाडि नेपालमा स्वास्थ्य सेवाको क्षेत्रमा बिशेष स्वास्थ्य सेवा प्रबाह गर्ने उद्धेश्यले काठमाडौ महानगरपालिकाको टेकु बुद्धबारीमा स्थापना भई नेपालमा डे सर्जरीको क्षेत्रमा सेवा प्रदान गर्ने पहिलो निजी क्षेत्रको संस्था बुद्ध मिनिमल एक्सेस ईन्टरभेन्सन सेन्टर (बुद्धमाई सेन्टर) ले आफ्नो तर्फबाट समुदायमा स्वास्थ्य सेवा प्रबाह गर्न विविध रचनात्मक एवं सृजनात्मक कृयाकलाप नियमित रूपमा संचालन गरिरहेको छ । आफ्नो सेन्टरमै नियमित रूपमा रोग अनुसारको बिरामीहरूका लागि बिशेषज्ञ डक्टर हरूमार्फत सेवा प्रदान गर्नुका साथै समय समयमा समुदायको माग अनुसार नेपालकै विभिन्न भूभागमा पुगी निःशुल्क स्वास्थ्य शिविर पनि संचालन गर्दै आएको छ । यसै सन्दर्भमा बुद्धमाई सेन्टरले आफ्नै अस्पताल प्राङ्गण टेकुमा 'स्वस्थ समाजको निर्माण बुद्धमाईको अभियान' भन्ने मूल नाराका साथ गत चैत्र २३ गतेदेखि नियमित रूपमा निःशुल्क योग कक्षाको पनि सुरूआत गरिसकेको छ । बिहान ५०० बजेदेखि बिहान ६:३० बजेसम्म त्यसै क्षेत्रबाट योग कक्षामा सहभागिताका लागि आउनु हुने ५० जना सहभागीहरूका लागि योग शिक्षक श्री ऋषि लोहनीले विभिन्न आसनका योगाभ्यास गराउँदै आउनुभएको छ भने सो योग शिविरमा योगाभ्यासका लागि आउनु हुने सहभागिहरूले 'रोग लाग्न दिनुभन्दा रोगको बाटो छेक्नै जाती' भन्ने कुरालाई मनन गरी सो क्षेत्रमा सरसफाई कार्यक्रम पनि संचालन गरिरहेको कुरा बुद्धमाई सेन्टरका सेयरधनी मदनमणि अधिकारीले जानकारी दिनुभयो ।

## अस्तित्व...

पछिल्ला कदमप्रति असन्तुष्ट कांग्रेसले वाइडबडी खरिदमा भएको अनियमितता, बुढीगण्डकी आयोजना, स्वदेशी लगानीमा बनाउने पूर्ववर्ती सरकारको निर्णय उल्टाउँदै विदेशी कम्पनीलाई दिने सरकारी निर्णयसहितका विसंगतिविरुद्ध अभियान केन्द्रित गरेको छ । ७७ वटै जिल्लामा केन्द्रीय प्रतिनिधि खटाएर सुरु गरेको पहिलो चरणको कार्यक्रम अन्तर्गत सातवटै प्रदेशका एक एक ठाउँमा पदाधिकारीहरुले अभियान उद्घाटन गरेका छन् । कांग्रेसले सरकार नसुध्रिए सडक आन्दोलनबाट विस्थापित गरिने चेतावनी दिएको छ ।

## स्थानीय...

फर्काइएको छ। प्रदर्शनमा उत्रिएका स्थानीयले कालोपत्रे छिटो गर, ढिलासुस्ती गर्ने ठेकेदारलाई कारवाही गर, भन्नेजस्ता नारासहितका प्लेकार्ड बोकेका छन्।सडक मर्मत नहुँदा धूलो र हिलोले आजित भएका स्थानीय सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराउन विरोधमा उत्रिएका हुन् । उक्त सडकमा खण्डखण्ड बनाएर कालोपत्रे सुरु गरिएको छ। लामो समय भएसक्दा पनि सडक पिच नहुँदा स्थानीय पानी पर्दा हिलो र घाम लाग्दा धूलोबाट आजित हुँदै आएका छन्।

## श्रीपेचबिनाको...

डा. रामवरण यादव गणतन्त्रात्मक नेपालका प्रथम राष्ट्रपतिमा निर्वाचित भए । नेपालको संविधान र राजनीतिक प्रणालीमा राष्ट्रपति, उपराष्ट्रपतिको खासै ठूलो निर्णायक भूमिका छैन । आफू खुसी वा तजबिजमा निर्णय गर्ने अधिकार राष्ट्रपतिलाई छैन । राष्ट्रपतिको नामबाट हुने कामका लागि राष्ट्रपति जिम्मेवार पनि छैनन् । सिफारिसकर्ता पदाधिकारी नै जिम्मेवार मानिन्छन् । त्यसो भन्दैमा राष्ट्रपति पद केवल मान प्रतिष्ठा र सुविधाका लागि मात्र बनाइएको पनि होइन । त्यसैले त 'संविधानको रक्षा गर्नु राष्ट्रपतिको कर्तव्य हुनेछ' भनिएको छ । राष्ट्रपति जहिले पनि संविधानवादको उचाइमा रहनुपर्छ न कि दलीय प्राथमिकताको दलदलमा । प्रमुख कुरा राष्ट्रपतिले गर्ने काम र व्यवहारबाट गणतन्त्रको मर्यादा बढोस् र लोकतन्त्र सुरक्षित होस् भन्ने हो ।

तत्कालीन एमालेकी उपाध्यक्ष, अखिल नेपाल महिला संघकी अध्यक्ष हुँदै विद्यादेवी भण्डारी रामवरण यादवपछि गणतन्त्र नेपालको दोस्रो र प्रथम महिला राष्ट्रपतिमा निर्वाचित भइन् । झलनाथ खनाललाई राष्ट्रपतिको ललिपप देखाउँदै केपी ओली एमाले अध्यक्ष बने । जब उनी अध्यक्ष भए विद्यालाई राष्ट्रपति बनाउन शकुनी चाल चाल्न थाले । झलनाथले पत्ता त पाए नै तर ओलीको पार्टीमा बहुमतका अघि निरीह सावित भए । मदन भण्डारीको राजनीतिक विरासतबाट एमालेकी नेतृ बनेकी विद्या राष्ट्रकै पति राष्ट्रपति भइन् । महिला भएर पनि पति हुने सौभाग्य पाइन् उनले । २०७२ कात्तिकमा पहिलो पटक राष्ट्रपति निर्वाचित विद्याले सरकारको नीति तथा कार्यक्रम संसदमा प्रस्तुत गर्दा यसअघि 'मेरो सरकार' शब्दको प्रयोग गरेकी थिइनन् । 'नेपाल सरकार' 'यस सरकार' शब्द प्रयोग गरेकी थिइन् । तत्कालीन राजा ज्ञानेन्द्रले मात्र 'मेरो सरकार' शब्द प्रयोग गरेका थिए । ०६२।६३ को जनआन्दोलनपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुई पटक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । गणतन्त्र नेपालका पहिलो राष्ट्रपति रामवरण यादवले पनि सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा 'नेपाल सरकार' 'सरकार' र हामी' शब्द प्रयोग गरेका थिए । तर यसपटक राष्ट्रपति भण्डारीले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नेपाल सरकारको सट्टा पटक पटक 'मेरो सरकार' शब्द प्रयोग गरेपछि उनमा गणतन्त्रकी महारानी बन्ने भूत सवार भएको भन्दै जनस्तरबाट तिखो आलोचना भइरहेको छ । यसले लोकतान्त्रिक गणतन्त्रमा राजतन्त्रको झल्को दिएको आलोचकहरुको तर्क छ ।

राष्ट्रपति पद राजतन्त्रको परिवर्तित स्वरुप होइन । संविधानले राष्ट्र प्रमुख र सरकार प्रमुखको व्यवस्था गरेको छ । कार्यकारी अधिकार प्रधानमन्त्री र उनको मन्त्रिपरिषद्लाई प्रदत्त छ । मन्त्रिपरिषद्को निर्णयद्वारा आएका विधेयकमाथि लालमोहर लगाउनु, विदेशी राजदूतहरुको ओहोदाको प्रमाणपत्र बुझ्नु, सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु, नवनियुक्त प्रधानमन्त्री एवं मन्त्रीहरुलाई, सरकारले नियुक्त गरेका संवैधानिक अंगका प्रमुखहरुलाई शपथ ग्रहण गराउनुबाहेक राष्ट्रपतिका अन्य कुनै महत्वपूर्ण कामहरु संविधानले तोकेको छैन । राष्ट्रपतिलाई संविधानले संसदको अंग मान्दैन । जसरी २०४७ को संविधानले राजालाई मानेको थियो, सो संविधानमा संसदका अंग थिए- माथिल्लो सदन, तल्लो सदन र राजा । कार्यकारिणी अधिकार मन्त्रिपरिषद् र राजामा संयुक्त रुपमा थियो । कार्यकारिणी अधिकार बाँडिएबाट त्यस्तो प्रबन्ध एक हिसाबले द्वैध सत्ता थियो । कहिलेकाहीँ राजाले मन्त्रिपरिषद्को अधिकार समेत प्रयोग गर्थे । यसले राजा र मन्त्रिपरिषद्बीच मनमुटाव हुन्थ्यो । जब राजा ज्ञानेन्द्रले ०६१ म प्रतिनिधिसभा विघटन गरी मन्त्रिपरिषद्को कार्यकारिणी अधिकार समेत खोसेर आफैं राजा आफैं प्रधानमन्त्री भए तब राजाविरुद्ध आन्दोलन चर्किएर 'निरंकुश राजतन्त्र मूर्दावाद' को नाराले सडक गुन्जायमान भएको थियो । आखिर जनआन्दोलनले राजसंस्थालाई इतिहास बनाइदियो ।

राष्ट्रपतिले नेपाल सरकारलाई 'मेरो सरकार' अप्रत्यासित रुपमा किन भन्नु परेको हो, त्यसको कारण प्रधानमन्त्री, उनका मुख्य राजनीतिक सल्लाहकार, विश्वासिला मन्त्री, अर्थमन्त्री, मुख्य सचिव, राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई मात्र थाहा होला । किनकि अन्तिम मस्यौदा परिमार्जनकर्ता यिनै हुन् । विष्णु रिमाल, युवराज खतिवडा, डा.पुष्प कँडेल, लोकदर्शन रेग्मी, कुन्दन अर्याल मस्यौदा तयारीमा संलग्न थिए । सामान्यतया पाँच चरणको गृहकार्यबाट तयार भएको नीति तथा कार्यक्रमलाई मन्त्रिपरिषद्ले पास गरेपछि संवैधानिक राष्ट्रपतिले संसदमा प्रस्तुत गर्ने चलन छ ।

विपक्षी दल नेपाली कांग्रेसले मात्र होइन, सत्तारुढ दल नेकपाभित्रै 'नेपाल सरकार' राष्ट्रपतिको सरकार बनेकोमा तीव्र असन्तुष्टि छ । प्रधानमन्त्री ओली राष्ट्रपतिको बचाउ गर्दै यो अन्तर्राष्ट्रिय अभ्यास भएको दलिल पेस गरिरहेका छन् । सरकार राष्ट्रपतिको नभए कसको त ? भारतका राष्ट्रपतिले पनि 'माइ गभर्मेन्ट' भन्छन् । युट्युब खोलेर हेर्नोस् भनिरहेका छन् । उनी राष्ट्रपतिले 'मेरो सरकार' भनेर राजतन्त्रात्मक झल्को दिएको स्वीकार्न तयार छैनन् । कार्यकारिणी अधिकारसम्बन्धी संवैधानिक प्रावधान नेपाल र भारतको फरक छ । भारतीय संविधानमा कार्यपालिका शक्ति राष्ट्रपतिमा निहित हुने लेखिएको छ । भारतीय संविधानको धारा ५३ अनुसार राष्ट्रपतिले संघको कार्यपालिका शक्ति प्रयोग संविधान बमोजिम आफू या आफ्नो अधिनस्थ सरकारद्वारा गर्नेछन् । यस हिसाबले भारतका राष्ट्रपतिले 'माइ गभर्मेन्ट' भन्नु स्वाभाविक र संविधान मुताविक हो । तर नेपालको संविधानको धारा ७५ ले कार्यकारिणी अधिकार संविधान र कानुन अनुसार मन्त्रिपरिषद्मा निहित हुने मात्र भनेको छैन, नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने प्रावधान राखेको छ । यस अर्थमा नेपालका राष्ट्रपतिले नेपाल सरकारलाई 'मेरो सरकार' भन्नु संविधानसम्मत विल्कुलै देखिँदैन । अन्तर्राष्ट्रिय अभ्यास भन्दै दौरा सुरुवालमा टाइ लगाएजस्तै हो- 'मेरो सरकार' भन्नु ।

राष्ट्रपति भण्डारी सधैं विवादमा तानिँदै आएकी छन् । उनलाई १६ करोडको गाडी चाहियो, डेढ अर्बको हलिकप्टर । अनि निद्रा डिस्टर्व भयो रे प्रहरीको तालिमले, तालिम केन्द्र नै पनौती सारिँदैछ । तालिम केन्द्रको प्रांगण उनी उड्नका लागि हेलिप्याड बनाइँदैछ । जब उनी शीतलनिवासबाट निस्किन्छिन् सर्वसाधारणले घन्टौं सडकमा उभिनुपर्छ । जमिन र आकाश उनको सवारीका लागि खाली गरिनुपर्छ । राज्यकोष खर्चिएर कुनै स्कुल उद्घाटनका लागि उनको सवारी चलाइन्छ । नर्वेमा राजा साइकल चढेर तरकारी किन्न बजार जान्छन्, तर नेपाल जस्तो गरिब देशका कम्युनिस्ट राष्ट्रपतिको विलासी जीवनलाई देखेर मरेको मूर्दा पनि खित्का छोडेर हाँस्न बेर छैन ।

## रोकियो...

आए वंशजका आधारमा नागरिकता दिन ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको थियो । सो परिपत्रलाई सर्वोच्च अदालतका न्यायाधीशद्वय ईश्वर खतिवडा र शुष्मलता माथेमाको इजलासले कार्यन्वयन नगर्न आदेश दिएको हो । यो अन्तरिम आदेशसँगै तराईका जिल्लामा धमाधम बाँडिरहेको नागरिकता अब पुनः रोकिएको छ । सर्वोच्चले पूर्ण इजलासले सुनुवाइ गरी आदेश जारी नगरेसम्म गृहको परिपत्र कार्यान्वयनमा रोक लगाउने आदेश जारी गरेपछि नागरिकता लिनेहरूले अब तत्काल नपाउने भएका छन् ।

संयुक्त इजलासले नागरिकताको विषयमा गम्भीर कानुनी प्रश्न देखिएको भन्दै पूर्ण इजलासमा पठाउने आदेशसमेत गरेको छ । 'यसबाट अदालतको आदेशको कार्यान्वयनमा द्विविधा पैदा हुने अवस्था देखिएको र यस अदालतको आदेशमा निश्चिता र एकरूपता कायम हुन समेत वाञ्छनीय देखिएको हुँदा विवादित कानुनी प्रश्नको निरूपण पूर्ण इजलासलबाट हुन आवश्यक र मनासिब देखिएकाले सर्वोच्च अदालत नियमावली ०७४ को नियम २३(२) (ख) र (ग) बमोजिम प्रस्तुत निवेदनउपर सुनुवाईका लागि पूर्ण इजलाससमक्ष पेश गर्नू' फैसलामा अगाडि भनिएको छ,'हाल गृहको उक्त परिपत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ ।'

यसअघि सर्वोच्च अदालतले जितेन्द्रनारायण देव अध्यक्ष भएको टोलीले वितरण गरेको नागरिकताबाट यस्तो नागरिकता नदिनु भनेको थियो । त्यसअघि गृहमन्त्रालयको परिपत्रविरूद्ध बरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले दायर गरेको रिटमाथि पहिलो सुनुवाई गर्दै सर्वोच्चले अन्तरकालीन अन्तरिम आदेश दिएको थियो । पछि उक्त इजलासले त्यो रोक्का फुकाएको थियो । फेरि अहिले सर्वोच्चले सो निर्देशन कार्यान्वय नगर्न भन्दै आदेश दिएको हो । जन्मका आधारमा नागरिकता लिएका सन्तानले बाबु र आमा दुवै नेपाली भएमा वंशजको नागरिकता पाउने संविधानमा व्यवस्था छ । यो व्यवस्थाले अहिलेसम्म कानुनी रूप भने लिईसकेको छैन ।

संविधानको धारा ११ को उपधारा ३ बमोजिम गृह मन्त्रालयले नागरिकता दिनु भनेर मन्त्रीस्तरीय निर्णय भएको थियो । केही दल र व्यक्तिले सो निर्णयको विरोध गर्दै आएका छन् । 'संविधानको धारा ११ को उपधारा ३ बमोजिम जन्मका आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी निवेदन दिएमा वंशजका आधारमा नागरिकता प्रदान गर्न अपनाउनुपर्ने कार्यविधि प्रक्रिया अपनाई, के बुझ्नुपर्छ बुझी उपयुक्त देखिएमा वंशजको नागरिकता प्रदान गर्न सकिने निर्णय भएको छ,' गृहको परिपत्रमा भनिएको छ ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-४



**खोमदत्त बराल**

आज बिहानको चिया नास्ता पनि असह्य महंगो रुपमा सहनु पर्‍यो । एक्कासी पश्वीर अग्रवाल संग कुरा गर्दा गर्दै दश बजीसकेको छ । भोक लागेको थियो । घरमा पनि अस्पतालको क्यान्टीनमा सस्तो र राम्रो हुन्छ भनेर भर्सक क्यमन्टीनमा नै खाने सल्लाह थियो । उमाजीको अबस्था बारे डाक्टरलाई चेक गराइयो । पहिला गंगालाल हृदय अध्ययन प्रतिष्ठानमा देखाइएको मुटुको भिडियो खिचेको थियो । त्यो भिडियो र सशरीर सबै चेक गरीसकेपछि खुम्चीएका नसाहरुले अरु खतरा गर्छ । कुनै पनि बेला हृदयघात हुन सक्छ भनेर बिरामी उमा बराललाई भन्यो मलाई पनि गालि गर्‍यो । काठमाण्डौंमा डा. यादब भट्टराइलाई फोन गरेर तिम्रो क्लाइन्ट मेरो अगाडी छिन् यति लामो समय सम्म किन अपरेसन नगरेर नखोलेको भनेर पनि सोधे । उताबाट डाक्टर भट्टजीले नमानेको कुरा बताए क्यारे । यतिकैमा डाक्टरले अति ज्यालति पाराले पेस भए । कोही डाक्टरहरु तुरुन्तै मुटु चिरिहाल्नु पर्छ भन्ने हुँदा रहेछन् । यी अग्रवालको कामको प्रवृति अपरेसन गर्नमा नै बढि बढि रुचि राख्छन् रे । दवाइ पनि बर्तमान बिश्वको नयाँ र प्रभाबकारी अनुसन्धान गरी उपलब्ध भएको बैज्ञानीक उत्पादन हो भन्ने कुरा स्वीकार नगरीएको जस्तो बुझियो । वास्तबमा गंगालाल हृदय रोग अध्ययान प्रतिष्ठानले भने रोगको अन्तीम अबस्था नभएसम्म दबाइ र अरु उपायबाट उपचार गरिनु पर्छ भनेर सबै कुरा बिरामीलाई जानकारी गराई रहन आबश्यक नहुने बताई रहनु नपर्ने नैतिक आदर्शता अपनाएको पाइन्छ । फाइल हेर्न पनि बिरामीलाई भर्सक नदिनु भनेर फाइलको बाहिरै लेखिएको पाइन्छ । यद्यपी फाइलमा लेखिएकै छ । तर डा. परवीर अग्रवाल भने बिरामी अगाडी नै हौसला दिनुको बदलामा तुरुन्त अप्रेसन गर्नमा सल्लाह दिने र नत्र जे पनि हुन सक्ने भन्दै खतरा भै सकेको उद्घोष गर्दा बिरामीको आफन्त मात्र होइन सर्बस्वलाई निरुत्साहि गर्दै डर र त्रासको खेतीको उत्खनन्ले चिन्ता पिर र नैरास्यता तर्फ धकेलि दिए । बिरामीलाई निरास गर्ने काइदा डाक्टर इथिक बाहिरको बिषय हो । यसैले तुरुन्तै एम्समा गएर मुटु सम्बन्धी डाक्टरलाई भेटेर के हो त अबस्था भनेर सोध्ने ईच्छा जागरण भयो । उमाजीमा पनि केही सकारात्मक रुपमा बिकाश हुदै गएको अबस्थामा एकएक डाक्टरको ब्यबहारले शंका समेत जाग्न गयो । एम्स मुटुको डाक्टर लाई भेट्ने सम्भावना नभए पछि गंगाराम अस्पताल लागियो एम्सबाट चौध किलोमीटर एक सय रुपैया तिरेर अटो रिक्सामा गंगाराम अस्पताल पुगियो, सजिलै रहेछ । प्राइभेट ओपिडिमा पैसा नतिरी रजिष्टर्ड गरि दिदो रहेछ । नाम लेखाएर Food court मा गइयो । त्यहाँ पनि महंगोको परिकार आलु परोठा पाइएन । दुइटा पनि पकौडा चालिस पैचालिस लियो । यसैले चिया पनि खाइएन । यी अस्पताल वरिपरिका क्यान्टीन या पसलहरु साह्रै महंगाा लाग्यो । सके त त्यस एरियामा नै बस्न नदिनु जस्ता निकालेरै पठाइदिनु जस्तो लाग्यो । न राम्रो पकाउँछन् न स्वादीलो नै हुन्छ । काठमाण्डौंको हृदय रोग प्रतिष्ठानमा पनि न स्वाद न ब्यादको हुन्छ । यहाँ पनि उस्तै तर डाक्टर र अस्पतालका स्टाफलाई अलि राम्रो दिन्छ रे । यात्रामा ड्राइभर र खलासीलाई शुद्ध र मिठो खुवाएर यात्रुलाई ठगे झैं नै बिरामी र बिरामीका आफन्तलाई जस्तो तस्तो खुवाएर डाक्टरलाई राम्रो खुवाउने भनेको ड्राइभर र डाक्टरमा फरक नै के भयो र ? यति पछि हामी डाक्टरका कोठाका बाहिर पट्टि डाक्टरको बोलाहटमा पर्खेर बसियो । छैठौ नम्बरमा भएको नाम यहाँ पनि काठमाण्डौ कैं जस्तो पालो मिच्ने चलन हुदो रहेछ । छ नम्बरको मान्छे दशौंमा देखाउँन पाइयो त्यसमा पनि पालोमा कहाँ हो र ? आफैं डाक्टरको ढोकै नेर उसैको मानिसलाई धेरै कचकच गरेपछि मात्र पालो आयो । त्यसमा पनि एकै चोटि चार जना पठाइ दिएछ । त्यसमा पनि चौथोमा परियो, पर्खेर बसियो । हामी भन्दा एक जना अगाडीको मानिस काठमाण्डौं डल्लुका रहेछन् । उनको धेरै प्रकारको रोग रहेछ । धेरै दवाइ चेन्ज गरिदियो । केही दिन खाएपछि इमेल गर्न लगायो ।

हाम्रो पालो आयो । अग्रवालले सातो टिपेको थियो । आगोले हानेको कुकुर लाई झैं बिजुलि चम्कनै लागेको छ । के भन्ने हो । के प्रकारको डाक्टर हुन् । उनको कोठा नं. ३३ मा बसेको छैन । ३४ मा केटाकेटीका डाक्टर रहेछन् । केटाकेटी पनि प्रशस्त कोठा बाहिरको ठाउँ सानो भएकाले धेरै मानिस उभिएरै बसेका थिए । भरी भराउँ र खचाखच थियो । अं ब्यबस्था पनि प्रशस्त । डाक्टरहरु धेरै भएकोले नै पनि भिडभाड बढि भएको होला । दिउँसो को ओविडी भएकोले तीन घण्टा सम्म मात्र एउटा डाक्टरले काम गर्न पाउँदो रहेछ । हाम्रो पालो आउँनु भन्दा तीन जनाँ हुनु अघि नै डाक्टर बोर्ड हटाएर लगिदियो । बाल बिशेषज्ञको त अर्को डाक्टर पनि आयो । तर हाम्रो डाक्टर भने फेरिएन । उमाजीको पहिलाको मुटुको भिडियो डाक्टरले हेरे । ठूलो नसाको हाँगा मात्र सुकेको कारणले शरीरलाई खासै घातक हुदैन । औषधि फेर्दा केही राम्रो हुन्छ कि भनेर दवाइ फेरिदियो । सके सम्म एक महिना दवाइ खाएर हेरौं भएन भने मात्र अपरेसन गर्नु बेस हुने सल्लाह डा. आर आर मन्त्रीको सल्लाह दिएको थियो । हामीलाई पनि एक महिना दवाइ खाएर त्यसको प्रतिक बिबरण पाउँन समेत भनेको छ ।

दुईटा डाक्टरको दुई थरी कुराले बिरामीलाई द्धबिदाको पोको उपहार बनेको छ । एउटै प्रकारको डाक्टरी पेशा पनि लोभ लालचले त होला फरक प्रबृत्ति र छुट्टै मनोबृत्ति भएको होला । डाक्टरको ज्ञान र बिबेकलाई अरु कुराले प्रभाबित गर्दा नै बिरामिले जोखिम बेहुर्नु पर्ने र आफन्तजनका लागि अपूरणीय क्षति भएर आघात पर्छ । जीउ धनको क्षती हुन्छ । डाक्टरको ज्ञान र बिबेकमा कही कतैबाट बादल लाग्नु हुन्न । दुनियामा कही कतै प्रभु भए यस प्रकारले डाक्टरलाई लोभले गाज्नु हुन्न । प्रभु रक्षा गरि देउ । कलियुगको मानवीय मुल्यमा वर्वादीको कारणमा डाक्टरको कमिकमजोरी पनि एक बनेको छ । अं यति बेला काठमाण्डौंमा छोरी स्वेतासंग कुरा भयो । किन हो धेरै आत्तिए रे । बाबु आमा बिरामी छन् भन्ने लागेको छ । सुधाम्सु अलि बढि नै आत्तिएको कुरा आयो । हिजो आएको मानिस आजै खबर नपठाउँदा आत्तिइ हाल्नु पर्ने त थिएन । सुघाम्सु बाबु आज अस्पताल नगएको कारण पनि बढि चिन्तीत बनेको होला बिदा भएकाले दिनभरी घरमा बसेको । बाबा मामुको फोन आउने आसमा दिनभरी कुर्नु पर्दा पनि पिर भयो होला । दिन भरी क्याम्पस अस्पताल जान पाएको भए । उतै ब्यस्त रहने थियो । बिदाको दिन भएको पनि अतिनलाई सघाउ पुगेको हुनु पर्छ बेलायतमा पनि कान्छालाई खबर भै सकेको छ । नम्बर पुगे बेलायत र भारतमा फोन खर्च कम हुन्छ रे । वास्तबमा देश परदेश लागेपछि फोन गरेर यहाँ यहाँ पुगियो भनेर जानकारी गराउँन पाउँदा यात्रामा जाने र घरमा बस्ने दुबैलाई खुशी लाग्छ, स्वभाबीक हो । तर सेवा र सहयोग गर्न श्रोत र साधनले पनि अबसर मिलाइदिनु पर्छ । हिजो एयरपोर्ट बाटै धेरै आमा बुवा र आफन्तजनले फोन गरेको देखीयो । तर हामी त दिन भरी ब्यस्त अस्पताल घुम्दै ठिक्क तीन तीन वटा अस्पताल गइयो । किन्न खोज्ने ठाउँमा पनि सिम कार्ड पाइएन ।

*(क्रमश:)*

## डुब्दै...

रकमान्तर गरी ऋृण स्वरुप दिने तयारी भएको अर्थ मन्त्रालय सम्बद्ध उच्च स्रोतले जानकारी दिएको छ । नेपाल एयरलाइन्सले सरकारसँग पुँजी लगानी स्वरुप २० अर्ब माग गरेको थियो। उसले तत्काल पाँच अर्ब र बाँकी १५ अर्ब विस्तारै लगानी गर्न सरकारसँग माग गरेको थियो। सो बारेमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अर्थको राय माग गरेको थियो । अर्थको रायअनुसार पर्यटनले तत्काल पाँच अर्ब दिन नसकिने र त्यो पनि ऋृण स्वरुपमात्र दिनेगरी ३ अर्बसम्म दिनसकिने जानकारी गराएको छ । 'नेपाल एयरलाइन्सको सबै वित्तीय विरण र दायित्व हेर्दा अहिलेलाई ३ अर्ब नगद दिएमा समाधान हुनसक्ने भएको निष्कर्षमा मन्त्रालय पुगेको छ' पर्यटन मन्त्रालय सम्बद्ध स्रोतले भन्यो । नेपाल एयरलाइन्सले ल्याएका वाइडबडी जहाजको किस्ता तिर्नुपर्ने भएपनि ती जहाजले नियमित अधिकतम क्षमता सदुपयोग गर्ननसक्दा व्यापार हुनसकेको छैन। अरबौं ऋृण भार भएका जहाजको व्यापार नहुँदा एयरलाइन्स स्वत: आर्थिक संकटमा पर्दै गएको छ । पछिल्लो समय पुँजी बृद्धिको प्रक्रिया अघि बढे पनि अर्थमन्त्रीले रणनीतिक साझेदार वा कम्पनी मोडलमा गएर सञ्चालन गर्न सुझाव दिँदै आएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीलाई मनाएर पुँजी बृद्धि गराउनतिर निगम नेतृत्व लागे पनि अर्थमन्त्री त्यसमा अझै सहमत भएका छैनन् ।

## औचित्यहीन...

क्रममा उनले वैशाखी समारोह र थिंकट्यांकको कार्यक्रमलाई सम्बोधन गर्ने तालिका रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । भ्रमणले युद्धको चपेटाबाट उठेर भियतनामले कसरी महत्वपूर्ण आर्थिक उपलब्धि हासिल गर्‍यो भन्ने कुरा सिक्न सहयोग पुग्ने परराष्ट्र मन्त्रालयको भनाइ छ । भियतनामका अधिकांश जनता बौद्धमार्गी भएकाले त्यहाँका जनतालाई नेपालमा आकर्षण गर्नका लागि पनि भ्रमणले मद्दत गर्ने विश्वास सरकारले लिएको छ ।

तर नेपालसँग औपचारिक कूटनीतिक सम्बन्ध रहेका भियतनाम र कम्बोडिया भ्रमणबाट नेपालले पाउने भन्ने खासै केही छैन । राज्यकोषको ढुकुटी खर्च गरेर प्रधानमन्त्रीले भ्रमण गरेपछि देशले पाउने फाइदा बारेमा प्रस्ट हुनुपर्ने हो । जनताको करबाट खर्च गरेर भ्रमण गर्दा कूटनीतिक महत्व र प्राथमिकताको विषय नै नहुनु आश्चर्यजनक छ । प्रधानमन्त्रीले भियतनाम र कम्बोडियाप्रति देखाएको यस्तो असाधारण मोह राजनीतिक, आर्थिक र सामरिक औचित्य नभएको कूटनीतिक क्षेत्रका विज्ञहरुले बताएका छन् । बजेट अधिवेशनलाई भन्दा भियतनाम र कम्बोडियाको भ्रमणलाई प्रधानमन्त्रीले महत्व दिएकोमा उनीहरुले आश्चर्य व्यक्त गरेका छन् ।

बजेट अधिवेशनमा आफ्ना सांसदहरुलाई मत अभिव्यक्त गर्न समेत रोक लगाएर प्रधानमन्त्री विदेश भ्रमणमा जानु संसदीय व्यवस्थाको अनुकूल नरहेको कूटनीतिज्ञहरुको भनाइ छ । भियतनामको समृद्धि र विकास बुझ्न सम्बन्धित क्षेत्रका विज्ञहरुलाई पठाए भइहाल्छ नि । उनीहरुको भनाइ छ । प्रधानमन्त्रीले वैशाख ३० देखि अर्को दक्षिणपूर्वी एसियाली राष्ट्र कम्बोडियाको पनि भ्रमण गर्दैछन् । कम्बोडियाली प्रधानमन्त्री हुन सेनको निमन्त्रणामा उनी त्यहाँ जान लागेका हुन् । प्रधानमन्त्री हुनले एसियाली प्यासिफिक सम्मेलनमा भाग लिन नेपाल आएका बेला प्रधानमन्त्री ओलीलाई भ्रमणको निम्तो दिएका थिए ।

कम्बोडियाली प्रधानमन्त्री दक्षिणपूर्वी एसियाली राष्ट्रकै एक खुंखार तानाशाहका रुपमा चिनिन्छन् । कम्बोडियामा लामो समयदेखि हुनले शासन गरिरहेका छन् । देखावटी रुपमा चुनावको नाटक मञ्चन गरिन्छ तर चुनावमा व्यापक धाँधली गरी राज्य सत्ताको दुरुपयोग गर्दै हुनले नतिजा आफ्नो पक्षमा देखाउँदै आएका छन् । इतर विचारका राजनीतिक शक्ति र तिनका नेतामाथि हुनले व्यापक दमन गर्दै आएका छन् । मानव अधिकार उल्लंघनका घटनाका कारण कम्बोडियाको अन्तर्राष्ट्रिय छवि राम्रो छैन । त्यस्तो देशको भ्रमण प्रधानमन्त्रीले गर्नुले अन्तर्राष्ट्रिय स्तरमा राम्रो सन्देश प्रवाह नहुने र यसले कूटनीतिक क्षेत्रमै असर पुर्‍याउन सक्ने विज्ञहरुको विश्लेषण छ ।

## प्रशिक्षण...

प्रशिक्षण दिनु अत्यन्तै राम्रो कार्य भएको महसुस गरेर नै उक्त कार्यक्रमको लागि फाउण्डेसनले सहयोग गरेको बताउनु भयो । कन्सोर्टियम नेपालका उपाध्यक्ष किरण थापा श्रोत व्यक्ति रहेको उक्त प्रशिक्षण पश्चात प्रशिक्षित किशोर किशोरीहरुले भक्तपुर जिल्लाको विभिन्न वडा तथा विद्यालयमा पठाइ त्यहाँ भएका वालक्लवहरुको सशक्तिकरण गर्ने योजना रहेको कुरा आयोजक संस्थाका प्रतिनिधि दिपेश विसुन्खे तथा श्रीकृष्ण थापाले आफ्नो मन्तब्यको क्रममा बताउनु भएको थियो ।

## दलहरुको...

यसै क्रममा एउटा पौराणिक प्रसंग उल्लेख गर्नु यहाँ सान्दर्भिक देखिन्छ । महाभारतको युद्ध मैदानमा आफ्नो रथको पांग्रा भास्सिएपछि कर्ण विचलित भए । यही मौका छोपेर अर्जुनले बाण वर्षाउन थाले । रथको पांग्रा उकास्ने प्रयास गरिरहेका कर्णले हात उठाएर भने -' यस्तो बेलामा प्रहार नगर । यो त धर्मयुद्धको नियम विरुद्ध हुनेछ ।'

कर्णको कुरा सुनेपछि श्रीकृष्णले प्रतिप्रश्न गरे -"पाण्डवहरुलाई लाहाको घर बनाएर जलाउन खोज्दा कहाँ गएको थियो तिम्रो धर्म ? विशाल राजसभामा द्रौपदीलाई दुर्योधनले निर्वस्त्र पार्न खोज्दा किन जागेन तिम्रो धर्म ? धर्मका सारा नियम मिचेर षडयन्त्रमा रमाउँदा कहाँ थियो तिम्रो धर्म ? आज संकटमा परेपछि धर्मको कुरा गर्ने ? धर्म भनेको अवसरपिच्छे फरक हुन्छ र ?"

नेपालका नेताहरु पनि संकट र चुनावका बेला मात्र राष्ट्रियताको दुहाइ दिन्छन् । महाकाली सन्धि लगायतका कैयन् राष्ट्रघाती काम गर्नेहरु घोषणापत्र तथा भाषणमा राष्ट्र, राष्ट्रियता र जनता सम्झिरहेका छन् । जनता नै सर्वोपरी हो भन्ने मान्न उनीहरु तयार छन् भने किन महत्वपूर्ण सवालहरुमा जनतालाई उपेक्षा गरेर आफै फैसला गर्छन् ? राष्ट्रियताका सवालमा माओले आफ्ना कट्टर शत्रु तथा राष्ट्रवादी नेता च्याङ काई सेकसँग कार्यगत एकता गरेका थिए । सन् १९३७ मा जापानले चीनमा हमला गरेपछि राष्ट्रवादी र साम्यवादीहरु मिलेर प्रतिकार गरेका थिए तर त्यो दाउपेच वा रणनीति मात्र दिएन । माओले आफ्ना 'चुनिएका रचनाहरु' अन्तर्गत धेरै ठाउँमा लेखेका छन् -"देशको भाग्य धुलिसात् भइसकेपछि टाउकोमा हात राखेर पछुताउनु व्यर्थ हुन्छ । तसर्थ, सेनालाई सुदृढ र व्यापक बनाउनुपर्छ । जनतामा देशभक्तिको भावना जगाउनुपर्छ । नेतृत्वबर्ग इमान्दार हुनुपर्छ । राष्ट्रवादी शिक्षा लागू गर्नुपर्छ । राष्ट्रवादी शक्तिसँग सहकार्य गर्नुपर्छ । विदेशी हस्तक्षेपको विरोध गर्नुपर्छ ।"

यही नीति अनुसार माओले राष्ट्रवादीसँग सहकार्य गरेर चीनको राष्ट्रियताप्रति इमान्दारी देखाए । तर, आफूलाई 'कम्युनिस्ट' भन्ने नेपालका नेताहरु संशोधनवादी, अवसरवादी र सत्तावादी देखिएका छन् । यदि उनीहरुमा राष्ट्रवादप्रति समर्पण, प्रेम र आस्था भइदिएको भए राष्ट्रवादी शक्तिसँग टाढिएर विदेशी शक्तिको स्तुति गर्ने थिएनन् । राष्ट्रियता भनेको भाषण, लेख, घोषणापत्र, कविता वा भावनामा मात्र केन्द्रीत हुने संवेदनशील विषय होइन । व्यवहारमा यो स्पष्ट हुनुपर्छ । एउटा सानो उदाहरण प्रस्तुत गर्नु यहाँ उपयुक्त हुनेछ ।

मगध साम्राज्यका प्रधानमन्त्री थिए- कुशल राष्ट्रवादी चिन्तक तथा नीतिज्ञ चाणक्य । सम्राट चन्द्र गुप्तका विश्वासपात्र विद्वान भएकाले उनलाई भेट्न देशदेशान्तरका महापुरुष र ज्ञानीजन आइरहन्थे । एकपटक चीनका एक विद्वान चाणक्यलाई भेट्न पाटलीपुत्र गएछन् । साँझमा एउटा सानो झुप्रो (प्रधानमन्त्रीको सरकारी निवास) मा चाणक्य घिउको बत्ती बालेर लेखपढ गरिरहेका थिए । चिनीयाँ विद्वानसँग परिचय भएपछि उनले बत्ती निभाएर अर्कै टुकी बाले ।

आश्चर्य मान्दै चिनियाँले यसको कारण सोधे । चाणक्यले जवाफ दिए -"तपाई आउनु हुँदा म सरकारी बत्ती बालेर सरकारी काम गर्दै थिएँ । अब तपाईसँग मेरो व्यक्तिगत कुराकानी सुरु भयो । त्यसैले मेरो निजी बत्ती बालेको हुँ । चाणक्यको प्रशंसा गर्दै ती विद्वानले भने -"जुन राष्ट्रका प्रधानमन्त्री यति स्वच्छ, इमान्दार, राष्ट्रवादी र सिद्धान्तवादी छन् - त्यो राष्ट्र कति सुखी होला ।"

## ९ महिनामा...

आयात गरिरहेको हुन्छ । पेट्रोलियम आयातमा मुलुकबाट एक खर्ब ८२ अर्ब बाहिरिएको छ । त्यस्तै, एक खर्ब ८ अर्बको फलाम र स्टिल, ९० अर्ब जतिको मेसिनरी, ७० अर्बको सवारीसाधन र ६६ अर्बको विद्युतीय सामग्री आयात भएको छ । निर्यातमा भने पहिलो सूचीमा पामको तेल छ । यस अवधिमा ७ अर्ब ३४ करोड रुपैयाँको पामको तेल निर्यात भएको छ । ७ अर्ब २४ करोडको धागो, ५ अर्ब ७६ करोडको गलैंचा, ५ अर्ब ६८ करोडको चिया तथा कफी र ५ अर्ब जतिको फलाम र स्टिलका सामग्री निर्यात भएको छ ।

यो अवधिमा प्रमुख व्यापार साझेदार भारत र चीनबाट हुने आयातको हिस्सा कुल आयातको क्रमश: ६४.८ र १४.५ प्रतिशत छ भने कुल निकासीमध्ये भारत र अमेरिकाको हिस्सा क्रमश: ६३.४ र ११.४ प्रतिशत छ ।